GBSCCL

# ग्रामीण वाल्मिकी

बचत तथा ऋण सहकारी संस्था लि.

Gramin Balmiki Savings & Credit Cooperative Limited

# ३३औं साधारण सभा

# वार्षिक प्रतिवेदन

## २०८१/८२



ACCESS BRONZE 2019/20

SUCCEED PROBATION 2015-2019

नेपालको सर्वोत्कृष्ट साकोस २०७९

www.gbsccl.coop.np

ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.
Gramin Balmiki Savings & Credit Cooperative Limited
GBSCCL

आफुलाई पाएक पर्ने सेवाकेन्द्रमा गई आजै सेवा सुचारू गर्नुहोस् ।

# GRAMIN BALMIKI MOBILE BANKING




## ग्रामीण बाल्मिकी मोबाइल बैकिंङ सेवा लिनुभयो ?

- ब्यालेन्स हेर्न सकिने
- स्टेटमेन्ट हेर्न सकिने
- बैकं रकमान्तर गर्न सकिने

SCAN TO DOWNLOAD




QR SCAN गर्नुहोस् र
सजिलै नगद भुक्तानी लिनुहोस्




QR SCAN गर्नुहोस् र
सजिलै नगद भुक्तानी गर्नुहोस्




बिल भुक्तानी, इन्टरनेट बिल भुक्तानी
तथा मोबाइल टपअप



ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.
Gramin Balmiki Savings & Credit Cooperative Limited

# विषयसूची


| | |
|---|---|
| नामावली | ३ |
| सूचना | ७ |
| संस्थाको संक्षिप्त परिचय | ९ |
| अध्यक्षको मन्तव्य | ११ |
| स्वागत मन्तव्य | १३ |
| सचिवको प्रतिवेदन | १४ |
| कोषाध्यक्षको प्रतिवेदन | ३६ |
| लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन | ५२ |
| शिक्षा उप-समितिको प्रतिवेदन | ५८ |
| ऋण उप-समितिको प्रतिवेदन | ६० |
| महिला उप-समितिको प्रतिवेदन | ६२ |
| लेखापरिक्षकको प्रतिवेदन | ६३ |
| सदस्यहरूलाई महत्वपूर्ण सूचना | १२३ |
| तुलनात्मक अध्ययन | १२४ |
| विभिन्न उप-समितिहरूको नामावली | १२९ |

## हाम्रो प्रतिवद्धता

यस **ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.** ३१ वर्ष पूरा भई ३२ औं वर्षमा प्रवेश गरेको छ । यस अवधिमा हामीलाई सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी संघ, संस्था, शुभचिन्तक तथा सदस्यज्यूहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । साथै यस संस्थाको संस्थागत विकासका लागि आगामी दिनहरूमा समेत यहाँहरूको निरन्तर माया पाईनै रहने आशाका साथ अझै गुणस्तरीय एवं प्रभावकारी सेवा प्रदान गर्ने हाम्रो प्रतिवद्धता व्यक्त गर्दछौं ।

**अध्यक्ष**
**रविन्द्र विक्रम हमाल**
**ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.**

## व्यवस्थापकको प्रतिवद्धता

ग्रामीण वाल्मिकी साकोस लामो समयको विभिन्न आरोह अवरोहहरू पार गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा समेत पहिचान कायम गर्न सफल भएको छ । नेफ्स्कूनद्वारा हाम्रो संस्थालाई नेपालको सर्वोत्कृष्ट साकोस २०७९ को रूपमा पुरस्कृत गरिनुले हामीलाई गौरवान्वित बनाएको छ । यस संस्थाले राष्ट्रिय रूपमा प्राप्त गरेको विभिन्न सम्मान, पुरस्कार त्यस्तैगरी संस्थालाई नेफ्स्कून र सहकारी विभागद्वारा संयुक्त रूपमा प्रदान गरिएको प्रोवेसन ब्राण्ड, नेफ्स्कूनको प्राविधिक सहयोग रहेको एशियाली ऋण महासंघ (ACCU) द्वारा सञ्चालित एक्सेस कार्यक्रममा सहभागी भई प्राप्त ACCESS BRAND सदस्यहरूले संस्थाप्रति गर्नुभएको अगाध स्नेह, विश्वास र योगदानको परिणाम हो । यस अवधिमा संस्था सदस्यहरूले सुनिश्चित भएर बचत तथा ऋण कारोबार गर्न सक्ने सबल, सुरक्षित र स्वस्थ वित्तीय संस्थाको भरपर्दो विकल्प बन्न सफल भएको छ । संस्थालाई पहिलो रोजाईको संस्था बनाउने प्रयासस्वरूप सदस्यहरूको सन्तुष्टि र गुणस्तरीय सेवा प्रदानलाई प्राथमिकतामा राख्दै सोही अनुरूप व्यवस्थापन प्रणालीलाई विकास गर्दै लगिएको छ । अझै प्रभावकारी व्यवस्थापनको लागि सम्पूर्ण सदस्य तथा शुभचिन्तकहरूमा रचनात्मक सल्लाह सुझाव प्रदान गरी मार्गनिर्देशन गरिदिनुहुन अनुरोध छ । संस्था संचालन प्रक्रियालाई जिवन्त रूप दिन संस्थामा कार्य गर्ने सिँगो व्यवस्थापनको क्षमता चुस्त, दुरूस्त, पारदर्शी, लगनशिल र सिकेका सीपहरूको कार्यान्वयनमा ध्यान दिई उत्पादकत्व वृद्धि गर्न सक्षम हुनुपर्दछ । आजको यो प्रतिस्पर्धात्मक र उत्कृष्टताको समयमा संस्थाको फराकिलो सोचलाई पूरा गर्नको लागि निश्चित रूपमा ग्रामीण वाल्मिकी साकोसको व्यवस्थापन निक्कै नै सक्षम, गतिशिल, प्रभावकारी र आधुनिक हुन जरूरी छ भन्ने कुरामा सचेत रहंदै हामी सम्पूर्ण कर्मचारीहरू सदैव संस्थामा आवद्ध सदस्यहरूको आवश्यकता र सन्तुष्टिमा केन्द्रित भई गुणस्तरीय सेवा सुविधा सहज रूपमा उपलब्ध गराउन प्रतिवद्ध छौं ।

व्यवस्थापक
**अनन्त पाण्डे**

## वर्तमान सञ्चालक समिति



**श्री रविन्द्र विक्रम हमाल**
अध्यक्ष
मो. ९८५७०८०३३५



**श्री लक्ष्मण प्रसाद ज्ञवाली**
उपाध्यक्ष
मो. ९८४७०२६२६७



**श्री राधा ढकाल**
सचिव
मो. ९८५७०८००८६



**श्री कृष्ण प्रसाद गौतम**
सह-सचिव
मो. ९८५७०८००४९



**श्री मुरली कृष्ण खनाल**
कोषाध्यक्ष
मो. ९८४७१३६१५२



**श्री बोध प्रसाद पाण्डे**
सदस्य
मो. ९८६७१७६४०४



**श्री छविलाल तिमिल्सिना**
सदस्य
मो. ९८४७१९२४०६



**श्री मारकन्डे चौधरी**
सदस्य
मो. ९८६७०२२५३५



**श्री सोवीर पुन**
सदस्य
मो. ९८४७०३६६९१



**श्री कमला कंडेल**
सदस्य
मो. ९८४७५३८८५५



**श्री बिमला अधिकारी**
सदस्य
मो. ९८६७९४०१०२



**श्री बसन्ती कुमारी थापा**
सदस्य
मो. ९८६७३८०९२४



**श्री सीता कुमारी बस्याल**
सदस्य
मो. ९८४७५१५३४६

## लेखा सुपरिवेक्षण समिति



**श्री भानुभक्त ढकाल**
संयोजक
मो. ९८५७०८०९००



**श्री राज कुमार बि.क.**
सदस्य
मो. ९८५७०८०३७१



**श्री अमृता ढकाल**
सदस्य
मो. ९८१७५२७७२३

## सल्लाहकारज्यूहरु


श्री बद्रिनाथ खनाल


श्री देवी प्रसाद अधिकारी


श्री बसन्त कुमार रेग्मी


श्री गणेश प्रसाद पोखरेल


श्री कृष्णहरि पौडेल


श्री राम प्रसाद पौडेल


श्री कुलदेव श्रेष्ठ


श्री रामकृष्ण पौडेल


श्री सुरज के.सी.


श्री मन कुमारी गुरूङ

## सेवा केन्द्रस्तरीय सल्लाहकारज्यूहरु

| वाल्मिकी सेवा केन्द्र | | |
|---|---|---|
| श्री ढुण्डीराज पोखरेल | श्री मोतिलाल ढकाल | श्री निमानन्द न्यौपाने |
| श्री शालिकराम घिमिरे | श्री चन्द्रज्योति बस्याल | |
| **बर्दघाट सेवा केन्द्र** | | |
| श्री मञ्जु भट्टराई | श्री कृष्ण प्रसाद न्यौपाने | श्री सीता कामु |
| श्री कृष्ण चन्द्र पौडेल | | |
| **स्वर्णिम सेवा केन्द्र** | | |
| श्री टुक प्रसाद बस्याल | श्री कलाधर पाण्डे | श्री माधवन प्रसाद उपाध्याय |
| श्री बुद्धि प्रसाद भट्टराई | श्री कविता पुरी | |
| **उदय मिरमिरे सेवा केन्द्र** | | |
| श्री गोपाल सिंह आले | श्री सावित्रा भट्टराई | श्री मिन प्रसाद लम्साल |
| श्री शारदा न्यौपाने | श्री विष्णु कुंवर | |
| **दाउन्नेदेवी सेवा केन्द्र** | | |
| श्री गंगाधर जैशी | श्री छविलाल सापकोटा | श्री अम्विकादेवी उपाध्याय |
| श्री विजय गुरूङ | | |

| ऋण उप समिति | | |
|---|---|---|
| श्री कृष्ण प्रसाद गौतम<br>संयोजक | श्री टिकाराम बस्याल<br>सदस्य | श्री केशवराज अधिकारी<br>सदस्य |
| **शिक्षा उप समिति** | | |
| श्री बोध प्रसाद पाण्डे<br>संयोजक | श्री सीता कुमारी बस्याल<br>सदस्य | श्री प्रभा भट्टराई<br>सदस्य |
| **महिला उप समिति** | | |
| श्री बसन्ती कुमारी थापा<br>संयोजक | श्री मिना पौडेल<br>सदस्य | श्री सावित्रा देवकोटा<br>सदस्य |
| श्री यसोदा पाण्डे<br>सदस्य | श्री विन्दु कुमारी अधिकारी<br>सदस्य | |
| **ऋण सदुपयोगिता अध्ययन उप समिति** | | |
| श्री बोध प्रसाद पाण्डे<br>संयोजक | श्री नाथुराम क्षेत्री<br>सदस्य | श्री गोपि भुषाल<br>सदस्य |
| श्री प्रेम कुमार श्रेष्ठ<br>सदस्य | श्री नहिन्द्र बहादुर पाण्डे<br>सदस्य | |
| **एक्सेस कार्यदल** | | |
| श्री कृष्ण प्रसाद गौतम<br>संयोजक | श्री मुरलीकृष्ण खनाल<br>सदस्य | श्री बोध प्रसाद पाण्डे<br>सदस्य |
| श्री भेषराज पौडेल<br>सदस्य | श्री अनन्त पाण्डे<br>सदस्य | श्री सुशिल पौडेल<br>सदस्य |

## सेवा केन्द्र व्यवस्थापन उप समितिहरु

| वाल्मिकी सेवा केन्द्र | | बर्दघाट सेवा केन्द | | स्वार्णिम सेवा केन्द्र | |
|---|---|---|---|---|---|
| संयोजक | श्री लक्ष्मण प्रसाद ज्ञवाली | संयोजक | श्री सोवीर पुन | संयोजक | श्री छबिलाल तिमिल्सिना |
| सदस्य | श्री राम प्रसाद भट्टराई | सदस्य | श्री इन्द्रा पाण्डे | सदस्य | श्री राजन सुवेदी |
| सदस्य | श्री दिनेश भण्डारी | सदस्य | श्री विष्णु ढुङ्गाना | सदस्य | श्री पदमपानी आचार्य |
| सदस्य | श्री शुभाकान्त भुषाल | सदस्य | श्री श्रीधर भट्टराई | सदस्य | श्री गोविन्द लामिछाने |
| सदस्य | श्री कविता कुमारी चौधरी | सदस्य | श्री शारदा पौडेल | सदस्य | श्री कालिका गौतम |

| उदय मिरमिरे सेवा केन्द्र | | दाउन्नेदेवी सेवा केन्द्र | |
|---|---|---|---|
| संयोजक | श्री कमला कण्डेल | संयोजक | श्री विमला अधिकारी |
| सदस्य | श्री प्रेम कुमार श्रेष्ठ | सदस्य | श्री कृष्ण बहादुर कार्की |
| सदस्य | श्री सुक्मिता भट्टराई | सदस्य | श्री लोकनाथ खरेल |
| सदस्य | श्री गंगा कुमारी पौडेल कुंवर | सदस्य | श्री सुमित्रा खनाल पुरी |
| सदस्य | श्री मञ्जु तिमिल्सिना | सदस्य | श्री धनकला गौतम सुवेदी |

## व्यवस्थापन समूह

**अनन्त पाण्डे**
व्यवस्थापक
मो. ९८५७०८०९७१

**सुनयना चौधरी**
ऋण बिभाग प्रमुख
मो. ९८५७०८१९७३

**बिजय कुमार ज्ञवाली**
बित्त तथा प्रशासन प्रमुख
मो. ९८५७०८१९७७

**शुशिल पौडेल**
सदस्य सेवा तथा बचत बिभाग प्रमुख
मो. ९८५७०८१९६९

**सुनिल चौधरी थारू**
वर्दघाट सेवा केन्द्र प्रमुख
मो. ९८५७०८१९७६

**झुमा लामिछाने**
उदय मिरमिरे सेवा केन्द्र प्रमुख
मो. ९८५७०८१९८२

**सुजन गौतम**
वाल्मिकी सेवा केन्द्र प्रमुख
मो. ९८५७०८१९७५

**अजय कुमार हजाम**
स्वर्णिम सेवा केन्द्र प्रमुख
मो. ९८५७०८१९७८

**सम्झना डुम्रे**
वरिष्ठ सहायक

**सकुन्तला क्षेत्री**
वरिष्ठ सहायक

**गणेश अधिकारी**
दाउन्नेदेवी सेवा केन्द्र प्रमुख
मो. ९८५७०८१९७९

**जानुका रिजाल**
सहायक

**सुनीता गैरे पन्थ**
सहायक

**सरिता खरेल**
सहायक

**लक्ष्मी कुमारी सेन**
सहायक

**प्रभा खनाल**
सहायक

**अमिर आर सि**
सहायक

**अस्मिता पाण्डे**
सहायक

**लक्ष्मी कण्डेल**
सहायक

**कमला गिरी**
कार्यालय सहयोगी

**फूलकुमारी महत्तो थारू**
कार्यालय सहयोगी

**रमा अधिकारी तिमसिना**
बजार प्रतीनीधि

**दिना पौडेल**
बजार प्रतीनीधि

**मुन्नी शाही**
बजार प्रतीनीधि

**लोकमाया शर्मा पाठक**
बजार प्रतीनीधि

**कोपिला पौडेल**
बजार प्रतीनीधि

**दिपा क्षेत्री**
बजार प्रतीनीधि

**गंगा बहादुर थापा**
सुरक्षा गार्ड

**धन बहादुर ठाडा**
सुरक्षा गार्ड

**हरि प्रसाद पाण्डे**
सुरक्षा गार्ड

श्री सम्पूर्ण शेयर सदस्य महानुभावहरू,

**विषय : ३२ औं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा ।**

उपरोक्त सम्वन्धमा यस संस्थाको मिति २०८२ भाद्र १३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको ३२ औं वार्षिक साधारण सभा एकाइगत रूपमा देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएकोले उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

## साधारण सभा बस्ने

एकाइ १ : **उदय र मिरमिरे सेवा केन्द्र**
मिति : २०८२ आश्विन २२ गते
बुधबार, बिहान १०:०० बजे
स्थान : उदय मिरमिरे सेवा केन्द्रको प्राङ्गण

एकाइ २ : **स्वर्णिम सेवा केन्द्र**
मिति : २०८२ आश्विन २३ गते
बिहीबार, बिहान १०:०० बजे
स्थान : स्वर्णिम सेवा केन्द्रको प्राङ्गण

एकाइ ३ : **दाउन्नेदेवी सेवा केन्द्र**
मिति : २०८२ आश्विन २४ गते
शुक्रबार, बिहान १०:०० बजे
स्थान : क्षेत्री समाजको हल
बर्दघाट-१६, सूर्यनगर

एकाइ ४ : **बर्दघाट सेवा केन्द्र**
मिति : २०८२ आश्विन २६ गते
आईतबार, बिहान १०:०० बजे
स्थान : दाउन्ने पार्टी प्यालेस,
बर्दघाट-४

एकाइ ५ : **वाल्मिकी सेवा केन्द्र**
मिति : २०८२ आश्विन २७ गते
सोमबार, बिहान १०:०० बजे
स्थान : वाल्मिकी सेवा केन्द्रको प्राङ्गण

एकाइ ६ : **केन्द्रिय कार्यालय**
मिति : २०८२ आश्विन २८ गते
मंगलबार, बिहान १०:०० बजे
स्थान : त्रिनेत्र अध्यात्मिक चिन्तन केन्द्रको प्राङ्गण बर्दघाट ७, जिमिरेभार

**साधारण सभा समक्ष प्रस्तावित छलफलको विषयहरु :**

१. आ.व. २०८१/०८२ को प्रगति प्रतिवेदन तथा आ.व. २०८२/८३ को प्रस्तावित कार्यक्रम छलफल तथा पारित गर्ने ।
२. आ.व. २०८१/०८२ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८२/८३ को प्रस्तावित कार्ययोजना तथा बजेट छलफल तथा पारित गर्ने ।
३. आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
५. लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. विनियम संसोधन/पुनर्लेखन सम्बन्धमा ।
७. नव निर्मित तथा संशोधित आन्तरिक कार्यविधिहरू पारित गर्ने सम्बन्धमा ।
८. निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि तोक्ने सम्बन्धमा ।
९. विविध ।

अध्यक्ष
**रविन्द्र विक्रम हमाल**

## संस्थाको संक्षिप्त परिचय

| | | |
|---|---|---|
| नाम | : | **ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.** |
| ठेगाना | : | वर्दघाट नगरपालिका वडा नं. ७, नवलपरासी (बसुप) |
| स्थापना मिति | : | २०५१/११/०१ |
| संस्था दर्ता नं. | : | १८-०५१/०५२ |
| नेफस्कून सदस्यता नं. | : | ११६-०५१/०५२ |
| प्यान नं. | : | ३०३८०२६९३ |
| सदस्य संख्या | : | १२६३६ जना (महिला : ७२२६, पुरूष : ५४०२ जना र संस्थागत ८) |
| बाल सदस्य संख्या | : | २२९७ जना |
| ऋणी सदस्य संख्या | : | २३८६ जना |
| कार्यक्षेत्र | : | नवलपरासी (बसुप) जिल्ला |
| शेयर पूँजी | : | रू. ८,१६,०६,१००.०० |
| वचत संकलन | : | रू. ९७,२३,९२,२३३.२५ |
| ऋण लगानी | : | रू. ७८,९३,२९,०२१.९६ |
| जगेडा कोष | : | रू. ९,४२,४५,८३७.४३ |
| संस्थागत पूँजी | : | रू. ९,४३,२४,१५५.१६ |

ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. ले अवलम्बन गरेको ध्येय, परिकल्पना एवम् मूल्यमान्यताहरू यसप्रकार रहेका छन् :

## ध्येय (MISSION)

"सहकारी सिद्धान्तहरूमा आधारित प्रविधिमैत्री र सन्तोषजनक वित्तीय सेवा प्रदान गरेर सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनस्तर सुधार ल्याउने ।"
"To improve the economic, social and cultural living standard of members by providing technology-friendly satisfactory services based on cooperative principles."

## परिकल्पना (VISION)

"उत्कृष्ट, मर्यादित र दिगो वित्तीय सहकारी संस्था"
"Excellent, dignified & sustainable financial cooperative society"

## संस्थाका मूख्य मूल्य मान्यताहरु (CORE VALUES)

| | | |
|---|---|---|
| इमान्दारीता | पारदर्शिता | जवाफदेहिता |
| समूह कार्य | ऐक्यवद्धता | समय पालना |
| गोपनियता | प्रतिवद्धता | शून्य सहनशिलता |

## संस्थाका दिर्घकालिन उद्देश्यहरु

**सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि संस्थाको देहायमा उल्लेख भए बमोजिमको उद्देश्यहरु हुनेछन् :**

१. संस्थामा संलग्न सदस्यहरूमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने ।

२. बचत तथा ऋणमा विविधीकरण गर्दै सदस्यहरूलाई सर्वसुलभ एवं प्रभावकारी वित्तीय सेवा प्रदान गर्ने ।

३. सदस्य तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी आधुनिक, प्रतिस्पर्धी र गुणस्तरीय सेवा प्रदान गर्न सक्ने दक्ष जनशक्तिको रूपमा विकास गर्ने ।

४. स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग र प्रवर्द्धनमा जोड दिने ।

५. सदस्यहरूका लागि सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

६. सदस्यहरूको व्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्बी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने ।

७. सदस्यहरूको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरू मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको राष्ट्रिय पूँजीको उपयोग बढाउने ।

८. संस्थागत पूंजी वृद्धि गर्दै संस्थालाई वित्तीय हिसाबले सक्षम संस्थाको रूपमा विकसित गर्ने ।

९. भौतिक पूर्वाधारको विकास र विस्तार एवं आधुनिक प्रविधि तथा उपकरणको प्रयोग गर्दै स्रोत साधनसम्पन्न संस्थाको रूपमा विकसित गर्ने ।

१०. सहकारी शिक्षा, वित्तीय साक्षरता र चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

११. सहकारी अभियानलाई अगाडि बढाउन स्थानीय तथा राष्ट्रिय स्तरमा ऐक्यबद्धता र सहभागीता जनाउने ।

१२. सहकारी सिद्धान्त, मूल्य मान्यता र भावनालाई आत्मसात् गर्दै सदस्यहरूमा एकता र सहयोगी भावनाको विकास गराउन पहल गर्ने ।

१३. बचत र ऋण परिचालनको कार्यलाई छिटो छरितो भरपर्दो बनाउन विभिन्न विधुतीय, गैर विधुतीय उपकरणको प्रयोग गर्ने ।



# अध्यक्षको मन्तव्य ....

सहकारी विकासको अभियानमा अब्वल दर्जामा उभ्याउन सफल आजभन्दा ३ दशक अगाडी स्थापित संस्था आज आएर १२ हजार ६ सय ३६ जना सदस्यहरू र करिब १ अर्ब १७ करोड पूंजी संकलन गरी एक उत्कृष्ट साकोसको रूपमा स्थापित हुन सफल भएका छौं । संस्थाले अनेकौं आरोह अवरोहबाट गुज्रनु परे पनि एकका लागि सबै र सबैका लागि एक भन्ने सहकारीको मुलमन्त्रबाट अलिकति पनि विचलित नभई आफ्ना सदस्यहरूको आवश्यकता र सन्तुष्टिलाई उच्च प्राथमिकतामा राख्दै सहकारी सिद्धान्त, मूल्य, मान्यता ऐन, नियम तथा कार्यविधिको सीमाभित्र रही समय सापेक्ष उत्कृष्ट वित्तीय तथा गैरवित्तीय सेवा प्रदान गर्दै आईरहेको छ ।

संस्थाले आ.व. २०८१/०८२ को प्रगतिको आधारमा निर्माण गरिएको चालु आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट यस साधारण सभा समक्ष पेश गरिएको छ । यस साधारण सभाले पास गरेपश्चात कार्यान्वयनमा आउने नै छ । सहकारी मूल्य,मान्यताको अवलम्बन र असल अभ्यासलाई अनुसरण गर्दै वित्तीय सेवालाई प्रतिस्पर्धी, गुणस्तरीय, लागत प्रभावकारी र आवश्यकतामा आधारित समय सापेक्ष बनाईने छ । संस्थालाई अझै उचाईमा पुर्‍याउनको लागि हालसम्मको सफलतालाई कायम राखी सदस्य सेवामा तीव्रता प्रदान गर्दै हाम्रो परिकल्पना "उत्कृष्ट, मर्यादित र दिगो वित्तीय सहकारी संस्था" लाई प्राप्त गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । संस्थालाई व्यवस्थित रूपमा अगाडी बढाउन नयाँ-नयाँ प्रविधिको प्रयोग, उधमशीलता विकास कार्यक्रम एवं बालबालिका, युवा र महिला केन्द्रित विभिन्न कार्यक्रमहरू तर्जुमा गरिएको छ । साथै संस्थाको चौतर्फी विकासको लागि नीति, विधि र प्रविधिमा जोड दिई जगेडा कोषमा आधारित संस्था बनाउनको लागि अगाडी बढ्ने छौं । सहकारी अभियानलाई समृद्ध सदस्य र सभ्य तथा समुन्नत समाज निर्माणको आधारशिलाको रूपमा स्थापित गर्न निरन्तर प्रयास गरिनेछ । युवा तथा महिलाहरू समक्ष संस्थाको पहुंच पुर्‍याई एकल वा सामूहिक, युवा व्यावसायिक, कृषि तथा पशुपालन, घरेलु, साना तथा मझौला व्यावसायतर्फ अभिप्रेरित गर्दै स्वरोजगार बन्न प्रोत्साहित गरिनेछ ।

मानव जीवन परिवर्तनशील भए जस्तै संस्थाको जीवनमा पनि उतारचढावहरू स्वभाविक रूपमा आउंछ । बाह्य तथा आन्तरिक कारणहरूले गर्दा संस्थाको गतिविधि तथा क्रियाकलापहरूमा प्रत्यक्ष एवं परोक्षरूपमा प्रभाव पारिरहेको हुन्छ । विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ पश्चातको नकारात्मक असर कम हुन नपाउंदै रूस-युक्रेन युद्धले विश्व अर्थतन्त्र हुंदै नेपालको अर्थतन्त्रमा पारेको प्रभाव र अन्य आन्तरिक कारणले गर्दा अर्थतन्त्रमा छाएको मन्दि, कहिले चरम तरलता अभाव त कहिले अधिक तरलताको अवस्था, सदस्य संख्यामा बृद्धि नहुनु, घट्दो ऋण माग, संकुचित आर्थिक गतिविधि, ऋणको ब्याज असुली लक्ष्य अनुसार नहुनु र भाखा नाघेको ऋणमा सुरक्षण छुट्याउंदा लक्ष्य अनुरूपको वचत (Surplus) हुन नसक्नु जस्ता समस्याहरू यस आ.व मा विधमान रहेको छ । जसका कारण यस वर्ष पनि पर्याप्त प्रतिफल सदस्यलाई दिन सकिएको छैन । संस्थामा वर्तमान परिस्थितिमा देखिएको चुनौती भाखा नाघेको ऋण व्यवस्थापन र तरलता व्यवस्थापन रहेको छ । सदस्यहरूसँग नयाँ व्यवसाय सञ्चालनका लागि व्यवसायिक योजना नहुनु र सञ्चालित व्यवसायहरूको पनि माग र स्थायित्व नभएकोले नयाँ लगानी गर्न चुनौती देखिएको अवस्था छ ।

सहकारी भनेको सदस्य केन्द्रीत संस्था/संगठन हो । सन् १८४४ मा बेलायतको म्यान्चेस्टर भन्ने शहरमा एक कपडा बुन्ने कारखानाका श्रमिकहरूले चर्को मूल्य तिरेर पनि कमसल खानाखाजा सामाग्री पाउने अवस्थाको सामाधानको रूपमा Rochdale Equitable Pioneers Society भन्ने २८ जनाको समूहले जुन विकल्पको रूपमा एउटा उपभोक्ता भण्डार वा एउटा पसल खोले र त्यसले ती मजदुरहरूले पर्याप्त सामाधन पाए हो त्यहीबाट संस्थागत सहकारीको आधिकारीक विजारोपण भएको मानिन्छ भने सन् १८६४ मा जर्मनीका F.W. Raiffeisen भन्ने व्यक्तिले साहुमाहाजन (Loan Shark) को चर्को ब्याजदर खप्न नसकी त्यसले विकल्पमा आफ्नै पैसा आफैले निर्णय गरेर सरल ब्याजदरमा सदस्यहरूलाई नै लगानी गर्ने र त्यसको प्रतिफल पनि आफै लिने अभ्यासको शुरूवात गरे त्यही व्यवसाय नै पहिलो बचत ऋण सहकारी हो । सहकारी संस्थाको मेरूदण्ड भनेको सदस्यहरू हुन् । सदस्य छन् त सहकारी सहकारी छ, सदस्य छैनन् त सहकारी पनि छैन । सहकारी संस्था र सदस्यबिचको सम्बन्ध अन्य कुनै पनि संस्थाभन्दा फरक र गहिरो हुन्छ, किनभने सहकारी सदस्यकै स्वामित्व, सहभागिता र नियन्त्रणमा हुन्छ । सहकारी संस्थाको शक्ति र सफलता सदस्यमा नै निहित हुन्छ । सदस्यहरू सचेत, जिम्मेवार र सक्रिय भए मात्र सहकारी सफल र दिगो हुन्छ । सदस्यहरूको सक्रियता र सजगता नै संस्थाको स्थायित्वको आधार स्तम्भ हो । सहकारी संस्था र सदस्यबिचको सम्बन्ध आपसी विश्वासमा टिकेको हुन्छ । सदस्यले संस्थाप्रति विश्वस्त भई पूँजी र समय लगानी गर्ने गर्छन् भने संस्था पनि सदस्यहरूलाई समान रूपले सेवा, सुविधा र अवसर उपलब्ध गराउँछ । यसरी सहकार्य र विश्वास नै सहकारीको स्थायित्व र सफलताको आधार हो । हाम्रो संस्था समुदायमा आधारित सहकारी भएकोले यो समुदायका सदस्यहरूको विश्वासको धरोहर हो । यस संस्थाले सदस्यहरूको अपार माया पाईरहेको छ । अनपेक्षित विषम परिस्थितिमा समेत संस्था प्रतिको दायित्व इमान्दारीपूर्वक पूरा गरी संस्थालाई भरपूर सहयोग गर्ने सम्पूर्ण शेयर सदस्य ज्यूहरू, जिम्मेवारी बोधले निरन्तर क्रियाशील समिति र लक्ष्य नबिर्सी अहोरात्र काममा खटिने लगनशील कर्मचारी लगायत, उप समिति, सल्लाहकार ज्यूहरू, सचेत महिला समूह सम्बद्ध सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा समेत यस्तै साथ र सहयोगको अपेक्षा राखेको छु ।

राज्यले सहकारी क्षेत्रलाई थप व्यवस्थित गर्न लागेको देखिन्छ । सहकारी ऐनमा नै संसोधन गरी बचत तथा ऋणको कारोबार गर्ने सहकारीको लागि छुट्टै निकाय (राष्ट्रिय सहकारी नियमन प्राधिकरण) गठन गरेको छ । नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको निर्देशन तथा मापदण्ड अनुसार हामिले हाम्रो संस्थालाई सञ्चालन गर्नुपर्नेछ । अब पहिलेको भन्दा फरक सोचका साथ फरक ढंगबाट सञ्चालित हुनुपर्ने कुरामा कुनै दुविधा छैन । संयुक्त राष्ट्र संघले निर्धारण गरेको दिगो विकासका लागि लक्ष्य (SDG) लाई आत्मसात गर्दै उपलब्धी हासिलका लागि हाम्रा नीति तथा कार्यक्रम परिलक्षित रहेका छन् । सदस्यहरूको जीवनस्तरको उन्नयन र सेवामा सन्तुष्टि नै संस्थाको लक्ष्य भएकोले सदस्य केन्द्रित कार्यक्रमहरूको पहिचान गरि कार्यान्वयन गरिने छ । संस्थालाई विश्वासिलो र अझ बढी सबल बनाउन हरहमेशा अबलम्वन गरिएको पूंजी बृद्धिको योजनालाई जोड दिंदै आएका छौं भने गुणस्तरीय कार्यक्रममा प्रमाणपत्र प्राप्तिका लागि निरन्तर प्रयास गरिनेछ । नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने अवधारणा आत्मसात् गर्दै असल र व्यवसायिक अभ्यास मार्फत संस्थाको प्रतिष्ठा सधैं उच्च राख्न अधिकतम प्रयत्न गरिनेछ ।

धन्यवाद । जय सहकारी । जय ग्रामीण वाल्मिकी ।

अध्यक्ष
**रविन्द्र विक्रम हमाल**



# स्वागत मन्तव्य

आज हुन गईरहेको ३२ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, संस्थाका सल्लाहकारज्यूहरू, सञ्चालक समितिमा रहनुहुने सम्पूर्ण पदाधिकारी एवं सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, विभिन्न उप समितिहरूमा रहनु हुने संयोजक तथा सदस्यज्यूहरू, संस्थाका शेयर सदस्य महानुभावज्यूहरू, संस्थामा अहोरात्र खटी संस्थालाई सबल रूपमा आजको यस अवस्थासम्म ल्याई पुऱ्याउनु हुने व्यवस्थापक साथै कर्मचारी मित्रहरू सम्पूर्णमा म यस संस्थाको उपाध्यक्षको हैसियतले ग्रामीण वाल्मिकी साकोसको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक आभार सहित स्वागत गर्दछु ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

वि.सं. २०५१ साल फाल्गुन १ गते विजारोपण भई ३० जनाबाट मासिक रू. २० रूपैया बाट शुरू भएको संस्थाको अभियान आज आएर १२ हजार ६ सय ३६ जना सदस्यहरूको साझा थलो बनेको छ । करिब १ अर्ब १७ करोड पूंजी संकलन गरी नेपालको एक उत्कृष्ट साकोसको रूपमा स्थापित हुन सफल भएका छौं । सहकारी सिद्धान्त, मूल्य, मान्यतालाई आत्मसात गरी सहकारी ऐन, नियमावली, नीति, निर्देशनहरूलाई आत्मसात् गर्दै सदस्यहरूलाई सेवा प्रवाह गर्दै आईरहेका छौं । हामिले सहकारीलाई संख्यात्मक रूपमा नभएर गुणात्मक रूपमा अगाडी बढाउनु पर्दछ भन्ने मान्यतालाई आत्मसात गर्दै संस्था एकीकरण को कार्यलाई प्राथमिकतामा राखेका छौं । हाल सम्म मिरमिरे साकोस, स्वर्णिम साकोस, उदय महिला बहुउद्देश्यीय सहकारी संस्था एकीकरण गरि सञ्चालित ग्रामीण साकोस २ वर्ष अघि वाल्मिकी साकोसलाई एकीकरण गरि ग्रामीण वाल्मिकी साकोसको नामबाट सञ्चालनमा आएको हो । संस्थाले केन्द्रीय कार्यालय बर्दघाट ७ र अन्य ५ वटा सेवा केन्द्रहरूबाट एकीकृत सेवा प्रदान गर्दै आईरहेको सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरूलाई अवगत नै छ । जसमा केन्द्रीय कार्यालय, वाल्मिकी सेवा केन्द्र र उदय सेवा केन्द्र आफ्नै भवनमा सञ्चालित रहेको छ भने अन्य सेवा केन्द्रहरू भाडाको घरमा सञ्चालनमा रहेको छ । हामीले हाम्रा सेवाहरूलाई प्रविधिमैत्री बनाउने तर्फ जमर्को गरिरहेका छौं । प्रविधिमा आएको परिवर्तन र विकास सँगै हामीले हाम्रो क्षमताले भ्याएसम्म त्यस्ता प्रविधिहरू अवलम्वन गरी सदस्य सेवामा नविनतम प्रदान गर्ने प्रयास जारी नै रहने कुरा यहाँहरू समक्ष जानकारी गराउन चाहन्छु ।

अन्त्यमा,

यस ग्रामीण वाल्मिकी साकोस लाई आजको अवस्थासम्म ल्याइ पुऱ्याउन श्रम पसिना सिञ्चित गर्नुहुने पूर्व संचालक समिति पदाधिकारी एवं सदस्यज्यूहरू, संस्थाको दिगो विकासका लागि महत्वपूर्ण भूमिका खेल्नुहुने सल्लाहकारज्यूहरू, संस्थाको वित्त व्यवस्थापनमा चुस्त दुरूस्त रहन मार्गनिर्देश गर्ने साथै आन्तरिक लेखापरिक्षणको भूमिका निर्वाह गर्ने लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, संस्थामा अहोरात्र खटिने मेहनती कर्मचारी मित्रहरू उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरू सबैमा विशेष धन्यवाद दिदै संस्थाको स्वागत मन्तब्य यहीँ समाप्त गर्न चाहन्छु ।

स्वागतम् ! स्वागतम् ! ! स्वागतम् ! ! !

धन्यवाद ! जय सहकारी ! जय ग्रामीण वाल्मिकी !

उपाध्यक्ष

**लक्ष्मण प्रसाद ज्ञवाली**



# गत आर्थिक वर्ष २०८१/०८२ को प्रगति विवरण तथा आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम

प्रस्तुतकर्ताः **राधा ढकाल,** सचिव

यस गरिमामय ३२ औं वार्षिक साधारण सभाका अध्यक्ष महोदय, वर्तमान सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, सल्लाहाकारज्यूहरू, संस्थामा कार्यरत कर्मचारी मित्रहरू, विभिन्न उपसमिति संयोजक एवंम सदस्यज्यूहरू,पत्रकार मित्रहरू र उपस्थित सम्पूर्ण सदस्यहरू एवं शुभचिन्तक माहानुभावहरूमा मेरो तथा सञ्चालक समितिको तर्फवाट स्वागत एवं सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

संस्था ३१ वर्षको युवा अवस्थामा पुगेको यो क्षणसम्म आइपुग्दा निकै धेरै उतार, चढाव, बाधा अड्चन पार गर्दै आएको छ । संस्था जम्मनु ठूलो कुरा होइन, यसलाई जोगाएर हुर्काउनु कठिन कुरा रहेछ । संस्था सञ्चालनमा देखा परेका सबैखाले चुनौतिहरू पार गर्दै वर्तमान अवस्थासम्म ल्याई पुऱ्याउन अहोरात्र पसिना बगाउनुहुने संस्थाका निवर्तमान अध्यक्षज्यू एवं पूर्व अध्यक्षज्यूहरू, सञ्चालक मित्रहरू, विभिन्न उप समितिका मित्रहरू, सल्लाहकारज्यूहरू, कर्मचारी साथीहरू र शेयर सदस्य महानुभावहरू सबैप्रति उच्च सम्मान प्रकट गर्दै आभार व्यक्त गर्न चाहन्छु ।

आजको यस ३२ औं बार्षिक साधारण सभामा यस ग्रामीण वाल्मिकी साकोसको सञ्चालक समितिको सचिवको हैसियतले आ.व. २०८१/०८२ को प्रगति विवरण तथा आ.व. २०८२/०८३ को लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउंदा मलाई ज्यादै खुसी लागेको छ ।

समय र परिस्थिति एवं सदस्यको इच्छा र भावनाअनुसार संस्थाले आफ्ना कार्यक्रम र सेवालाई समुदायको हरेक तहसम्म पुऱ्याउने र संलग्न गराउंदै लैजाने उद्देश्य अनुरूप पूंजी परिचालन र सही रूपमा पूंजीको प्रतिफल लगानीकर्तासम्म पुऱ्याउन आकर्षक एवं प्रतिस्पर्धात्मक व्याज प्रदान एवं सुलभ दरमा ऋण सुविधा प्रदान गरी विभिन्न किसिमका बचत तथा ऋणका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

| बचतको शीर्षक | ब्याजदर | ऋणको शीर्षक | ब्याजदर |
|---|---|---|---|
| मासिक बचत | ५% | आयआर्जन | ७% |
| दैनिक बचत | २% | कृषि तथा पशुपालन | ८% |
| बाल बचत | ६% | उधोग व्यवसाय | ८% |
| खुत्रुके बचत | ५% | व्यापार | १०% |
| ऐच्छिक बचत | ३% | आवास तथा घर, जग्गा | १२% |
| रेमिट बचत | ४% | हायर पर्चेज स्वरोजगार | ९% |

| | | | |
|---|---|---|---|
| गरगहना बचत | ४% | हायर पर्चेज निजी सवारी | ११% |
| गृहिणी बचत | ४% | स्वरोजगार ऋण | १२% |
| चाडपर्व बचत | ४% | वैदेशिक रोजगार | १०% |
| जेष्ठ नागरिक बचत | ५% | सेवा व्यवसाय | १०% |
| प्रवर्धन बचत | ४% | शैक्षिक ऋण | १०% |
| विशेष बचत | ५% | सुविधा ऋण | १०% |
| प्रतिफल बचत | ३% | समुह जमानी | १२% |
| आवधिक बचत : १ वर्ष | ४% | व्यवसाय प्रवर्द्धन ऋण | ११% |
| आवधिक बचत : २ वर्ष | ४.५% | व्यवसाय गतिशिल ऋण | १०% |
| आवधिक बचत : ३ वर्ष | ५% | विशेष ऋण | ८% |

यस अवधिमा विभिन्न कार्यहरू सम्पादन गर्नका लागि सञ्चालक समितिको वैठक १५ पटक बसेको कुरा जानकारी गराउन चाहन्छौं । बैठकमा औषत उपस्थिति करिब ९० प्रतिशत रहेको कुरा पनि जानकारी गराउन चाहन्छौं ।

आदरणीय सदस्यज्यूहरू, अब म गत साधारण सभादेखि यस अवधिसम्म सञ्चालक समितिले गरेका केही निर्णयहरू सङ्क्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

- संस्थाको २०८१ साल आश्विन १३ गतेदेखि २१ गतेसम्म आयोजना गरिएको संस्थाको सम्पन्न ३१ औं वार्षिक साधारण सभाको समिक्षा गरियो । साथै सो साधारण सभालाई भव्य एवं सफलतापूर्वक सम्पन्न गर्नको लागि उपस्थिति हुनुहुने प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिहरू, शेयर सदस्य, समिति उपसमितिमा रहनुहुने पदाधिकारीज्यूहरू,पत्रकार र कर्मचारीलगायत सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो ।
- संस्थामा नियमित बचत जम्मा गर्ने तथा नियमित ऋण भुक्तानी एवं सही सदुपयोग गर्ने सदस्यहरूलाई प्रोत्साहन एवं हौसला स्वरूप संस्थाले त्रैमासिक रूपमा सदस्यहरूलाई सम्मान गर्ने नीतिको शुरूवात गर्दै तपशिलका सदस्यहरूलाई सम्मान गर्ने निर्णय गरिएको ।

| केन्द्र | सदस्यको नामथर | सदस्यता नं. | ठेगाना |
|---|---|---|---|
| केन्द्रीय कार्यालय | केम बहादुर हरिजन | १२७३ | बर्दघाट १ |
| वाल्मिकी सेवा केन्द्र | नरसिंह यादव अहिर | ९५७ | प्रतापपुर १ |
| बर्दघाट सेवा केन्द्र | पार्वती चौधरी | ५७७१ | बर्दघाट ४ |
| स्वर्णिम सेवा केन्द्र | कुन्ती कुमारी चौधरी | ८०१ | बर्दघाट १० |
| मिरमिरे सेवा केन्द्र | सपना ढकाल | १३२४ | बर्दघाट १२ |
| उदय सेवा केन्द्र | लेखमाया बस्याल | ९६२ | बर्दघाट १३ |
| दाउन्नेदेवी सेवा केन्द्र | खगिसरा गाहा मगर | १५२ | बर्दघाट १६ |

- जिल्ला सहकारी संघ लि. नवलपरासी (बसुप) द्धारा सञ्चालित चिस्यान केन्द्रमा जिल्ला सहकारी संघको अनुरोध अनुसार संस्थाको शेयर लगानी रू. १० लाख पुऱ्याउन रू. ७ लाख थप गर्ने निर्णय गरिएको ।
- राष्ट्रिय सहकारी बैंक लि. २१ औं वार्षिक साधारण सभा र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को ३३ औं वार्षिक साधारण सभामा संस्थाको प्रतिनिधिका रूपमा संस्थाका अध्यक्ष श्री रविन्द्र विक्रम हमाल ज्यू लाई पठाउने निर्णय गरिएको ।
- उप समितिहरू गठन गर्ने निर्णय गरिएको ।
- धितो लिलाम गर्ने कार्यको शुरूवात गरिएको । जसको लागि तपशिल अनुसारको धितो लिलामी उप समिति गठन गरिएको ।

  संयोजक : श्री कृष्ण प्रसाद गौतम (ऋण उप समिति संयोजक)

  सदस्य : श्री राधा ढकाल (सचिव)

  सदस्य : श्री मुरलीकृष्ण खनाल (कोषाध्यक्ष)

  सदस्य : श्री रामकृष्ण पौडेल (कानुनी सल्लाहकार)

  सदस्य : श्री अनन्त पाण्डे (व्यवस्थापक)
- सेवा केन्द्र स्तरमा सल्लाहकार मनोनयन गर्ने निर्णय गरिएको ।
- जिल्ला सहकारी संघ लि. नवलपरासी (बसुप) को ४३ औं वर्षिक साधरण सभामा संस्थाका अध्यक्ष श्री रविन्द्र विक्रम हमाल ज्यू लाई प्रतिनिधिको रूपमा पठाउने निर्णय गरिएको ।
- लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघ लि. को चौथो वार्षिक साधारण सभाका संस्थाको तर्फबाट कोषाध्यक्ष श्री मुलीकृष्ण खनालज्यू लाई प्रतिनिधिको रूपमा पठाउने निर्णय गरिएको ।
- सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विभिन्न उप समितिहरूको लागि मिति २०८१ पौष १७ गतेदेखि प्रशिक्षण कार्यक्रम आयोजना गर्ने निर्णय गरिएको । प्रशिक्षकको रूपमा श्री केशब प्रसाद पोखरेल ज्यू लाई आमन्त्रण गर्ने निर्णय गरिएको ।
- ग्रामीण वल्मिकी विशेष ऋणलाई परिमार्जन गरी लागू गर्ने निर्णय गरिएको ।
- संस्थाको अर्धवार्षिक व्यवस्थापकीय प्रतिवेदन अनुसार देशको विभिन्न कठिन आर्थिक वातावरणका कारणले लक्ष्य प्राप्ति हुने नदेखिदा विस्तारित समिक्षा बैठक मार्फत आकस्मिक बजेट संसोधन बजेट प्रस्ताव पास गर्ने निर्णयका साथसाथै केही क्षेत्रमा भएका नियमित खर्चलाई अझै मितव्ययी बनाउन अध्ययनका लागि तपशिल अनुसारको कार्यदल गठन गर्ने निर्णय गरिएको ।

  संयोजक : श्री मुरलीकृष्ण खनाल

  सदस्य : श्री कृष्ण प्रसाद गौतम

  सदस्य : श्री बसन्ती कुमारी थापा
- संस्थामा नियमित बचत जम्मा गर्ने तथा नियमित ऋण भुक्तानी एवं सही सदुपयोग गर्ने सदस्यहरूलाई प्रोत्साहन एवं हौसला स्वरूप संस्थाले त्रैमासिक रूपमा सदस्यहरूलाई सम्मान गर्ने नीतिको कार्यान्वयन गर्दै दोस्रो त्रैमासमा तपशिलका सदस्यहरूलाई सम्मान गर्ने निर्णय गरिएको ।

| केन्द्र | सदस्यको नामथर | सदस्यता नं. | ठेगाना |
|---|---|---|---|
| केन्द्रीय कार्यालय | राजपथ थारू | १६४६ | बर्दघाट ६ |
| वाल्मिकी सेवा केन्द्र | सरस्वती थापा | १२४२ | बर्दघाट १५ |
| बर्दघाट सेवा केन्द्र | ज्ञान कुमारी मास्की राना | ५६१ | बर्दघाट ४ |
| स्वर्णिम सेवा केन्द्र | विध्या पौडेल | २०७ | बर्दघाट १० |
| मिरमिरे सेवा केन्द्र | सुनिता थापा | ३५६ | बर्दघाट १३ |
| उदय सेवा केन्द्र | विष्णु कुमारी क्षेत्री | ४११ | बर्दघाट १२ |
| दाउन्नेदेवी सेवा केन्द्र | लक्ष्मी गौतम | ४३८ | बर्दघाट १५ |

- अर्धवार्षिक समिक्षा कार्यक्रम केन्द्रीय कार्यालय बर्दघाट ७ र वाल्मिकी सेवा केन्द्रमा प्रतापपुर २ गरी पौष १२ र १३ गते दुई चरणमा गर्ने निर्णय गरिएको ।
- संस्थाको ३१ औं स्थापना दिवस रक्तदान, बृक्षारोपण र स्टेशनरी लगायतका सामाग्री वितरण गरि मनाउने निर्णय गरिएको ।
- संस्थाका सचिव श्री राधा ढकाल ज्यू, नेपाल सरकार भूमि समस्या समाधान आयोग जिल्ला समिति नवलपरासी (बसुप) को बिज्ञ सदस्यमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरिएको ।
- खर्चलाई कटौती एवं मितव्ययी बनाउने उद्देश्यले उदय सेवा केन्द्र र मिरमिरे सेवा केन्द्रलाई एकीकृत गरी उदय मिरमिरे सेवा केन्द्र कायम गर्ने निर्णय गरियो ।
- संस्थामा नियमित बचत जम्मा गर्ने तथा नियमित ऋण भुक्तानी एवं सही सदुपयोग गर्ने सदस्यहरूलाई प्रोत्साहन एवं हौसला स्वरूप संस्थाले त्रैमासिक रूपमा सदस्यहरूलाई सम्मान गर्ने नीतिको कार्यान्वयन गर्दै तेस्रो त्रैमासमा तपशिलका सदस्यहरूलाई सम्मान गर्ने निर्णय गरिएको ।

| केन्द्र | सदस्यको नामथर | सदस्यता नं. | ठेगाना |
|---|---|---|---|
| केन्द्रीय कार्यालय | तीरथ चौधरी | १११० | बर्दघाट १ |
| वाल्मिकी सेवा केन्द्र | ददिराम पाण्डे | ५८३ | बर्दघाट १३ |
| बर्दघाट सेवा केन्द्र | सुगुन मिया | ११६१ | बर्दघाट ४ |
| स्वर्णिम सेवा केन्द्र | मिना कुमाल | ४०४ | बर्दघाट ११ |
| उदय मिरमिरे सेवा केन्द्र | बालकृष्ण आचार्य | ७५ | बर्दघाट १२ |
| दाउन्नेदेवी सेवा केन्द्र | गिता बि.क. | २९३ | बर्दघाट १६ |

- संस्थाको रणनीतिक व्यवसायिक योजना आ.व. २०८२/०८३ देखि २०८५/०८६ सम्मको लागि मिति २०८२ जेष्ठ ४ गतेदिखि ६ गतेसम्म चौथो रणनीतिक व्यवसायिक योजना निर्माण कार्यशाला आयोजना गर्ने निर्णय गरिएको ।

- संस्थाका कोषाध्यक्ष श्री मुरलीकृष्ण खनालज्यू प्रदेश बचत तथा ऋण सहकारी संघ लि. लुम्बिनी प्रदेशको सदस्य विस्तार उप समिति सदस्य पदमा मनोनयन हुनुभएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गरियो ।
- तपशिल बमोजिमका सदस्यहरूलाई दीर्घरोग राहत सुविधा प्रदान गर्ने निर्णय गरिएको ।

| | |
|---|---|
| १. कालि कुमारी थापा | बर्दघाट १५ |
| २. सरस्वती आचार्य | बर्दघाट ४ |
| ३. खगिसरा भण्डारी | बर्दघाट ४ |
| ४. लक्ष्मीदेवी पोखरेल | बर्दघाट ७ |
| ५. देउ बहादुर फगामी | बर्दघाट ५ |

- धितो लिलामी सम्वन्धमा प्रक्रिया अगाडी बढाई प्रक्रिया पूरा गरिसकेकोमा दाखिल खारेजीको लागि आवश्यक सम्पूर्ण कार्यहरू गर्न संस्थाका अध्यक्ष श्री रविन्द्र विक्रम हमालज्यू लाई अख्तियारी दिने निर्णय गरिएको ।
- मिति २०८२ साल आषाढ २२ गतेका दिन संस्थाका ज्येष्ठ सदस्यहरूको लागि गजेन्द्रमोक्षधाम त्रिवेणीमा तीर्थाटन भ्रमण आयोजना गर्ने निर्णय गरिएको ।
- आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम पास गरि साधारण सभामा पेश गर्ने निर्णय गरिएको ।
- आर्थिक बर्ष २०८२/०८३ को बजेट पास गरि साधारण सभामा पेश गर्ने निर्णय गरिएको ।
- साधारण सभा सम्पन्न नहुंदा सम्म हुने खर्चको लागि अघिल्लो आर्थिक वर्षको कुल वास्तविक खर्चको एक तिहाई पेश्की बजेटको रूपमा खर्च गर्ने निर्णय गरियो ।
- आर्थिक बर्षमा खर्च नभएको वा खर्च भई बाकी रहेको कोषहरूको रकम जगेडा कोषमा सार्ने निर्णय गरिएको ।

# प्रगति समीक्षा

आदरणीय शेयर सदस्यज्यूहरू, अब म गत आर्थिक वर्ष २०८१/०८२ मा प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमतर्फ के-कति उपलब्धीहरू हासिल भए भन्ने बारेमा प्रगति समीक्षा यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## नियमित कार्यसम्पादन

यस संस्थाको यस अवधिमा गत वर्षको साधारण सभाले निर्देशन गरेको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा १५ पटक सञ्चालक समितिको बैठक सम्पन्न भएको साथै सोही अवधिमा लेखा तथा सुपरिवेक्षण समिति, अन्य उप-समिति र कर्मचारीसंग पनि पटक-पटक बैठकहरू औपचारिक तथा अनौपचारीक रूपमा सम्पन्न भएका छन् ।

## सदस्यता

अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त एवं सहकारी ऐनको परिधिभित्र रहेर यस वर्षभरि नै सदस्यता खुल्ला राखिएको जसको फलस्वरूप सदस्यता वृद्धि भई आ.व. २०८१/०८२ को वर्षान्तसम्म जम्मा १२,६३६ जना कुल शेयर सदस्य संख्या पुगिसकेको छ ।

## बचत संकलन तथा ऋण परिचालन

- संस्थाले सञ्चालन गरेको विभिन्न बचत कार्यक्रमहरूमा सदस्यज्यूहरूको सहभागिताका कारण यस अवधिमा बचत संकलन ९७ करोड २३ लाख ९२ हजार २ सय ३३ रूपैंया २५ पैसा रहेको छ । जुन रकम गत वर्षको तुलनामा ०.०१% ले कमि भएको छ ।
- संस्थाले यस आ.व.मा जम्मा ७८ करोड ९३ लाख २९ हजार २१ रूपैंया ९६ पैसा ऋण लगानी गरेको छ । जुन रकम गत वर्षको तुलनामा ७.७८ % ले कमी भएको छ । लगानीका क्रममा ऋण लगानी गर्नु पूर्व उच्च सावधानी र सुरक्षणमा विशेष जोड दिइएको छ ।

## एकीकृत एवं सामाजिक क्रियाकलाप

- रेडक्रस परासीको प्राविधिक सहयोगमा ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा केन्द्रीय कार्यालय जिमिरेभारमा रक्तदान कार्यक्रम सम्पन्न गरियो ।
- संस्थाको स्थापना दिवसको अवसरमा वृक्षारोपण र गरिब जेहेन्दार विधार्थीहरूको लागि स्टेशनरी लगायतका समाग्री वितरण गर्ने कार्यक्रम सम्पन्न गरिएको छ ।

## कार्यसम्पादन विधि

- सञ्चालक समितिको हरेक महिना बस्ने नियमित वैठकमा व्यवस्थापनको तर्फबाट अघिल्लो मसान्तसम्मको PEARLS विश्लेषण, Aging Loan Reports, वासलात र नाफा नोक्सान को विवरणसहितको प्रतिवेदन सञ्चालक समितिसमक्ष प्रस्तुत गर्ने गरिन्छ भने सोही प्रतिवेदनका आधारमा व्यवस्थापनलाई आवश्यक सुझाव तथा निर्देशन दिने गरिएको छ ।
- सेवा केन्द्र स्तरमा हुने कार्यक्रमको लागि सेवा केन्द्र व्यवस्थापन उप समितिको निर्णय र सल्लाहका आधारमा मात्र कार्य सम्पादन गर्ने परिपाटी रहेको छ । निर्णय प्रक्रिया शुरूदेखि अन्त्यसम्म विभिन्न तहमा सबै समिति तथा उप-समितिहरू संलग्न हुने प्रक्रिया अवलम्बन गरिएको छ ।
- कार्य सम्पादनलाई थप व्यवस्थित, चुस्त दुरूस्त गराउने क्रममा वार्षिक वित्तीय उपलब्धिको लागि व्यवस्थापनलाई लक्ष्य किटान गर्ने र सोही अनुसार विभागीय प्रमुख एवं सेवा केन्द्रहरूलाई पनि उच्च व्यवस्थापनबाट लक्ष्य किटान गर्ने, मासिक रूपमा उच्च व्यवस्थापनलाई प्रगति विवरण प्रस्तुत गर्ने र उपलब्धिको बारेमा समिक्षा गर्ने तथा रणनीति बनाई कार्य गर्ने गरिएको छ ।

## सामाजिक सुरक्षा

- संस्थाका शेयर सदस्यको मृत्यु भएमा सम्बन्धित परिवारलाई सहयोग स्वरूप किरिया खर्च वापत उपलब्ध गराउंदै आएको रकम यस अवधिमा ९ जना शेयर सदस्यका परिवारलाई यो रकम सदस्यको मृत्यु भएको मितिले १३ दिनभित्र घरमा नै पुगी प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| १. पार्वती कुमारी चौधरी | २. पबित्रा सापकोटा | ३. घिसियान कहर |
| ४. सरस्वती तिवारी | ५. गंगा देवी चौधरी | ६. थानेश्वर पाण्डे |
| ७. शान्ती थरूनी | ८. पबित्रा देवी नेपाली | ९. धनन्जय ज्ञवाली |

- गत साधारण सभाले पास गरेको सदस्य दीर्घरोग राहत कार्यक्रम अन्तर्गत यस वर्ष ५ जना सदस्यहरूलाई यो राहत रकम (रू. ५०,०००/-) सदस्यको घरमा नै पुगी प्रदान गरिएको छ ।

| | |
|---|---|
| १. कालि कुमारी थापा | बर्दघाट १५ |
| २. सरस्वती आचार्य | बर्दघाट ४ |
| ३. खगिसरा भण्डारी | बर्दघाट ४ |
| ४. लक्ष्मीदेवी पोखरेल | बर्दघाट ७ |
| ५. देउ बहादुर फगामी | बर्दघाट ५ |

- त्यस्तैगरि संस्थाको महिला उप समितिको संयोजनमा सचेत महिला समूहबाट संस्थाको महिला शेयर सदस्य सुत्केरी भएको अवस्थामा सुत्केरी भेटघाट गर्ने गरिएको छ ।

## निरन्तर शिक्षा एवम् सचेतना

- संस्थागत गतिविधीका बारेमा जानकारी गराउने उद्देश्यले शिक्षा उप समितिको अगुवाईमा कार्यक्षेत्र भित्र ३६९ जना शेयर सदस्यहरूलाई सहकारी शिक्षा एवं वित्तीय साक्षरता प्रदान गरिनुका साथसाथै प्रविधि साक्षरताको कार्यक्रम पनि सञ्चालन गरियो ।
- यसै गरी सदस्यहरूलाई विभिन्न माध्यमबाट संस्थागत जानकारी मार्फत सुसूचित गराउने क्रममा इन्टरनेट मार्फत संस्थाको छुट्टै वेभसाईट, Facebook साइटमा संस्थाको स्थायी स्तम्भको व्यवस्था गरी संस्थागत सूचना सदस्यसम्म पुऱ्याउने प्रयासलाई निरन्तरता दिईएको छ ।
- अनौपचारिक शिक्षा कार्यक्रमलाई वित्तीय साक्षरता तथा प्रविधि साक्षरतासँग अन्तरनिहित बनाई अगाडि बढाउने कार्यको थालनी गरिएको छ ।

## सहकारी ऐन र नियमन

- सहकारी नीति अनुसार रू.१० लाख भन्दा माथिको ऋण लगानी गर्दा संस्थागत धितो मूल्यांकनकर्ताद्धारा गर्ने गरिएको छ । संस्थागत धितो मूल्यांकनकर्ता छनौट गर्दा पारदर्शी ढङ्गबाट प्रक्रियागत तवरले गरिएको छ । हाल संस्थागत धितो मूल्यांकन एन एस इन्जिनियरिङ्ग बर्दघाट ४, मेटिटो कन्सलटेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. बर्दघाट २ र तिरूपति मल्टिकन्सल्ट इन्जिनियरिङ्ग बर्दघाट १४ बाट गर्ने गरिएको छ ।
- नियामक निकाय मार्फत समय समयमा संस्थाको स्थलगत तथा गैर स्थलगत निरीक्षणको क्रममा दिइएका सुझावहरूलाई सहकारीको मर्म र भावना अनुसार परिमार्जन तथा सुधार गरिएको छ भने नियमित रूपमा सम्वन्धित ठाउँमा विवरण पेस गर्ने गरिएको छ ।

## कार्यालय व्यवस्थापन

- सदस्यका सकारात्मक सुझाव एवं सल्लाहहरू संस्थाको लागि अमूल्य सम्पत्ति हुन् भन्ने संस्थागत बुझाईका साथ सुझाव एवं सल्लाह तथा गुनासोलाई प्रत्यक्षरूपमा छिटो छरितो तवरले सम्बोधन गर्ने गरी संस्थामा सुझाव पुस्तिका र सुझाव पेटिका राखिएको र त्यहाँ व्यक्त भएका भावनालाई सञ्चालक समितिको बैठकमा सुरू प्रवेश गराई तुरून्त सम्बोधन गर्ने गरिएको छ ।

- यसै गरी संस्थाबाट प्रदान गरिने सेवाहरूलाई सदस्यसम्म सर्वसुलभ रूपमा सहज तवरले पुऱ्याउने कार्य अनुरूप कार्यालयमा सदस्यको उपस्थितिलाई सजिलो बनाउने क्रममा मौजुदा कार्यालयको व्यवस्थापन गर्दै लगिएको छ ।
- आवश्यकता अनुसार कार्यालयलाई छिटो,छरितो,भरपर्दो र गुणस्तरीय वनाउन आवश्यक समाग्रीहरू सफ्टवेयर सहितको कम्प्यूटर, फोटोकपी मेशीन, प्रिन्टर, क्यामरा, ब्याकअप हार्ड डिक्स, प्रोजेक्टर आदिको व्यवस्था गरिएको छ ।
- संस्थाले वर्दाघाट-७ जिमिरेभार स्थित केन्द्रीय कार्यालय आफ्नै सुविधा सम्पन्न भवन र सेवा केन्द्रहरू : वाल्मिकी सेवा केन्द्र प्रतापपुर-२, गोपिगञ्ज आफ्नै सुविधा सम्पन्न भवन, वर्दघाट सेवा केन्द्र, वर्दघाट-४ भाडाको भवन, स्वर्णिम सेवा केन्द्र वर्दघाट-९ भाडाको भवन, दाउन्नेदेवी सेवा केन्द्र बर्दघाट-१६ भाडाको भवन र उदय मिरमिरे सेवा केन्द्र बर्दघाट-१३ आफ्नै भवन गरी ६ ठाउंबाट सदस्यहरूलाई सेवा प्रदान गर्दै आईरहेको छ ।

## पुरस्कार तथा प्रोत्साहन

- लामो इतिहास बोकेको नेपालको सहकारी अभियानले २०४७ सालको राजनैतिक परिवर्तन र सहकारी ऐनको जारीपछि गति लिएको देखिन्छ । सङ्ख्यात्मक रूपमा सहकारीको विकास भए पनि गुणात्मक विकास, प्रभावकारी सेवा,पारदर्शी व्यवस्थापन र दरिलो वित्तीय संरचनाका बारेमा भने धेरै प्रश्न उठ्ने गर्दछन् । यी र यस्तै विविध सरोकारवाला पक्ष सकारात्मक भएका कारण संस्थाले विभिन्न समयमा देहाय बमोजिमको पुरस्कार तथा सम्मान प्राप्त गर्न सफल भएको छ ।

| क्र.सं. | पुरस्कार तथा सम्मान | प्रदान गर्ने निकाय |
|---|---|---|
| १. | नेपालको सर्वोत्कृष्ट साकोस २०७९ | नेफस्कून |
| २. | प्रदेश नं. ५ को उत्कृष्ट साकोस २०७४ | नेफस्कून |
| ३. | प्रदेश नं. ५ को उत्कृष्ट सहकारी २०७५ | राष्ट्रिय सहकारी बैंक |
| ४. | उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७१ | राष्ट्रिय सहकारी संघ लि. नेपाल |
| ५. | उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७१ | जिल्ला सहकारी संघ लि. नवलपरासी |
| ६. | लुम्बिनी प्रदेश उत्कृष्ट व्यवस्थापक २०७८ | नेफस्कून |

- यसै गरी हाम्रो संस्था नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (NEFSCUN) द्वारा सञ्चालित पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (Probation) मा सफल भई राष्ट्रिय स्तरको सहकारी ब्राण्ड (Probation Brand) प्राप्त गर्न र त्यस्तैगरि नेफस्कूनको प्राविधिक सहयोग र एशियाली ऋण माहासंघ (ACCU) द्धारासञ्चालित एक्सेस व्राण्ड प्राप्त गर्न सफल भै सकेको छ । यस ब्राण्ड अन्तर्गत अक्कु र नेफस्कूनले विभिन्न सूचकहरूको आधारमा संस्थाको सेवा तथा सुरक्षाको मापन गर्दै आएको थियो । यी सूचकहरूको बारेमा अक्कु र नेफस्कूनका प्रतिनिधीहरू स्वयम् उपस्थित भएर संस्थाको अन्तिम लेखा परीक्षण गरिएको थियो ।

## प्रकाशन

- संस्थाका विभिन्न सेवा सुविधा एवं कार्यक्रमहरूको बारेमा विस्तृत जानकारी दिने उद्देश्यले संक्षिप्त चिनारी, भित्ते पात्रो, टेबल क्यालेण्डर प्रकाशन गरिएको छ ।
- सदस्यहरूमाझ बचत र ऋणका सेवाहरूको ब्याजदर, ऋण लगानी प्रक्रिया, सदस्य प्राप्त गर्ने प्रक्रिया आदिको बारेमा जानकारी प्राप्त गर्न कार्यालयमा फ्लेक्स सूचना प्रणाली निर्माण गरि राखिएको छ ।
- संस्थाको पहिचान सहितको टि-सर्ट,डायरी,झोला जस्ता प्रवर्धनात्मक सामाग्रीको प्रकाशन गरिएको छ ।

## सम्भाव्य लगानीका अवसर

सदस्यहरूको आय वृद्धिका लागी विभिन्न किसिमका नयाँ-नयाँ लगानीका सम्भावना एवं सीपहरूको खोजी गर्ने क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म यस वर्ष सम्पर्क र समन्वय विस्तार गरिएको छ । देश भित्रका यस प्रकारका सेवा प्रदायकहरूसँग पनि निरन्तर नजिकमा रही औपचारिक तथा अनौपचारिक रूपमा छलफल अघि बढिरहेको छ । निकट भविष्यमा नै यस प्रकारको कार्यको प्रगति सदस्यसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौँ ।

## आन्तरिक क्षमता विकास र व्यवस्थापन

- संस्थामा प्रत्यक्ष रूपमा संलग्न जनशक्तिको क्षमता विकास गर्दै लैजाने क्रममा सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, ऋण उप-समिति एवं कर्मचारीहरूका लागी आवश्यक तालिम प्रदान गर्दै लगिएको छ । यस वर्ष प्रदान गरिएको तालिमहरू :

### कर्मचारी

| क्र. सं. | नामथर | पद | तालिमको नाम | तालिम लिएको मिति | तालिम प्रदान गर्ने निकाय/संस्था |
|---|---|---|---|---|---|
| १. | विजय कुमार ज्ञवाली | स. अधिकृत | कोपोमिस आधारभुत तालिम | २०८१ चैत्र ३० देखि ३१ सम्म | सहकारी विभाग लुम्बिनी प्रदेश |
| २. | सुनिल चौधरी थारू | व. सहायक | ऋण व्यवस्थापन तालिम | २०८१ फाल्गुन २० देखि २१ सम्म | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) |
| ३. | सुजन गौतम | व. सहायक | ऋण व्यवस्थापन तालिम | २०८१ फाल्गुन २० देखि २१ सम्म | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) |
| ४. | अमिर आर.सी | सहायक | कोपोमिस आधारभुत तालिम | २०८१ चैत्र ३० देखि ३१ सम्म | सहकारी विभाग लुम्विनी प्रदेश |

- संस्थाको मौजुदा व्यवस्थापकीय संरचनामा समयानुकुल परिवर्तन गरिएको छ । संस्थामा सदस्य सेवा विभाग, बचत विभाग, ऋण विभाग र आर्थिक प्रशासन विभाग गरी ४ वटा छुट्टाछुट्टै विभागको विकास गरिएको छ । व्यवस्थापनको नियमित वैठक तथा समिक्षा, आवधिका स्वमूल्याङ्कन, व्यवसायको लक्ष्य र उपलब्धिको समिक्षा गर्ने गरिएको छ भने नियमित कर्मचारीको कार्यविवरणलाई अधावधिक गरिएको छ । व्यवस्थापकीय सूचना प्रणालीको मजबुत रूपमा विकास गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संस्था प्रतिबद्ध रहेको छ ।
- संस्थाका सम्पूर्ण कर्मचारीहरूलाई वित्तीय विश्लेषण तालिम प्रदान गरिएको छ ।
- सञ्चालक समिति, उपसमितिहरूको लागि क्षमता विकास तालिम सञ्चालन गरिएको छ ।
- संस्थालाई नीति, विधि र प्रविधिमार्फत सञ्चालन गर्नुपर्दछ भन्ने मान्यता अनुसार नयाँ नयाँ प्रविधिको प्रयोग मार्फत सेवालाई आधुनिकीकरण गर्दै लगिएको छ भने हाल संस्थामा १९ वटा आन्तरिक कार्यविधिहरू रहेको र ती कार्यविधिमार्फत संस्था सञ्चालनमा रहेको छ ।

## कर्मचारी परिचालन

- वार्षिक लक्ष्य अनुसार सेवाकेन्द्रको व्यवसाय र सम्भाव्य बजार तथा क्षमताको आधारमा कार्यालयको न्यूनतम दिगोपनालाई मध्यनजर गर्दै आवधिक लक्ष्य प्रदान गरिएको र आवधिक रूपमा नै लक्ष्य प्राप्तिको नियमित प्रगति समीक्षा गर्ने गरिएको छ,
- प्रत्येक कर्मचारीलाई कार्य विवरण (Job description) अनुसार लक्ष्य निर्धारण गरी जिम्मेवारी दिने गरिएको छ,
- लक्ष्य अनुसारको उपलब्धि प्राप्त गर्न प्रभावकारी कार्यान्वयनको लागि विभागहरूलाई जिम्मेवारी र जवाफदेही बनाईएको छ,
- नियमित रूपमा कर्मचारीको कार्य सम्पादन मूल्यांकनका आधारमा बढुवा, सरूवा तथा जिम्मेवारी हेरफेर (Job Rotation) गरी परिचालन गर्ने व्यवस्था गरिएको छ,
- विभागीय प्रमुख एवं सेवा केन्द्र प्रमुखहरूले नियमित रूपमा कार्य प्रगतिको प्रतिवेदन प्रस्तुत गर्ने गरिएको छ,
- कर्मचारीको सन्तुष्टि मापन गर्ने परिपाटिको विकास गरिएको छ,
- कर्मचारीको लागि संस्थाद्धारा जारी गरिएको आचारसंहिताको पूर्ण पालना भएको छ ।

## रकम रकमान्तर सेवा (मनी ट्रान्सफर)

रोजगारीको सिलसिलामा देशबाहिर जाने सदस्यले पठाउनु भएको रकमलाई संस्थामार्फत आफ्नै घर दैलोमा प्राप्त गर्ने व्यवस्था मिलाउन Money Transfer निकायहरूसँग आवश्यक समन्वय गरी सेवालाई थप विस्तार गरिएको छ, देशभित्र पनि रकम पठाउने तथा पाउने व्यवस्थालाई व्यापक र व्यवस्थितगर्दै सेवाको प्रभाव क्षेत्र बढाइएको छ ।

## पूँजी वृद्धि

सहकारी संस्थाको मेरूदण्ड भनेको त्यस संस्थाको पूँजी संरचना हो । सानो रकमबाट सहकारी अभियान सुरू गरिएको हाम्रो संस्थाको विगतको इतिहास रहेको छ । तर कारोबार सञ्चालनमा हुँदै गएको वृद्धिले पूँजी कोष वृद्धिमा पनि अहम् भूमिका राख्दछ । संस्थाले हर हमेसा अवलम्बन गर्दै आएको पर्ल्स (PEARLS) को न्यूनतम मापदण्ड अनुसार र हालै मात्र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्डअनुसार न्यूनतम पूँजी प्रयाप्तता संस्थाको कूल पूँजी वृद्धिको अनुपातमा पूँजीको अनुपात पनि मिलेर अगाडि जानुपर्ने र यसलाई निरन्तरता दिनुपर्ने हुंदा संस्थाको मेरूदण्डको रूपमा रहेको संस्थागत पूंजी वृद्धिका लागि विशेष जोड दिईएको छ । यस वर्ष संस्थाको कुल सम्पत्तिको अनुपातमा संस्थागत पूंजी ८.१ प्रतिशत रहेको छ ।

## आधारभूत भुक्तानी सेवा

सदस्यको आधुनिक प्रविधियुक्त सेवालाई सर्वसुलभ तरिकाले घरदैलोमा नै पुर्‍याउने संस्थाको प्रतिवद्धता अनुसार विधुत बिल भुक्तानी, पानी महसुल, प्रिपेड,पोष्टपेड,ल्याण्डलाइन टेलिफोन, ADSL को रिचार्ज लगायत उपभोग्य सेवाको भुक्तानी संस्था मार्फत गराउने व्यवस्थालाई अझ व्यापक र व्यवस्थित बनाउँदै लगिएको छ ।

## सदस्य सर्वेक्षण

संस्थाले सञ्चालनमा ल्याएका सेवाहरूको गुणस्तर, सदस्य सन्तुष्टि एवं प्रभावकारिता तथा आगामी दिनमा संस्थाले सञ्चालनमा ल्याउने कार्यक्रम तथा सेवाहरूलाई पूर्ण रूपमा सदस्यले स्वामित्व ग्रहण गर्न सकून् भन्ने उद्देश्यले

सदस्यमा सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको क्रममा सदस्यहरूबाट प्राप्त भएका सुझावलाई नीतिगत तह र व्यवस्थापन तहसँग सम्बन्धित गरी सम्वोधन गरिएको छ ।

## नयाँ प्रविधियुक्त सेवा

- नयाँनयाँ प्रविधि र उपकरणको प्रयोग गरि सदस्यहरूलाई प्रभावकारी र प्रविधियुक्त आधुनिक सेवा दिने उद्देश्यले बैङ्किङ्ग सफ्टवेयर जडान गरी सञ्चालनमा ल्याएको छ  भने ग्रामीण वाल्मिकी एसएमएस सेवा (Gramin Balmiki SMS Service) र ग्रामीण वाल्मिकी स्मार्ट एप्स पनि सञ्चालनमा ल्याई सदस्यहरूले घरमै बसी आफ्नो मोबाइलबाट एसएमएसमार्फत आफ्नो खातामा रहेको रकमको जानकारी, खाताको संक्षिप्त विवरण, रकम जम्मा गरेको तथा निकालेको जानकारी, चेकबुक अनुरोध, मोबाइल रिचार्ज, टेलिफोन तथा एडिएसएल बिल भुक्तानी, विजुली बिल महशुल जस्ता सेवाहरू पनि घरमै बसीबसी लिन सकिने व्यवस्था मिलाईएको छ ।
- डिजिटल पासबुकको शुरूवात गरिएको छ जसबाट सम्पूर्ण खाताको विवरण प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको छ ।
- संस्थाको Gramin Balmiki Smart Banking Apps बाट नेपाल भित्रका जुनसुकै बैंकको खातामा सजिलै रकम Transfer गर्न सकिने सुविधाको पनि सुभारम्भ भैसकेको छ ।
- QR भुक्तानी सेवा र बिना चेक QR Withdrawal सुविधाको शुभारम्भ भैसकेको छ ।
- व्यवसायी सदस्यहरूको लागि आफूले उत्पादन गरेको उत्पादित वस्तुहरू मोबाइल एपमा सूचिकृत गरी अनलाईन बिक्री गर्न सकिने व्यवस्था मिलाईएको छ ।

## कर्मचारी व्यवस्थापन तथा विकास

कुनै पनि संस्थाको विकासमा त्यस संस्थाको जनशक्तिको धेरै ठुलो योगदान रहने गर्दछ तसर्थ संस्थाको दीर्घकालीन विकास तथा सफलताको लागि कुशल कर्मचारी व्यवस्थापन अपरिहार्य रहन्छ । बढ्दो प्रतिस्पर्धात्मक वातावरणमा संस्थाको अग्रता कायम राख्नको निमित्त निरन्तर रूपमा कर्मचारीको सीप अभिवृद्धि गर्न तथा उहाँहरूको मनोबल उच्च राख्न आवश्यक भएको हुनाले विभिन्न तालिम तथा अन्य व्यावसायिक विकासका कार्यक्रम सञ्चालन गर्न संस्था प्रयत्नशील रहेको छ । २०८० साल आषाढ मसान्तसम्म संस्थाको व्यवस्थापन स्तरमा ३० जना कर्मचारी कार्यरत रहनुभएको छ ।

## स्वमूल्याङ्कन

विगत ११ वर्षदेखि सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति र कर्मचारीहरूको नीतिगत रूपमा व्यवस्था गरी स्वमूल्याङ्कनको कार्य सुरूवात गरिएको छ ।

## संस्थागत सुशासन

संस्थाले सहकारी ऐन, नियमावली तथा सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण एवं नेपाल राष्ट्र बैंकको संस्थागत सुशासनसम्बन्धी व्यवस्थाको भावना र मर्म बमोजिम निर्देशनको पालना गर्दै आएको छ । आन्तरिक तथा बाह्य लेखा परीक्षक तथा नियमनकारी निकायहरूले औंल्याएका कैफियत एवं सुझावहरूमाथि गम्भीरतापूर्वक छलफल गर्ने र सुधारका लागी व्यवस्थापनलाई निर्देशन दिने कार्यमा प्रभावकारी भूमिका खेल्दै आईरहेको छ । ऐन,नियम एवं

निर्देशनअनुसार विभिन्न नियमनकारी निकायहरूमा पठाउनु पर्ने प्रतिवेदन, सूचना, जानकारीहरू यथासमयमा पठाउने गरेका छौं । संस्थालाई अझ बढी व्यवस्थित गर्न सुशासन नीति नै तयार गरी कार्यान्वयनमा ल्याएका छौं । संस्थाको नियमित कार्य सञ्चालनलाई पनि नीति, कार्यविधी, कार्यविवरण मार्फत निर्देशित गर्ने अभ्यासलाई जारी राखिएको छ ।

# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

यस ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. विगत लामो समय देखि PROBATION (पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रममा) र एसियाली स्तरको एक्सेस (उत्कृष्ट सेवा तथा सुरक्षाको लागि सर्वोत्तम छनौट) व्राण्ड कार्यक्रममा सहभागी भई व्राण्ड प्राप्त गर्न सफल भएको, रणनीतिक व्यवसायिक योजनाको पहिलो वर्षमा र समय समयमा सल्लाहकार, सञ्चालक समिति, उप समिति र सदस्यहरूसंग गरिएको अन्तरक्रिया, सुझाव पेटिका र सुझाव पुस्तिकामा व्यक्त गरिएका अभिव्यक्ति एवं सदस्य सर्वेक्षणको एकीकृत प्रतिवेदनको पृष्ठभूमिमा संस्थाको वार्षिक नीति तथा कार्यक्रम परिलक्षित रहेको छ । सहकारी ऐन र नियमावली, नेपाल राष्ट्र बैंकको निर्देशन तथा मापदण्ड, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड, संस्थाको विनियम एवं नीतिनियम तथा कार्यविधीहरू र सञ्चालक समितिका निर्णयहरू प्रमुख रूपमा प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमका लागी सन्दर्भसामग्रीका रूपमा आधार मानिएको छ ।

## १. सदस्यता वृद्धि

आ. व. २०८२/०८३ मा सदस्यता विस्तारलाई अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त र सहकारी ऐनको परिधिभित्र रही खुल्ला राख्दै सदस्यता विस्तारलाई निरन्तरता दिंदै यस वर्ष शेयर सदस्य १३ हजार २ सय ५४ जना पुऱ्याइनेछ । निष्क्रिय सदस्यहरूलाई सक्रिय बन्न प्रेरित गरिनेछ र प्रेरित गर्दा पनि सक्रिय नहुने सदस्यहरूलाई सदस्यताबाट हटाईनेछ ।

## २. व्यवसाय वृद्धि

हाल वित्तीय बजारमा हाल निकै उतरचढाव रहेतापनि आ.व. २०८२/०८३ को पहिलो दोश्रो त्रैमासबाट क्रमश सुधार हुदै जाने सम्भावनालाई आँकलन गर्दै संस्थाको व्यवसायिक योजनाको निर्धारित लक्ष्य प्राप्तिका लागि व्यवसाय वृद्धि पहिलो त्रैमासमा १५ प्रतिशत, दोश्रो त्रैमासमा २५ प्रतिशत, तेश्रो त्रैमासमा ३० प्रतिशत र अन्तिम त्रैमासमा ३० प्रतिशतका दरले लक्ष्य प्राप्ति गर्ने अनुमान गरिएको छ ।

### क) शेयर पूँजी

आ. व. २०८२/०८३ मा रू. ९,८२,५०,०००/- (अक्षरूपी नौ करोड बयासी लाख पचास हजार मात्र ।) शेयर पूँजी पुऱ्याईने लक्ष्य राखिएको छ ।

- हाल संस्थामा करिब ७० प्रतिशत सदस्यहरूको औषत शेयर पूँजी (६५००) भन्दा कम रहेकाले त्यस्ता सदस्यहरूलाई औषत शेयर पूँजी पुऱ्याउनका लागि प्रोत्साहन गरिने छ ।
- ऋण लगानी गर्दाको बखतमा औषत शेयर नपुगेको शेयर सदस्यहरूको औषत शेयर पूरा गरेर मात्र लगानी गरिनेछ । जसमा ५ लाख सम्म ऋण लगानी गर्दा रू. ६,५००, ५ लाख देखी १० लाख सम्म ऋण लगानी गर्दा रू. १०,००० र सो भन्दा माथि ऋण लगानी गर्दा रू. १५,००० पुऱ्याइनेछ ।
- यस आ.व. मा शेयर लाभांश वितरण गर्न नसकिने अवस्था रहेको हुंदा शेयर फिर्ता हुने सम्भावनालाई मध्यनजर गरि समान शेयर हुने व्यवस्था मिलाइने छ ।

### ख) संस्थागत पूँजी

संस्थागत पूँजी चालु आ.व.को अन्त सम्ममा कूल पूँजी तथा दायित्वको कम्तिमा ७.८ प्रतिशत कायम राख्ने लक्ष्य राखिएको छ । संस्थागत पूँजी नाफाबाट जगेडा कोषमा गएको रकम, खर्च नभएका कोषहरू रकमान्तर गरि साथै नयां सदस्यहरूबाट प्राप्त भएको प्रवेश शुल्कलाई जगेडा कोषमा सारि लक्ष्य प्राप्त गरिने छ ।

### ग) बचत निक्षेप

- यस आ.व.मा रू. १,०२,१८,००,०००/- (अक्षरूपी एक अरब दुई करोड अठार लाख मात्र ।) बचत निक्षेप पुऱ्याउने लक्ष्य राखिएको छ ।
- संस्थाले सञ्चालनमा ल्याएको बचतका प्रकारहरूमा सदस्यहरूको थप सहभागीता गराउंदै अझ बढी प्रभावकारी ढङ्गबाट अगाडी बढाइनेछ ।
- हाल सञ्चालनमा रहेका बचतका सेवाहरूको पुनरावलोकन गरिनेछ ।
- मासिक बचतको न्यूनतम बचत दर रू. ५००/- कायम गरिनेछ ।

### घ) ऋण लगानी

- यस आ.व. मा ऋण लगानी रू. ९४,३२,००,०००/- (अक्षरूपी चौरानब्बे करोड बत्तिस लाख मात्र ) पुऱ्याउने लक्ष्य राखिएको छ ।
- ऋण लगानीको अधिकतम सीमा ५० लाख रहनेछ ।
- विपन्न सदस्य उत्थान कार्यक्रम अन्तर्गत कुल ऋण लगानीको ५ प्रतिशत रकम यो क्षेत्रमा लगानी गरिनेछ जसको ब्याजदर मासिक बचतको ब्याजदर सरह हुनेछ । यस कार्यक्रम अन्तर्गत बाख्रापालन, गाईभैंसी पालन, बंगुरपालन, अटोरिक्सा आदि रहनेछ । यस कार्यक्रम अन्तर्गत अधिकतम ऋणको सीमा प्रतिसदस्य रू. ३ लाख सम्म हुनेछ ।

### ङ) कूल आम्दानी

आ.व. २०८२/०८३ मा कुल आम्दानी रू. १०,३८,९७,२००/- (अक्षरूपी दश करोड अठ्तीस लाख सन्तान्नब्बे हजार दुई सय मात्र ।) गर्ने लक्ष्य राखिएको छ ।

### च) कुल खर्च

आ.व. २०८२/०८३ मा खर्चलाई मितव्ययीता अपनाई कूल खर्चलाई रू. ७,६५,७८,४००/- (अक्षरूपी सात करोड पैसाठी लाख अठहत्तर हजार चार साय मात्र ।) मा सिमित गर्ने लक्ष्य राखिएको छ ।

### छ) खुद बचत

आ.व. २०८२/०८३ मा आम्दानीबाट सवै खर्च कटाई रू. २,७३,१८,८००/- (अक्षरूपी दुई करोड त्रिहत्तर लाख अठार हजार आठ सय मात्र ।) खुद बचत गर्ने लक्ष्य राखिएको छ ।

### ज) कुल वासलात

आ. व. २०८२/०८३ को अन्त सम्ममा वासलात रू. १ अर्ब ३१ करोड पुऱ्याउने लक्ष्य राखिएको छ ।

## ३. शिक्षा तथा तालिम

- संस्थामा उपलब्ध जनशक्तिलाई अझ बढी व्यावसायिक बनाउदै व्यावसायिक संलग्नताको विकास गर्दै लगिनेछ । जसका लागि आवश्यक तालिमहरूको व्यवस्था गरिनेछ ।
- सदस्य, संचालक तथा कर्मचारीहरूको क्षमता वृद्धिका लागि आर्थिक वर्ष २०८२/०८३ मा तपशिलअनुसारका तालीम, अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईने छ ।

### क. शेयर सदस्यज्यूहरुको लागि निम्नानुसारको शिक्षा तथा तालिम सञ्चालन गरिनेछ ।

- शेयर सदस्यहरूलाई आधारभूत वित्तीय साक्षरता तालीम प्रदान गरिनेछ । जसबाट कम्तिमा १,००० जना सदस्यले वित्तीय साक्षरता तालीम प्राप्त गर्नुहुनेछ ।
- शेयर सदस्यज्यूहरूलाई लागत सहभागितामा ३ दिन सम्मको अध्ययन अवलोकन भ्रमण गराईने छ ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संघ संस्थाहरूसंग आवश्यक समन्वय गरी सदस्यहरूको लागि पेशागत सीपमा आधारित तालिम सञ्चालन गरिनेछ ।

### ख. विभिन्न उप समिति लगायत सचेत महिला समूहको लागि क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

### ग. सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरुका लागि निम्नानुसारको शिक्षा तथा तालिम प्रदान गरिनेछ ।

- वित्तीय प्रतिवेदन बुझाई र पर्ल्स तालिम
- कानुनी संहिता सम्वन्धी अभिमुखिकरण कार्यक्रम
- साकोस सञ्चालकहरूको क्षमता अभिवृद्धि (CUDCC) तालिम
- जोखिम व्यवस्थापन तालिम
- संघ संस्थाद्धारा आयोजित तालिम, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रममा सहभागी
- एशियाली ऋण महासंघ वा सहकारी संग सम्बन्धित संघ संस्थाले आयोजना गर्ने फोरम तथा कार्यशाला गोष्ठीहरू एवं तालिममा सहभागिता ।

### घ. कर्मचारीहरुको लागि निम्नानुसारको शिक्षा तथा तालिम प्रदान गरिनेछ ।

- ऋण व्यवस्थापन
- लेखा व्यवस्थापन
- फर्जी नोट पहिचान
- जोखिम व्यवस्थापन

- साकोस व्यवस्थापकहरूको क्षमता अभिवृद्धि (CUMCC) तालिम
- उत्प्रेरणा सम्वन्धी अन्य तालिम
- संघ संस्थाद्धारा आयोजित तालिम, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रममा सहभागी
- एशियाली ऋण महासंघ वा सहकारी संग सम्बन्धित संघ संस्थाले आयोजना गर्ने फोरम तथा कार्यशाला गोष्ठीहरू एवं तालिममा सहभागिता ।

## ४. व्यवसायिक तथा उधमशीलता विकास :

- सदस्यहरूलाई सीप प्रदान गरि स्वरोजगार बनाउनका लागि सम्भाव्यता अध्ययन गरी सदस्यलाई सीपमुलक तालिम तथा उधमशिलता तालिम प्रदान गरिनेछ ।
- स्थानीय तह (कार्यक्षेत्र भित्रका पालिकाहरू) संगको साझेदारीमा व्यवसायिक तथा उधमशीलता विकासका कार्यक्रमहरू अगाडी वढाउन सहकार्यको प्रयत्न गरिनेछ ।

## ५. शेयर लाभाँश

सदस्यहरूलाई आगामी वर्ष भाखा नाघेको ऋणलाई सिमित गरी शेयर लाभाँश १० प्रतिशत वितरण गर्ने लक्ष्य राखिएको छ ।

## ६. संरक्षित पूँजी फिर्ता कोषको व्यवस्थापन

सदस्यहरूलाई कारोवारका आधारमा यस कोषको रकम वितरण गरिने छ । ऋण कारोबारको आधारमा ६० प्रतिशत र बचत कारोबारको आधारमा ४० प्रतिशत रकम वितरण गरिनेछ ।

## ७. स्थिर सम्पत्ति

स्थिर सम्पतीलाई कूल सम्पत्तिको ५ प्रतिशत भन्दा कम कायम राख्ने गरी यस आ.व. मा अति आवश्यक समानहरू मात्र खरिद गरिनेछ । कार्यालयको बढ्दै गएको कार्यभार र कार्यक्षेत्रलाई व्यवस्थित एवं प्रभावकारी कार्य सम्पादन गर्नका लागि कार्यालयको भौतिक संरचना सुधार कार्यलाई यस वर्ष पनि निरन्तरता दिईनेछ भने आवश्यक फर्निचर, कार्यालय सामाग्री, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोबाईल तथा ट्याव, सवारी साधन एवं अन्य उपकरणहरूको आवश्यकता अनुसार व्यवस्था गरिनेछ ।

## ८. बाह्य ऋण

यस आर्थिक वर्षमा बाह्य ऋणको व्यवस्था गरिएको छैन तर तरलता व्यवस्थापनका लागि एवं संस्थामा सदस्यहरूको ऋण माग तथा सम्बन्धलाई बिचार गरी अन्य सम्भाव्य वित्तीय संघ संस्थाहरूबाट आवश्यकता अनुसार अनुकूल दरको ऋण लिई व्यवस्थापन गरिनेछ । बाह्य ऋण कुल सम्पतिको ५ प्रतिशत ननाघ्ने गरी व्यवस्थापन गरिने छ ।

## ९. मानव संशोधन व्यवस्थापन एवं परिचालन

कुनै पनि संस्थाको विकासमा त्यस संस्थाको जनशक्तिको धेरै ठूलो योगदान रहने गर्दछ तसर्थ संस्थाको दीर्घकालीन विकास तथा सफलताको लागि कुशल कर्मचारी व्यवस्थापन अपरिहार्य रहन्छ । बढ्दो प्रतिस्पर्धात्मक वातावरणमा

संस्थाको अग्रता कायम राख्नको निमित्त निरन्तर रूपमा कर्मचारीको सीप अभिवृद्धि तथा मनोबल उच्च राख्न आवश्यक भएको हुनाले विभिन्न तालिम तथा अन्य व्यावसायिक विकासका कार्यक्रम सञ्चालन गर्न संस्था प्रयत्नशील रहेको छ ।

- कर्मचारी व्यवस्थापन गर्दा कर्मचारीको उत्पादकत्व लाई समेत ध्यान दिईने छ ।
- कर्मचारीहरूको क्षमता वृद्धि गर्न विषयगत तालिमहरूमा सहभागी गराईने छ ।
- कर्मचारीको कार्यसम्पादन मूल्यांकनको आधारमा प्रोत्साहन एवं हौसला प्रदान गरिनेछ ।
- कर्मचारीहरूको क्षमतालाई अध्यावधिक गराई राख्न आवधिक ज्ञान सीप परीक्षा प्रणाली लागू गरिनेछ । सहकारी सम्बन्धी ऐन नियम संग सम्बन्धित ज्ञान सीप विकासको लागि स्रोत सामाग्रीहरू सबै कर्मचारीहरूमाफ शेयर गरिनेछ र हरेक ६ महिनामा त्यससंग सम्बन्धित प्रश्नावली बनाइ ज्ञान सीप जांच गरिनेछ ।
- नियममित रूपमा कर्मचारीको कार्य सम्पादन मूल्यांकनका आधारमा बढुवा, सरूवा, तथा जिम्मेवारी हेरफेर गरी परिचालन गर्ने व्यवस्था गरिनेछ ।
- कर्मचारीहरूको लागि संचय कोषको व्यवस्था, उपदान सुविधा र बिमा सुविधा आदि नेपाल सरकारको सामाजिक सुरक्षा कोषमा आवद्ध भई सकेको हुनाले सोही बमोजिम व्यवस्थित हुनेछ ।
- आवश्यकता अनुसार कर्मचारीहरू थपघट गरिनेछ ।
- आवश्यकता अनुसार प्रशिक्षार्थी कर्मचारीको व्यवस्था गरिनेछ ।

## १०. ब्याजदर निर्धारण

सदस्यहरूलाई छिटो छरितो र स्तरीय बचत तथा ऋणका सेवा पुगोस भन्ने हेतुले ब्याजदर निर्धारण गर्दा मासिक रूपमा स्थानीय तथा राष्ट्रिय वित्तीय विश्लेषणका आधारमा प्रतिस्पर्धिहरूको ब्याजदर, सर्न्दभ ब्याजदर तथा आधार दरलाई आधार मानी ब्याजदर समायोजन गर्दै लगिने छ ।

## ११. ऋण व्यवस्थापन

- विशेषगरि यस वर्षलाई लगानीमा रहिरहेको ऋणको अवस्था सुधारको वर्षको रूपमा अगाडी बढाईनेछ ।
- सदस्यहरूको आय वृद्धिका लागि विभिन्न किसिमका व्यवसायका लागि नयाँ-नयाँ लगानीका सम्भावनाहरूको खोजी गरिनेछ ।
- ऋण लगानी प्रक्रियालाई व्यवस्था भएसम्म साख सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउने प्रयास गरिनेछ । यसै गरी ऋण अनुगमन प्रक्रियालाई ऋण उप समितिमार्फत अझ बढी प्रभावकारी र नियमित बनाइनेछ । यसै सन्दर्भमा पहिला ऋण लिई समयमा भुक्तानी नगर्ने सदस्यलाई पुनः ऋण माग गर्दा प्राथमिकता दिईने छैन ।
- अन्तर्राष्ट्रिय सदस्य संरक्षण सिद्धान्त (Member Protection Principle) अनुसार ऋणी सदस्यहरूलाई संस्थागत व्यवहार गरिनेछ ।
- ऋण लगानी तथा असुलीलाई प्रभावकारी बनाउनका लागी ऋण भुक्तानीको नियमितताका आधारमा ऋणीहरूलाई आन्तरिक वर्गीकृत गरिनेछ ।
- ऋण लगानीलाई अझ वढी व्यवस्थित बनाउंदै लगिनेछ ।
- सबै ऋणी सदस्यहरूको फेमिली ट्री अध्यावधिक गरिनेछ ।

# भाखा नाघेको ऋण व्यवस्थापन

- नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको निर्देशन तथा मापदण्ड अनुसार भाखा नाघेको ऋणको आधारमा तपशिल अनुसारको  ऋण सुरक्षण कोषको व्यवस्था गरिने छ ।

  **ऋण सुरक्षण सम्बन्धी व्यवस्था :**

  १. असल ऋण र भाखा नाघी ३ महिना व्यतीत नभएको ऋणमा १ प्रतिशत

  २. सदस्यहरूको बचतको सुरक्षणमा प्रवाह गरेको ऋणमा १ प्रतिशत

  ३. कमसल ३ देखि ६ महिना सम्म भाखा नाघेका ऋणमा २५ प्रतिशत

  ४. शंकास्पद ६ देखि १२ महिनासम्म भाखा नाघेका ऋण ५० प्रतिशत

  ५. खराब १२ महिनाभन्दा बढीले भाखा नाघेका ऋणमा १०० प्रतिशत

- साथै तोकिएको समयमै ऋण असुलीका लागि ऋण ताकेता तथा अनुगमनको व्यवस्था मिलाइने छ ।
- कुल ऋण लगानीमा भाखा नाघेको ऋण ५ प्रतिशत भित्र कायम गर्ने लक्ष्य राखिएको छ ।

## १२. तरलता व्यवस्थापन

सदस्यहरूको आवश्यकताअनुसार जुन सुकै बेला बचत/निक्षेप फिर्ता गर्न कुल बचत रकमको १५ देखी २० प्रतिशत तरलता कायम गरिने छ । सो भन्दा तल झरेमा बाह्य ऋणको व्यवस्था गरि तरलता कायम गरिने छ भने तरलता बढि भएमा आर्थिक लगानीको व्यवस्था गरिने छ ।

## १३. विप्रेषण सेवा

रोजगारीको सिलसिलामा देश बाहिर जानुहुने हाम्रा सदस्य एवं समुदायका व्यक्तिहरूले पठाएको रकमलाई संस्थामार्फत नै भुक्तानी पाउने व्यवस्था मिलाउन Money Transfer निकायहरूसंग आवश्यक समन्वय गरी आन्तरिक तथा बाह्य रकम रकमान्तर सेवालाई कार्यान्वयनमा ल्याइसकिएकोमा सोको थप विस्तार गरी रेमिट्यान्स सेवा उपलब्ध गराइनेछ ।

## १४. नीति तथा कार्यविधि

संस्थालाई नीति र विधिबाट संचालन गर्नका लागि हाल सम्म १८ वटा आन्तरिक कार्यविधि र १ वटा निर्देशिका निर्माण गरि कार्यन्वयनमा ल्याएकोमा संस्था संञ्चालनको क्रममा आवश्यक पर्ने नीति, नियम तथा कार्यविधिहरूको तय गरी परिमार्जन गर्दै लगिनेछ ।

## १५. सामाजिक उत्तरदायित्व

सहकारी समुदायमा आधारित संस्था भएकाले आम समुदाय लाभान्वित हुने तपशिल अनुसारका सामाजिक सेवाका कार्यक्रमहरू संचालन गरिने छ ।

| | |
|---|---|
| १. रक्तदान कार्यक्रम | २. वृक्षारोपण एवं संरक्षण कार्यक्रम |
| ३. सहकार्यका आधारमा स्वास्थ्य शिविर | ४. दैवी प्रकोप सहयोग |
| ५. सहभागितामुलक सरसफाई कार्यक्रम | ६. विपन्न तथा जेहेन्दार विधार्थीहरूलाई छात्रवृत्ति प्रदान |
| ७. बालबालिका तथा महिलामैत्री समाज निर्माणमा योगदान | ८. अन्य |

## १६. सम्मान कार्यक्रम

➥ नियमित बचत जम्मा गर्ने तथा नियमित ऋण असुली एवं सही सदुपयोग गर्ने सदस्यहरूलाई प्रोत्साहन एवं हौसला स्वरूप पुरस्कृत गर्ने (अब्वल समूह, जेष्ठ सदस्य, उत्कृष्ट सदस्य, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट व्यवसायी, धेरै सदस्यता बृद्धि गर्ने सदस्य, उत्कृष्ट बाल बचतकर्ता र स्मार्ट सदस्य सम्मान) कार्यलाई यस वर्ष पनि निरन्तरता दिईनेछ भने गत वर्षबाट त्रैमासिक रूपमा उत्कृष्ट सदस्य सम्मान गर्ने कार्यक्रमको शुरूवात गरिएकोमा यसलाई निरन्तरता दिईनेछ ।

## १७. सदस्य सेवा कार्यक्रम

सदस्य सेवा कार्यक्रम अर्न्तगत तपशिल अनुसारको कार्यक्रम संचालन गरिने छ ।

➥ सवै शेयर सदस्यहरूको लागि बिमा कार्यक्रम लागू गर्नका लागि आवश्यक कार्यको थालनी गरिनेछ ।

➥ सदस्य राहत कोष अन्तर्गत सदस्यको मृत्यु भएमा सदस्य परिवारलाई उपलब्ध गराउंदै आइएको मौजुदा श्रद्धाञ्जलीसहित प्रदान गरिने राहत रकम रू. ५,०००/-, १०,०००/- र १५,०००/- लाई निरन्तरता दिईने छ ।

➥ गम्भीर प्रकृतिका रोगहरू : क्यान्सर, मृगौला फेल, मुटुको अपरेसन जस्ता रोगहरूमा प्रदान गरिने राहत रकम रू. ५०,०००/- लाई पनि निरन्तरता दिईने छ, भने यस वर्षबाट दुर्घटनामा परी मृत्यु वा गम्भिर क्षति हुने सदस्यहरूको लागि पनि यो सेवा प्रदान गरिनेछ । कोष व्यवस्थापनको लागि वार्षिक प्रति सदस्य रू. १००/- का दरले सदस्यको मासिक बचतबाट कट्टा गरिनेछ भने नयां बन्न आउने सदस्यबाट संस्थामा प्रवेश गर्दाको बखतमा नै लिईनेछ । साथै सदस्य राहत कोष नीति अनुसार खर्च लेखी नाफाबाट छुट्याईनेछ ।

➥ सुत्केरी भेटघाट तथा नवशिशु स्वागत कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

➥ बालबालिकाहरूको लागि बक्तृत्वकला कार्यक्रम सञ्चालन गरिनेछ ।

➥ जेष्ठ सदस्यहरूलाई भेटघाट गर्ने कार्यक्रमको शुरूवात गरिनेछ ।

➥ जेष्ठ सदस्यहरूलाई तीर्थाटन भ्रमण कार्यक्रमको शुरूवात गरिएकोमा यसलाई निरन्तरता दिईने छ ।

➥ ऋणको ऋण बिमा कार्यक्रम लागू गरिनेछ ।

➥ सदस्यहरूलाई दुर्घटना तथा विरामी हुंदा सहुलियत ऋण (आपतकालिन ऋण) उपलब्ध गराईनेछ । यसरी उपलब्ध गराइएको ऋण ३० दिन भित्र असुली भएमा ब्याज लाग्ने छैन भने सो भन्दा माथि भएमा बचत जमानी ऋणको ब्याजदर बराबर ब्याज लाग्नेछ ।

➥ सदस्य परिचय पत्रको व्यवस्था गरिनेछ ।

## १८. गुणस्तर सुनिश्चितताको कार्यक्रम

एशियाली ऋण महासंघ (अक्कु) द्धारा सञ्चालित एशियाली स्तरको ACCESS ब्राण्डको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

## १९. सदस्य सूचना

- सदस्यहरूको सूचनाको हकलाई सुनिश्चितता का लागि वार्षिक प्रतिवेदन, स्थानीय पत्र पत्रिकामा सूचनाहरू प्रकाशित गर्ने, कार्यालयमा सुचना पाटी, एस एम एस, सामाजीक संञ्जाल तथा वेवसाइट मार्फत संस्थाका गतिविधि तथा सूचनाहरू सस्प्रेषण गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।
- संस्थामा सदस्य सूचना प्रणाली स्थापना गर्न सदस्य पार्श्वचित्र Member Profile तयार गरिनेछ ।
- सदस्यले हरेक कारोबारको जानकारी लिनको लागि डिजिटल पासबुकको व्यवस्था गरिसकेकोमा यसमा आवश्यक सुधार गर्दै लगिनेछ ।
- मोबाईल एपको प्रयोगमा व्यापपकता गराई संस्थाका हरेक सूचनाहरू सदस्यले मोबाईल एपबाट पाउने व्यवस्था मिलाईनेछ ।

## २०. छपाई तथा प्रकाशन

- संस्थाको भित्तेपात्रो, डायरी, ब्रोसर, क्याटलग, फाईबर झोला आदि छपाई गरिनेछ ।
- वेबसाईट अपडेट एवं परिमार्जन गरिनेछ ।
- डिजिटल रूपमा वित्तीय सूचना पाटी निर्माण गरी मासिक रूपमा हिसाब सार्वजनिक गरिनेछ ।

## २१. सुरक्षा योजना

- कार्यालयमा रहने नगद सुरक्षाका लागि काउन्टर, भल्ट बिमालाई निरन्तरता दिईने छ ।
- जोखिम व्यवस्थापनका लागि आवश्यक कार्यहरू गरिनेछ ।

## २२. गुनासो सम्बोधन

सदस्य तथा अन्य सरोकारवाला निकायहरूबाट प्राप्त तथा विद्युतीय माध्यमबाट प्राप्त हुने गुनासोहरू सम्बोधन हुने व्यवस्थालाई निरन्तरता दिईने छ । साथै सदस्यहरूको सन्तुष्टि मापनका लागि सदस्य सर्वेक्षण गरि त्यसको विश्लेषण गरिने छ ।

## २३. कार्यालय संचालन

- सदस्यहरूको सेवालाई छिटो छरिटो तथा सर्वसुलभ सेवा प्रदान गर्न कार्यालय समय विहान ९:३० बजे देखी ५ बजे सम्म (कारोबार समय १०:०० देखि ४:०० बजे सम्म) र शुक्रबार कार्यालय समय ४ बजे सम्म र कारोबार समय ३:०० बजे सम्म सेवा प्रवाह गरिनेछ । सेवा केन्द्रको हकमा बैंकको सुविधा अनुसार सदस्यहरूलाई सूचना प्रदान गरि समय घटबढ गर्न सकिनेछ ।

- हिउदको समयमा उक्त समयमा १ घन्टा कम  सेवा प्रदान गरिने छ भने मोबाईल एप मार्फत भने २४ घण्टा सेवा प्रवाह गरिनेछ ।

## २४. बचत तथा ऋणका सेवाहरुको पुनरावलोकन

संस्थाको बचत तथा ऋणका सेवाहरूलाई सदस्य केन्द्रित बनाउनका लागि विभिन्न क्षेत्रका सदस्यहरूको प्रतिनिधित्व हुने गरि सदस्यहरूको उपस्थितिमा बचत तथा ऋणका सेवाहरूको पुनरावलोकन/थप गरी डिजाईन गरिने छ ।

## २५. योजना तथा बजेट निमार्णमा सदस्यको सहभागीता

संस्थाको नीति तथा कार्यक्रम, बजेट निर्माण तथा समिक्षामा प्रभावकारी सदस्यहरूको सहभागितालाई जोड दिईने छ ।

## २६. कार्य प्रगती तथा समिक्षा प्रकृया

वार्षिक योजना तथा कार्यक्रमलाई मासिक खन्डीकरण गरि प्रगतिको मासिक रूपमा संचालक समितिमा समिक्षा गर्ने तथा त्रैमासिक रूपमा सल्लाहकार ज्यूहरू, विभिन्न उप समितिका सदस्यज्यूहरू र सदस्य ज्यूहरूको सहभागीतामा प्रगतिको समिक्षा गर्ने व्यवस्था मिलाईने छ ।

## २७. स्वमूल्यांकन

विगत लामो समयदेखि सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र कर्मचारीहरूको नीतिगत रूपमा व्यवस्था गरि स्वमूल्यांकन गर्दै आईरहेकोमा यस कार्यलाई निरन्तरता दिईने छ ।

## २८. साधारण सभा

वार्षिक साधारण सभा क्षेत्रगत (इकाईगत) रूपमा गरिने छ भने सेवाकेन्द्र स्तरमा विस्तारित मञ्च कार्यक्रम सञ्चालन गरिनेछ ।

## २९. नयाँ प्रविधियुक्त सेवा

- हाल प्रयोगमा ल्याईएको सफ्टवेयर र ग्रामीण वाल्मिकी स्मार्ट एपमा आवश्यक सुधार गर्दै लगिनेछ ।
- डिजिटल पासबुकको व्यवस्था अनिवार्य गरिने छ ।
- वेभसाईटबाट शेयर सदस्य बन्नका लागि भरिने फारम, सदस्य पहिचान फारम, बचत खाता तथा ऋण मागफारम अनलाईन भर्ने प्रविधिको विकास गरिने छ ।
- ई काउन्टर सेवा र क्यू आर कोड मार्फत भुक्तानी गर्न सकिने सेवाको विकास गरिएकोमा यसमा आवश्यक सुधार गर्दै लगिनेछ ।
- डीपोजिट भौचरमा सफ्टवेयरमा कारोबार प्रविष्टि भएको जानकारी प्रिन्ट हुने व्यवस्था मिलाईनेछ ।
- आवश्यकता अनुसार नयां प्रविधिको शुरूवात गरिनेछ ।
- डाटा सुरक्षाको लागि Cloud Server System को प्रयोग गरिएकोमा यसमा आवश्यक सुधार गर्दै लगिनेछ ।
- सि.सि. क्यामेरा ड्युल रेकर्डिङको स्टोरेज क्षमता बढाईनेछ ।

- मिस्ड कल बैंकिङ सेवाको शुरूवात गरिनेछ ।
- Voice SMS Service को लागि आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

## ३०. मोबाईल एप ट्युटोरियल भिडियो

संस्थाको मोबाईल एप (GRAMIN SMART BANKING) प्रयोग विधि बारे ट्युटोरियल भिडियो बनाईएकोमा एपमा गरिने परिमार्जन अनुसार उक्त भिडियोलाई पनि आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## ३१. वृत्तचित्र

संस्थाको गतिविधिहरू झल्कने गरी वृत्तचित्र निर्माण गरिनेछ ।

## ३२. सदस्य सर्वेक्षण

- यस वर्ष विभिन्न चरणमा सदस्य सर्वेक्षण गर्ने कार्य गरिनेछ ।
- ऋण सदुपयोगिता सर्वेक्षण गरिनेछ ।

## ३३. एकीकरण

कार्यक्षेत्र भित्रका एकिकरण गर्न इच्छुक सहकारी संस्थालाई एकिकरण गर्ने वातावरण मिलाइने छ भने संस्थासंग उद्देश्य, भावना र कार्यगत प्रक्रिया मिल्ने संस्थाहरूसंग हातेमालो गर्दै एकिकृत भावना विकास गर्ने कार्यलाई नेतृत्वदायी भूमिका निर्वाह गर्दै अगाडि बढाइनेछ । जस अन्तर्गत कम स्तरीय साकोसको स्तरीकरण गर्ने कार्यमा सघाउ पुऱ्याइनेछ ।

## ३४. सेवा केन्द्र

सदस्य मार्फत समुदायलाई स्थानीय स्तरमा नै सर्वसुलभ एवं प्रभावकारी एकीकृत सेवा उपलब्ध गराउने कार्यक्रम अनुसार सेवा केन्द्र सञ्चालन एवं व्यवस्थापन गरिनेछ ।

## ३५. अन्य संघ संस्थासँगाको सम्बन्ध

संस्थाको कार्यक्रम र छविलाई व्यापक बनाउन विभिन्न संघ संस्थाहरूसँग सम्पर्क र समन्वय गरी सम्बन्ध विस्तार गरिनेछ । पुराना संस्थाहरूसंगको सम्बन्धलाई निरन्तरता दिंदै दिगो सम्बन्धको विकास गरिनेछ ।

## ३६. कार्यक्रमिक

- संस्थाद्धारा लगानी गरिएको आयमूलक क्षेत्र अन्तर्गतको कृषि तथा पशुपालन व्यवसायलाई अझ बढी व्यवस्थित, व्यावसायिक एवं सुरक्षित बनाउने उद्देश्य अनुरूप कृषि तथा पशु-बिमा कार्यक्रमलाई प्रवर्द्धन गर्न सहयोग गरिने छ ।
- आर्थिक सेवा प्रदायक संघ संस्थाको मूल प्रभावभन्दा बाहिर रहेका अथवा वित्तीय पहुंच र अवसरबाट वञ्चित समुदायका व्यक्तिहरूलाई वित्तीय सेवा र सहभागिताको मूल प्रवाहमा ल्याउनका लागि आवश्यक कार्य अगाडि बढाईनेछ ।

- विभिन्न चाडपर्व, दिवस आदिको अवसरमा कार्यक्रममहरू आयोजना गरिनेछ ।
- सहकारीका सिद्धान्तहरूमध्येको एक महत्वपूर्ण सिद्धान्त सहकारी बिच समन्वय लाई व्यवहारगत रूपमा अगाडी बढाईनेछ । जसको स्थानीयम स्तरमा सञ्चालित कम सक्षम सहकारीहरूलाई स्तर उन्नति गर्न आवश्यक सहयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

## ३७. सामाजिक परीक्षण

संस्थाको संस्थागत सामाजिक लेखा राख्ने व्यवस्था मिलाईनेछ ।

## ३८. लेखा परीक्षण

- संस्थाको कारोवारको वार्षिक लेखा परीक्षण साधारण सभाले नियुक्त गरेको लेखापरीक्षक (CA) बाट सम्पन्न गरिनेछ ।
- त्यस्तैगरि कार्यालय सञ्चालन र दैनिक कारोबार व्यवस्थापनलाई थप चुस्त, दुरूस्त एवं व्यवस्थित गर्न पनि आन्तरिक लेखापरीक्षक (CA) द्धारा आन्तरिक लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

## ३९. संस्थागत सुशासन

- संस्थालाई सहकारी सिद्धान्त, सहकारी ऐन तथा मापदण्ड अनुसार सञ्चालन गरी सुशासनयुक्त र मर्यादित बनाईनेछ ।
- संस्थागत सुशासनको परिपालना गर्न र मापन गर्न अनुपालन सूची Compliance Index तयार गरिनेछ ।

अन्त्यमा,

यस ग्रामीण वाल्मिकी साकोस लाई आजको अवस्थासम्म ल्याइ पुऱ्याउन श्रम पसिना सिञ्चित गर्नुहुने पूर्व संचालक समिति पदाधिकारी एवं सदस्यज्यूहरू, संस्थाको दिगो विकासका लागि महत्वपूर्ण भूमिका खेल्नुहुने सल्लाहकारज्यूहरू, संस्थाको वित्त व्यवस्थापनमा चुस्त दुरूस्त रहन मार्गनिर्देश गर्ने साथै आन्तरिक लेखापरिक्षणको भूमिका निर्वाह गर्ने लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, संस्थामा अहोरात्र खटिने मेहनती कर्मचारी मित्रहरू उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरू सबैमा विशेष धन्यवाद दिदै प्रतिवेदन यहिँ समाप्त गर्न चाहन्छु ।

धन्यवाद ! जय सहकारी !

सचिव
**राधा ढकाल**

# आर्थिक वर्ष २०८१/०८२ को आर्थिक विवरण तथा आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित वित्तीय लक्ष्य तथा बजेट



प्रस्तुतकर्ता : **मुरलीकृष्ण खनाल**, कोषाध्यक्ष

गरिमामय ३२ औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, सल्लाहकारज्यूहरू, सञ्चालक समितिका पदाधिकारीहरू एवं सदस्यज्यूहरू, लेखासुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू, विभिन्न उपसमितिका सदस्यज्यूहरू, सचेत महिला समूहका संयोजक तथा सदस्यज्यूहरू तथा उपस्थित संस्थाका श्रद्धेय शेयर सदस्य महानुभावहरू, कर्मचारीहरू तथा उपस्थित यहाँहरू सम्पूर्णलाई संस्थाको कोषाध्यक्षको तर्फबाट हार्दिक अभिवादन एवं स्वागत गर्न चाहन्छु ।

स्थानीय स्तरमा छरिएर रहेको स-सानो पूंजीलाई बचतको माध्यमबाट एकीकृत गरी त्यसैको परिचालनबाट संस्थामा संलग्न सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर माथि उकास्दै आत्मनिर्भरता बढाउने अभिप्रायले वि.सं. २०५१ साल फाल्गुन १ गते ३० जना व्यक्तिहरूको विशेष पहलमा यस संस्थाको स्थापना एवं शुभारम्भ गरिएको हो । संस्थाको स्थापनाको लागि यो सोच ल्याउनुहुने र शुभारम्भ गर्नुहुने संस्थापकहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यसैगरी यस संस्थाले गर्दै आएको क्रियाकलापहरूप्रति आत्मविश्वासका साथ लागिपरी संस्थाको विकास क्रममा निरन्तर रूपमा संलग्न रहनुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

३२ औ गरिमामय साधारण सभामा उपस्थित भई संस्थाको आर्थिक विवरण पेश गर्न पाउंदा अत्यन्तै गौरवान्वित छु । यस संस्थाको मुख्य उद्देश्य सदस्यहरूबाट नियमित बचत संकलन गरी परिचालन गर्ने, सदस्यहरूमा सहकारीताको भावना विकास गराउने, आर्थिक,सामाजिक,सांस्कृतिक कार्यक्रमहरू सञ्चालनबाट सदस्यहरूको आर्थिक उत्थान गरी आत्मनिर्भर बनाउने रहेको छ । हाम्रो संस्था समुदायमा आधारीत संस्था भएकोले यसले समुदाय भित्र वित्तीय क्षेत्रको पहुंच बाहिर रहेका स्थानीय जनसमुदायमा छरिएर रहेको पूंजी संकलन गर्ने, संकलित पूंजीलाई समुदायमा नै लगानी गर्ने, आफ्ना शेयर सदस्यहरूको समृद्धि गर्ने यसको प्रमुख लक्ष्य हो । राष्ट्रिय स्तरको प्रोवेशन र एशियाली स्तरको एक्सेस कार्यक्रममा भाग लिई ब्राण्ड प्राप्त गरेका हाम्रो संस्थालाई गत वर्ष नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले नेपालको सर्वोत्कृष्ट साकोसको रूपमा पुरस्कृत गरिसकेको छ । संस्थाले प्राप्त गरेको ब्राण्ड र विभिन्न पुरस्कारहरूको कारण आज संस्थाको छवि नेपाल र अन्तर्राष्ट्रिय स्तरमा नै प्रचार प्रसार हुन पुगेको छ । नेपालका विभिन्न क्षेत्रमा रहेका सहकारी संस्थाका सञ्चालक तथा सहकारी कर्मीहरूको पाठशालाको रूपमा ग्रामीण वाल्मिकी साकोस पुग्न सफल भएको छ । संस्थाले हांसिल गरेको उचाईको श्रेय हाम्रा समस्त आदरणीय शेयर सदस्य महानुभावहरूमा जान्छ । यहाँहरूको सहयोग र विश्वासकै कारणबाट हामी सदस्य सेवामा हरेक दिन नयांपन, सहजता र गुणस्तरीयता प्रदान गर्न प्रयत्नरत छौं । आज ग्रामीण वाल्मिकी सोकोस नवलपरासी जिल्ला (व.सु.प.) बासीको वित्तीय सेवाको लागि सुरक्षित गन्तव्य हो भन्ने कुरा गौरवका साथ भन्न सकिन्छ । हामिलाई विश्वास छ यहाँहरूको यस्तै माया, सहयोग र भरोसा आगामी दिनहरूमा पनि रहने नै छ ।

# आर्थिक प्रतिवेदन

अब म यस गरिमामय साधारण सभामा आ.व. २०८१/०८२ मा भएको वित्तीय गतिविधिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. **सदस्यता :** आ.व. २०८०/०८१ मा जम्मा सदस्य संख्या १२,४२७ रहेकोमा यस आ.व. २०८१/०८२ मा कुल सदस्य संख्या १२,६३६ पुगेको छ । जसमा महिला सदस्य संख्या ७,२२६, पुरूष सदस्य संख्या ५,४०२ र संस्थागत सदस्य संख्या ८ रहेको छ ।

२. **शेयर पूँजी :** संस्थाको चुक्ता शेयर पूँजी २०८१ आषाढ मसान्तसम्ममा रू.१० करोड ३४ लाख ३९ हजार ९ सय रहेकोमा २०८२ आषाढ मसान्तसम्ममा जम्मा रू. ८ करोड १६ लाख ६ हजार १ सय रहेको छ ।

३. **संस्थागत पूँजी :** गत वर्ष संस्थागत पूँजीमा गणना गर्न मिल्ने कोषहरूको कुल रकम रू. ९ करोड ४० लाख ४२ हजार ६ सय ५८ रूपैंया १३ पैसा रहेकोमा यस वर्ष रू. ९ करोड ४३ लाख २४ हजार १ सय ५५ रूपैंया १६ पैसा रहेको छ ।

४. **बचत निक्षेप :** सदस्यहरूले जम्मा गर्नुभएको कुल बचत निक्षेप २०८१ आषाढ मसान्तमा रू.९८ करोड ७८ लाख २८ हजार ९ सय १३ रूपैंया २६ पैसा रहेकोमा यस आ.व. मा रू. २ अर्ब २३ करोड ३६ लाख २२ हजार ४ सय १८ रूपैंया ३६ पैसा संकलन रू. २ अर्ब २४ करोड ९० लाख ५९ हजार ९८ रूपैंया ३७ पैसा फिर्ता भई २०८२ आषाढ मसान्तसम्ममा कुल बचत निक्षेप रू. ९७ करोड २३ लाख ९२ हजार २ सय ३३ रूपैंया २५ पैसा रहेको छ ।

५. **बाह्य ऋण :** बाह्य ऋण नलिएकोले बाह्य ऋण शुन्य रहेको छ ।

६. **तरलता अनुपात :** आ.व. २०८०/०८१ को अन्तमा संस्थाको तरलता (नगद र बैंक) रकम रू. रू. १७ करोड ४६ लाख ९४ हजार ३ सय ८७ रूपैंया ५३ पैसा रहेकोमा यस आ.व.को अन्तमा उक्त रकम रू. ३३ करोड २५ लाख ८४ हजार ५ सय ८६ रूपैंया ८६ पैसा कायम भएको छ । कुल बचत निक्षेपको तुलनामा संस्थाको तरलता अनुपात ३४.२० प्रतिशत रहेको छ ।

७. **लगानी :** संस्थाले विभिन्न संघ तथा संस्थाहरूमा आ.व. २०८०/०८१ मा रू. १५ करोड ५५ लाख ८८ हजार ७ सय ९४ रूपैंया ६३ पैसा लगानी गरेकोमा यस आ.व. मा रू. २५ करोड लगानीमा रहेको छ ।

८. **ऋण लगानी :** २०८१ आषाढ मसान्तमा कुल ऋण लगानी रू. ८५ करोड ५९ लाख २३ हजार ४ सय ८० रूपैंया ५० पैसा रहेकोमा आ.व. २०८१/०८२ मा कुल ऋण लगानी रू. ६७ करोड ७३ लाख ६७ हजार १ सय ४३ रूपैंया १४ पैसा र ऋण असुली रू. ७४ करोड ३९ लाख ६१ हजार ६ सय १ रूपैंया ६८ पैसा गरी आषाढ मसान्तमा कुल लगानीमा रहेको ऋण रू. ७८ करोड ९३ लाख २९ हजार २१ रूपैंया ९६ पैसा रहेको छ ।

९. **भाखा नाघेको ऋण र ऋण जोखिम कोषको व्यवस्था :** २०८२ आषाढ मसान्तमा संस्थाको कुल ऋण लगानी रू. ७८,९३,२९,०२१।९६ मा भाखा नाघेको ऋण र त्यसमा जोखिम कोषको व्यवस्था देहाय बमोजिम गरिएको छ ।

| बिबरण | ऋण रकम (रु.) | सुरक्षण रकम (रु.) |
|---|---|---|
| सकृय ऋण | ७२,५८,६४,९७९.८९ | ७२,५८,६४९.८० |
| कमसल ऋण | ८९,१८,५५९ | २२,२९,६३९.७५ |
| संकास्पद ऋण | ३,१४,४५,७२९.५८ | १,५७,२२,८६४.७९ |
| खराब ऋण | २,३०,९९,७५३.४९ | २,३०,९९,७५३.४९ |
| जम्मा ऋणमा सुरक्षण | ७८,९३,२९,०२१.९६ | ४,८३,१०,९०७.८३ |
| गैर बैकिंङ्ग सम्पत्ती | १,३६,५१,५०० | १,३६,५१,५०० |
| जम्मा सुरक्षण कोष रकम | | ६,१९,६२,४०७.८३ |

**१०. स्थिर सम्पत्ति र ह्रास कट्टी विवरण :** आ.व. २०८१/०८२ मा स्थिर सम्पत्तिको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | गत आ.व. २०८०/०८१ सम्मको स्थिर सम्पत्ति | ३,४९,६०,३५८.५९ |
| २. | यस आ.व. मा थप भएको | ५७,०९,१८०.२५ |
| ३. | यस आ.व. मा अपलेखन गरिएको | ० |
| ४. | जम्मा स्थिर सम्पत्ति | ४,०६,६९,५३८.८४ |
| ५. | ह्रास कट्टी | (२६,२६,९३२.६४) |
| ६. | बांकी मूल्य | ३८०४२६०६.२० |

**११. आय-व्यय हिसाब :** आ.व. २०८०/०८१ मा कुल आम्दानी रू. ११,७७,७८,९०१.१० र खर्च रू. ८,९६,८०,२५९।४२ भई सञ्चालन मुनाफा रू. २,८०,९८,६४१।६८ भएको छ । भने ऋण सुरक्षण कोषमा रू. २,२८,६२,६२९.५६ खर्च लेख्दा रू. ५२,३६,०१२.१२ मुनाफा भएको छ ।

**१२. राजस्वमा योगदान :** यस संस्थाले आ.व. २०८१/०८२ मा विभिन्न शीर्षक अन्तर्गत तपशिल अनुसार स्थानीय तह र आन्तरिक राजस्व कार्यालय परासीमा कर दाखिला गरेको छ ।

| क्र.सं. | शिर्षक | रकम (रु.) |
|---|---|---|
| १. | आयकर | २३,२६,५०२.०७ |
| २. | लाभांश कर | ०.०० |
| ३. | ब्याजकर | ३८,६३,९०५.६५ |
| ४. | अन्य लगानीको आयकर (संरक्षित पूंजी फिर्ता) | ०.०० |
| ५. | घर बहाल कर | ४६,८६०.०० |
| ६. | बहाल कर | २३,०४२.०० |
| ७. | पारिश्रमिक आयकर | ६९,६८१.०० |
| ८. | स्रोतमा करकट्टी | ३,२८,४१८.०० |
| ९. | आकष्मिक लाभकर | १३,६६७.०० |
| १०. | व्यवसायिक कर | १८,७५०.०० |
| ११. | सामाजिक पारिश्रमिक कर | १४,२६३.०० |
| | जम्मा | ६७,०५,०८८.७२ |

आदरणीय शेयर सदस्यज्यूहरू, अब म आ.व. २०८१/०८२ को लागि गत साधारण सभाद्धारा नियुक्त गरिएको लेखापरीक्षक रामहरि एण्ड एसोसियटसका लेखापरीक्षक श्री रामहरि रौनियारद्धारा लेखापरीक्षण गरिएको लेखाको सारांश प्रस्तुत गर्ने अनुमति माग्दछु ।

## नाफा नोक्सान हिसाब

| आम्दानी | चालु वर्ष रकम (रु.) | गत वर्ष रकम (रु.) |
|---|---|---|
| ब्याज आम्दानी (ऋण लगानी) | १०,०३,१८,९१५.२१ | ११,३३,८९,७६०.४३ |
| ब्याज आम्दानी (बैंक ब्याज) | १,०४,६६,९५२.४७ | १,३६,४५,०१९।६२ |
| हर्जना प्राप्त | ४१,८२,१७१.०० | २१,६४,१३६।९८ |
| छुट प्राप्त (हायर पर्चेज) | ५१७०.०० | १८,०००।०० |
| ऋण लगानीमा सेवा शुल्क | २१,२४,४०५.०० | २९,५२,७९३।०० |
| लाभांश | ० | ० |
| रेमिट्यान्स कमिशन | ५,५७०.०० | २९,८९१।०६ |
| ई सेवा कमिशन | ९,४७४.४६ | ६,२९८।४७ |
| स्मार्ट बैंकिङ् | २,४१,४००.०० | २,१२,१९३।८६ |
| अन्य आम्दानी | ४,२४,८४२.९६ | १,९५,८३२।७९ |
| कुल आम्दानी | ११,७७,७८,९०१.१० | १३,२६,१३,९२६.२१ |
| खर्च | चालु वर्ष रकम (रु.) | गत वर्ष रकम (रु.) |
| कर्मचारी खर्च | १,३७,३१,७८२.०० | १,३२,२५,९७२।०० |
| प्रशासनिक खर्च | ८९,२३,११६.४२ | ९१,४२,६४१।९५ |
| व्याज खर्च निक्षेपमा | ६,४३,९८,४२८.३६ | ८,२१,०३,३१६.०० |
| व्याजमा छुट | ०.०० | १२,१६,५६७।०० |
| व्याज खर्च बाह्य ऋणमा | ०.०० | ०।०० |
| मूल्य ह्रासकट्टि | २६,२६,९३२.६४ | २५,१६,१५३।७३ |
| जोखिम कोषको व्यवस्था | २,२८,६२,६२९.५६ | २,०९,८२,९९६।७२ |
| कुल खर्च | ११,२५,४२,८८८.९८ | १२,९१,८७,६४७.४० |
| खुद बचत | ५२,३६,०१२.१२ | ३४,२६,२७८।८१ |

## वासलात

| पूँजी तथा दायित्व | रकम ( रु.) | सम्पति तथा जायजेथा | रकम ( रु.) |
|---|---|---|---|
| शेयर पूँजी | ८,१६,०६,१००.०० | नगद मौज्दात | १,३८,१७२.०० |
| निक्षेप संकलन | ९७,२३,९२,२३३.२५ | बैंक/वित्तीय मौज्दात | १०,७४,४६,४१४.८६ |
| जगेडा तथा अन्य कोष | १०,७०,६३,०४७.९८ | ऋण लगानी | ७३,३१,६८,८५९.६९ |
| तिर्न बांकी ऋण सापट | ०.०० | वित्तीय लगानी | २५,९७,६३,५००.०० |
| आयकर दायित्व | ०.०० | स्थिर सम्पत्ति | ३,८०,४२,६०६.२० |
| अन्य दायित्व | ३३,००,४३७.२४ | अन्य सम्पत्ति तथा पाउनुपर्ने हिसाब | २,५८,०२,२६५.७२ |
| जम्मा | १,१६,४३,६१,८१८.४७ | जम्मा | १,१६,४३,६१,८१८.४७ |

आदरणीय शेयर सदस्यहज्यूहरू, अब म आर्थिक अनुपात विश्लेषण गर्ने अनुमति माग्दछु । आर्थिक वर्ष २०८१/८२ को कुल आम्दानी रू ११,७७,७८,९०१.१० मा खर्चको अनुपात निम्नानुसार रहेको छ :

| विवरण | रकम रु. | यस वर्ष (%) | गत वर्ष (%) |
|---|---|---|---|
| कर्मचारी खर्च | १,३७,३१,७८२.०० | ११.६६ | ९.९७ |
| प्रशासनिक खर्च | ८९,२३,११६.४२ | ७.५८ | ६.८९ |
| व्याज खर्च निक्षेपमा | ६,४३,९८,४२८.३६ | ५४.६८ | ६१.९१ |
| व्याजमा छुट | ०.०० | ०.०० | ०.९२ |
| व्याज खर्च बाह्य ऋणमा | ०.०० | ०.०० | ०.०० |
| मूल्य ह्रासकट्टि | २६,२६,९३२.६४ | २.२३ | १.९१ |
| जोखिम कोषको व्यवस्था | २,२८,६२,६२९.५६ | १९.४१ | १५.८२ |
| (आयकर अघि) खुद बचत | ५२,३६,०१२.१२ | ४.४४ | २.५८ |
| जम्मा | ११,७७,७८,९०१.१० | १०० | १०० |

यसरी नै आ.व. २०८१/०८२ को कुल सम्पत्ति रू. १,१६,४३,६१,८१८.४७ मा पूँजी तथा दायित्वको अनुपात निम्नअनुसार छ :

| पूँजी तथा दायित्व | रकम रु. | यस वर्ष (%) | गत वर्ष (%) |
|---|---|---|---|
| शेयर पूँजी | ८,१६,०६,१००.०० | ७.०१ | ८.६८ |
| निक्षेप संकलन | ९७,२३,९२,२३३.२५ | ८३.५१ | ८२.९ |
| जगेडा तथा अन्य कोष | १०,७०,६३,०४७.९८ | ९.१९ | ८.१८ |
| तिर्न बांकी ऋण सापट | ०.०० | ०.०० | ०.०० |
| आयकर दायित्व | ०.०० | ०.०० | ०.०० |
| अन्य दायित्व | ३३,००,४३७.२४ | ०.२९ | ०.२४ |
| जम्मा | १,१६,४३,६१,८१८.४७ | १०० | १०० |

यसरी नै कुल पूँजी तथा दायित्व रू. १,१६,४३,६१,८१८.४७ मा सम्पत्ति तथा जायजेथाको अनुपात निम्नानुसार रहेको छ :

| सम्पति तथा जायजेथा | रकम रु. | यस वर्ष (%) | गत वर्ष (%) |
|---|---|---|---|
| नगद मौज्दात | १,३८,१७२.०० | ०.०१ | ०.०३ |
| बैंक/वित्तीय मौज्दात | १०,७४,४६,४१४.८६ | ९.२२ | १४.६३ |
| ऋण लगानी | ७३,३१,६८,८५९.६९ | ६२.९७ | ६७.९४ |
| वित्तीय लगानी | २५,९७,६३,५००.०० | २२.३२ | १२.९३ |
| स्थिर सम्पत्ति | ३,८०,४२,६०६.२० | ३.२७ | २.९० |
| पाउनुपर्ने हिसाब | २,५८,०२,२६५.७२ | २.२१ | १.५७ |
| जम्मा | १,१६,४३,६१,८१८.४७ | १०० | १०० |

वित्तीय संस्थाको स्वस्थतालाई मापन गर्न अन्तर्राष्ट्रिय PEARLS अनुगमन प्रणाली अनुसार हेरिन्छ । उक्त प्रणाली अनुसार यस संस्थाको वर्तमान आर्थिक सूचकाङ्कको अवस्था निम्नानुसारको छ ।

| P-E-A-R-L-S RATIO (पर्ल्स अनुपात) | | | Goals लक्ष्य | अवस्था (%) |
|---|---|---|---|---|
| **PROTECTION (ऋण सुरक्षण व्यवस्था )** | | | | |
| P | **PERFORMING LOAN** | | | |
| | | भाखा ननाघेको असल ऋणको लागि व्यवस्था | १% | १% |
| | | १ महिना देखि ३ महिना भाखा नाघेको ऋणको लागि व्यवस्था | १% | १% |
| | **NON-PERFORMING LOAN** | | | |
| | | ३ महिना देखि ६ महिना भाखा नाघेको ऋणको लागि व्यवस्था | २५% | २५% |
| | | ६ महिना देखि १२ महिना भाखा नाघेको ऋणको लागि व्यवस्था | ५०% | ५०% |
| | | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि व्यवस्था | १००% | १००% |
| **EFFECTIVE FINANCIAL STRUCTURE (प्रभावकारी वित्तीय संरचना)** | | | | |
| E | E1 | लगानीमा रहेको खुद ऋण/कुल सम्पत्ति | ७०-८०% | ६२.९६% |
| | E5 | बचत निक्षेप/कुल सम्पत्ति | ७०-८०% | ८३.५१% |
| | E6 | बाह्य ऋण/कुल सम्पत्ति | बढीमा ५% | ०% |
| | E7 | शेयर पूंजी/ कुल सम्पत्ति | १०-२०% | ७.०१% |
| | E9 | संस्थागत पूंजी/कुल सम्पत्ति | कम्तिमा १०% | ८.१% |
| | | **ASSETS QUALITY(सम्पतिको गुणस्तर)** | | |
| A | A1 | भाखा नाघेको ऋण/कुल लगानीमा रहेको ऋण | ५% भन्दा कम | ८.०४% |
| | A2 | आय आर्जन नगर्ने सम्पत्ति/कुल सम्पत्ति | ५% भन्दा कम | ५.४९% |
| | A3 | खुद लागत रहित कोष/आय आर्जन नगर्ने सम्पत्ति | २००% वा सो भन्दा बढी | ३१३.९९% |
| **RATES OF RETURN AND COSTS (लगानीको प्रतिफल तथा लागत)** | | | | |
| R | R1 | कुल ब्याज आम्दानी/ औषत ऋण लगानी | ब्याज दर | ११.६६% |
| | R5 | बचतमा ब्याज खर्च/औषत बचत निक्षेप | बजार दर | ६.५७% |
| | R6 | बाह्य ऋणमा ब्याज खर्च/औषत बाह्य ऋण | बजार दर | ०% |
| | R7 | शेयर लाभांश रकम / औषत शेयर पूंजी | बढीमा १५% | ०% |
| | R9 | संचालन खर्च/औषत सम्पत्ति | ५% भन्दा कम | २.१४% |
| | R12 | खुद आय/औषत सम्पत्ति | कम्तिमा १०% | ०.४३% |
| **LIQUIDITY (तरलता)** | | | | |
| L | L1 | तरल सम्पत्ति/कुल बचत निक्षेप | न्यूनतम १५% | ३४.२०% |
| | L3 | आर्जन नगर्ने तरल सम्पत्ति/कुल सम्पत्ति | बढीमा १% | ०.०१% |
| **SIGNS OF GROWTH (वृद्धीको संकेत )** | | | | |
| S | S10 | सदस्यता बृद्धि | कम्तिमा १२ | १.६८% |
| | S11 | कुल सम्पत्तिमा बृद्धि | मुद्रास्फितिको दर भन्दा बढी | (२.२५%) |

नेपाल राष्ट्र बैंक र राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको निर्देशन तथा मापदण्डका आधारमा संस्थाले गणना गर्नुपर्ने पूंजी प्रयाप्तताको गणना यस प्रकार रहेको छ ।

## पूँजीकोष तालिका
## २०८२ आषाढ मसान्त

| विवरण | चालु अवधि |
|---|---|
| **(क) प्राथमिक पुँजी** (Core Capital) | **१७५,९३०,२५५.१६** |
| १) शेयर पुँजी | ८१,६०६,१००.०० |
| २) जगेडा कोष | ९४,२४५,८३७.४३ |
| ३) घाटा पुर्तिकोष | ७८,३१७.७३ |
| ४) सञ्चित नाफा/नोक्सानी | - |
| **(ख) पूरक पुँजी** (Supplimentary Capital) | **२१,६३९,४६२.४९** |
| १) सक्रिय ऋणको लागि गरेको ऋण नोक्सानी व्यवस्था | ७,९८७,९६२.४९ |
| २) अतिरिक्त ऋण नोक्सानी व्यवस्था | १३,६५१,५००.०० |
| ३) सम्पत्ति पुर्नमूल्यांकन कोष | - |
| ४) स्वतन्त्र जगेडा कोष | - |
| **(ग) जम्मा पुँजीकोष (क+ख)** | **१९७,५६९,७१७.६५** |
| **(घ) जोखिम भारित सम्पत्तिको आधारमा कायम गर्नुपर्ने न्यूनतम पुँजीकोष ८ प्रतिशत** | **२६.६२%** |
| जोखिम भारित सम्पत्ति | ७४,२१,९०,७४५.१ |

# आर्थिक वर्ष २०८२/०८३ का लागि प्रस्तावित वित्तीय लक्ष्य तथा बजेट

## आम्दानी

आम्दानीतर्फ यस आ.व. को अन्तसम्म रू. १० करोड ३८ लाख ९७ हजार २ सय पुग्नेछ ।

## खर्च

यस आर्थिक वर्षको अन्तसम्ममा खर्चलाई रू. ७ करोड ७३ लाख १८ हजार ८ सयमा सीमित गर्ने लक्ष्य राखिएको छ ।

## शेयर पूँजी

यस आ.व. को अन्तसम्ममा शेयर पूँजीतर्फ रू. ९ करोड ८२ लाख ५० हजार सम्म पुऱ्याउने लक्ष्य राखिएको छ ।

## बचत सङ्कलन

आ.व. २०८१/०८२ को अन्तसम्ममा बचत रू. ९७ करोड २३ लाख ९२ हजार २ सय ३३ रूपैंया २५ पैसा रहेकोमा यस आर्थिक वर्षको अन्तसम्ममा रू. १ अर्ब २ करोड १८ लाख पुऱ्याउने लक्ष्य राखिएको छ ।

## बाह्य ऋण

संस्थाले ऋण मागको चापलाई दृष्टिगत गरी अन्य वित्तीय निकायहरूसँग आवश्यक समन्वयका साथ बाह्य ऋणको व्यवस्थापन गरिनेछ ।

## ऋण लगानी

आ.व. २०८१/८२ को अन्तसम्ममा ऋण लगानी रू. ७८ करोड ९३ लाख २९ हजार २१ रूपैंया ९६ पैसा रहेकोमा चालु आर्थिक वर्षको अन्तमा जम्मा ऋण लगानी रू. ९४ करोड ३२ लाख पुऱ्याउने लक्ष्य राखिएको छ ।

**आ.व. २०८१/०८२ को अनुमानित, वास्तविक र आ.व. २०८२/०८३ को लागि प्रस्तावित आम्दानी खर्चको विवरण :**

### १. आम्दानी विवरण

| शिर्षकहरु | प्रस्तावित (रु.) | वास्तविक (रु.) | प्रस्तावित (रु.) |
|---|---|---|---|
| | आ.व. ०८१/०८२ | ०८२ आषाढ मसान्त | आ.व. ०८२/०८३ |
| वित्तीय आम्दानी | | | |
| **क) ऋणबाट प्राप्त आम्दानी** | | | |
| ऋण लगानीबाट ब्याज आम्दानी | १०५,०००,०००।०० | १००,३१८,९१५।२१ | ९४५०००००।०० |
| हर्जना तथा जरिवाना | १,०००,०००।०० | ४,१८२,१७१।०० | १००००००।०० |
| **जम्मा** | **१०६,०००,०००।००** | **१०४,५०१,०८६।२१** | **९५५०००००।००** |

| | | | |
|---|---|---|---|
| तरल लगानीबाट प्राप्त आम्दानी | २,०००,०००।०० | १,७७३,७७२।३० | २००००००।०० |
| वित्तीय लगानीबाट प्राप्त आम्दानी | ७,५००,०००।०० | ८,६९३,१८०।१७ | ३००००००।०० |
| जम्मा | ९,५००,०००।०० | १०,४६६,९५२।४७ | ५००००००।०० |
| वित्तीय आम्दानी जम्मा | ११५,५००,०००।०० | ११४,९६८,०३८।६८ | १००,५००,०००।०० |
| **ख) गैर वित्तीय आम्दानी** | | | |
| प्रवेश शुल्क | ५०,०००।०० | ५५,५००।०० | ११५,२००।०० |
| ऋण व्यवस्थापन शुल्क | २,०००,०००।०० | २,१२४,४०५।०० | २,७५४,०००।०० |
| विप्रेषण सेवाबाट आम्दानी | ५०,०००।०० | २०,२१४।४६ | २८,०००।०० |
| मोबाईल बैंकिङ | ३००,०००।०० | २४१,४००।०० | ३००,०००।०० |
| अन्य आम्दानी | २००,०००।०० | ४२४,८४२।९६ | २००,०००।०० |
| जम्मा गैर वित्तीय आम्दानी | २,६००,०००।०० | २,८६६,३६२।४२ | ३,३९७,२००।०० |
| कुल आम्दानी | ११८,१००,०००।०० | ११७,८३४,४०१।१० | १०३,८९७,२००।०० |

## २. खर्च विवरण

| शीर्षकहरु | प्रस्तावित (रु.) | वास्तविक (रु.) | प्रस्तावित (रु.) |
|---|---|---|---|
| | आ.व. ०८१/०८२ | ०८२ आषाढ मसान्त | आ.व. ०८२/०८३ |
| **(क) प्रशासनिक खर्च** | | | |
| साधारण सभा खर्च | २,६३९,५८९।२३ | २,६००,५८५।२३ | १,५००,०००।०० |
| नविकरण खर्च | २००,०००।०० | ८७,१३०।०० | ३००,०००।०० |
| मसलन्द स्टेसनरी | २००,०००।०० | १९२,८६३।२५ | ४००,०००।०० |
| छपाई प्रकाशन | ३००,०००।०० | २५७,६१४।९५ | ५००,०००।०० |
| कार्यालय उपयोगिता (टेलिफोन,विधुत खानेपानी आदि) | ४००,०००।०० | ३९२,३१८।६० | ४५०,०००।०० |
| इन्टरनेट | ७५,०००।०० | ७३,९६०।०० | १००,०००।०० |
| सफ्टवेयर र नेटवर्किंग | १,०५०,०००।०० | १,०४९,२५०।०० | १,०००,०००।०० |
| एस एम एस तथा मोबाईल एप्स | २००,०००।०० | १२४,७४८।२७ | २००,०००।०० |
| पुरस्कार तथा सम्मान | ५०,०००।०० | २९,०१६।०० | ५०,०००।०० |

| | | | |
|---|---|---|---|
| यातायात तथा भ्रमण | ३००,०००।०० | २८४,८८३।०० | ३००,०००।०० |
| ईन्धन | १५०,०००।०० | १४७,८११।५० | २००,०००।०० |
| बैठक भत्ता | ३२५,०००।०० | २९२,०००।०० | ३५०,०००।०० |
| बिमा | ३००,०००।०० | २५२,९६६।०० | ३००,०००।०० |
| आन्तरिक लेखा परीक्षण | २००,०००।०० | २००,०००।०० | २००,०००।०० |
| बाह्य लेखा परीक्षण एनएफआरएस सहित | ६५०,०००।०० | ३३९,०००।०० | ५००,०००।०० |
| अतिथि सत्कार | ३००,०००।०० | २९८,४२५।०० | ३००,०००।०० |
| नखप्ने सामान खरिद | ५०,०००।०० | ४५,००१।०० | १००,०००।०० |
| पत्र पत्रिका तथा सूचना | १००,०००।०० | ६१,६६२।०० | ५०,०००।०० |
| मर्मत सम्भार | २००,०००।०० | १९६,८७६।०० | २००,०००।०० |
| कार्यालय सजावट | ५०,०००।०० | ४८,३५४।०० | ५०,०००।०० |
| कार्यालय सरसफाई | २५०,०००।०० | २३६,५९१।०० | २५०,०००।०० |
| ढुवानी तथा ज्याला | ५०,०००।०० | ३५,६८४।९५ | ५०,०००।०० |
| प्रकोप,माहामारी, जोखिम व्यवस्थापन खर्च | २००,०००।०० | ५०,०११।३० | २००,०००।०० |
| एकीकरण खर्च | ५०,०००।०० | - | ५०,०००।०० |
| बैंक शुल्क | २५,०००।०० | ५,४४९।३८ | २५,०००।०० |
| सदस्य राहत कोष | | २२१,३००।०० | ४,०५३,४००।०० |
| विविध खर्च | १००,०००।०० | ७५,८६५।०० | १००,०००।०० |
| लिज ब्याज खर्च एनएफआरएस (घरभाडा) | ७००,०००।०० | ८०,८९०।९१ | १००,०००।०० |
| **ह्रास खर्च** | ३,०००,०००।०० | २,६२६,९३२।६४ | २,५००,०००।०० |
| **जम्मा प्रशासनिक खर्च** | **१२,११४,५८९।२३** | **१०,३०७,१८९।९८** | **१४,३७८,४००।००** |

| | | | |
|---|---|---|---|
| **(ख) कर्मचारी खर्च** | | | |
| तलब भत्ता | ११,०००,०००।०० | १०,४३८,४५५।०० | ११,०००,०००।०० |
| सामाजिक सुरक्षा कोष | १,८५०,०००।०० | १,६७८,८५८।०० | १,८००,०००।०० |
| चाडपर्व खर्च | ८९४,८३९।०० | ८९४,८३९।०० | ९००,०००।०० |
| सञ्चित विदा | ५००,०००।०० | ३३७,३१७।०० | ५००,०००।०० |
| पोषाक | ३२५,२५०।०० | ३२५,२५०।०० | ३५०,०००।०० |
| प्रशिक्षार्थी | | ५७,०६३।०० | १५०,०००।०० |
| **जम्मा कर्मचारी खर्च** | **१४,५७०,०८९।००** | **१३,७३१,७८२।००** | **१४,७००,०००।००** |
| **(ग) कार्यक्रम खर्च** | | | |
| तालिम तथा शिक्षा | ८७५,०००।०० | ४२६,२४९।०० | ८७५,०००।०० |
| योजना निर्माण एवं समिक्षा | ५००,०००।०० | ४६१,१५०।०० | ५०,०००।०० |
| वृत्तचित्र | १००,०००।०० | - | १००,०००।०० |
| सहकारी दिवस | २५,०००।०० | ६,५६५।०० | २५,०००।०० |
| स्थापना दिवस | ५०,०००।०० | ४९,२९५।०० | ५०,०००।०० |
| पाल्म वर्कशप (एक्सेस) | १०५,०००।०० | १०५,०००।०० | १००,०००।०० |
| प्रवर्द्धनात्मक कार्यक्रम | २००,०००।०० | १९४,६००।०८ | ३००,०००।०० |
| **जम्मा कार्यक्रमिक खर्च** | **१,८५५,०००।००** | **१,२४२,८५९।०८** | **१,५००,०००।००** |
| **(घ) वित्तीय खर्च** | | | |
| बचतमा ब्याज | ६४,०००,०००।०० | ६४,३९८,४२८।३६ | ४३,०००,०००।०० |
| बाह्य ऋणमा ब्याज | - | - | - |
| बाह्य ऋणमा सेवा शुल्क | - | - | - |
| ब्याजमा छुट | - | - | - |
| **जम्मा वितीय खर्च** | **६४,०००,०००।००** | **६४,३९८,४२८।३६** | **४३,०००,०००।००** |

| | | | |
|---|---|---|---|
| **(ङ) सुरक्षण खर्च** | ३,०००,०००।०० | २२,८६२,६२९।५६ | ३,०००,०००।०० |
| **(च) ऋण अपलेखन खर्च** | - | - | - |
| कुल खर्च | **९५,५३९,६७८।२३** | **११२,५४२,८८८।९८** | **७६,५७८,४००।००** |

## ३. नाफा नोक्सान हिसाब

| | | | |
|---|---|---|---|
| कुल आम्दानी | ११८,१००,०००।०० | ११७,८३४,४०१।१० | १०३,८९७,२००।०० |
| कुल खर्च | ९५,५३९,६७८।२३ | ११२,५४२,८८८।९८ | ७६,५७८,४००।०० |
| खुद नाफा नोक्सान | **२२,५६०,३२१।७७** | **५,२९१,५१२।१२** | **२७,३१८,८००।००** |

यस अवधिमा अनुमानित आम्दानी / खर्च र वास्तविक आम्दानी / खर्चको विश्लेषण गर्दा आम्दानीतर्फ अनुमान गरेकोमा करिब ९९.७७ प्रतिशतले लक्ष्य हासिल भएको छ भने खर्चतर्फ १७.७९ प्रतिशतले बढी खर्च भएको छ । त्यसैगरी भने खुद बचत तर्फ अनुमानितमा २३.४५ प्रतिशतले उपलब्धि हासिल भएको जानकारी गराउन चाहन्छु ।

## कर्मचारी खर्च तर्फ बजेट वितरण

कुल सञ्चालन खर्चको ५०.५ प्रतिशत बजेट कर्मचारी खर्च तर्फ छुट्याइएको छ । यस शीर्षक अन्तर्गत जम्मा रू. १,४७,००,००० बजेट विनियोजन गरिएको छ । कर्मचारीहरूको सेवा सुविधा निम्नानुसार निर्धारण गरिएको छ ।

| क्र.सं. | तह | आधार तलब (रु) | भत्ता (रु) | जम्मा (रु) | ग्रेड संख्या |
|---|---|---|---|---|---|
| १. | दशौं | ५७,०००।०० | ५,०००।०० | ६२,०००।०० | ४ |
| २. | छैटौं | ४३,७००।०० | — | ४३,७००।०० | ३ |
| ३. | पांचौं | ३५,०००।०० | — | ३५,०००।०० | ६ |
| ४. | चौथो | ३३,०००।०० | — | ३३,०००।०० | ३ |
| ५. | तेस्रो | २७,७००।०० | — | २७,७००।०० | ३ |
| ६. | दोस्रो | २६,०००।०० | — | २६,०००।०० | ३ |
| ७. | पहिलो | २४,५००।०० | — | २४,५००।०० | ९ |
| | | १५,०००।०० | १०,०००।०० | २५,०००।०० | २ |
| ८. | तह विहिन नियमित | १७,०००।०० | ३,०००।०० | २०,०००।०० | ७ |
| | तह विहिन नियमित | १५,०००।०० | ४,५५०।०० | १९,५५०।०० | ४ |
| ९. | तह विहिन कार्यगत (बजार प्रधिनिधि) | १२१७०।०० | ७३८०।०० | १९,५५०।०० | ० |
| १०. | सेक्युरीटि गार्ड कार्यगत | १७,०००।०० | ३,०००।०० | २०,०००।०० | ० |

क. सम्पूर्ण नियमित कर्मचारीहरूको लागि ग्रेड सहितको मासिक तलवमानको २० प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा योगदान हुनेगरी व्यवस्था गरिनेछ र उक्त रकममा कर्मचारीको तर्फबाट ११ प्रतिशत थप गरी कुल ३१ प्रतिशत रकम मासिक रूपमा नेपाल सरकारको मातहतमा रहेको सामाजिक सुरक्षा कोषको कार्यालयमा जम्मा

गरिनेछ ।

ख. संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको लागि एक महिनाको ग्रेड सहितको तलबमान बराबर पर्व खर्च उपलब्ध गराईनेछ ।

ग. संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको लागि वार्षिक रूपमा रू.१०,००० पोषाक भत्ता उपलब्ध गराईनेछ ।

घ. मानव संसाधन व्यवस्थापन नीति अनुसार वार्षिक रूपमा उलब्ध गराईने बिदाबाट खर्च गरी बांकी रहेको बिदा बापतको रकम वार्षिक रूपमा खर्च लेखि बिदाको रकम सञ्चित कोषमा जम्मा गरिनेछ ।

## पूँजीगत खर्च

| शीर्षक | प्रस्तावित (रु.) आ.व.२०८१/०८२ | वास्तविक ( रु.) आ.व.२०८१/०८२ | प्रस्तावित (रु.) आ.व.२०८२/०८३ |
|---|---|---|---|
| फर्निचर तथा कार्यालय उपकरण | २०,००,०००.०० | ६,०८,२२९.४९ | १५,००,०००.०० |
| सेफ/भल्ट | ५,००,०००.०० | ०.०० | ०.०० |
| जग्गा/भवन | ६५,००,०००.०० | ०.०० | ०.०० |
| सवारी साधन | ०.०० | ०.०० | ०.०० |
| सफ्टवेयर | १०,००,०००.०० | ५,६५,०००.०० | १०,००,०००.०० |
| उपयोग अधिकार सम्पत्ति | ०.०० | ५,८८,६००.०० | ५,५०,०००.०० |
| अन्य | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| जम्मा | १,०५,००,०००.०० | १७,६१,८२९.४९ | ३५,५०,०००.०० |

# २०८२ आषाढ मसान्तको अनुमानित, वास्तविक र २०८३ आषाढ मसान्तसम्मको लागि प्रस्तावित वासलातको विवरण

## पूँजी तथा दायित्वतर्फ

| विवरण | प्रस्तावित आ.व. ०८१/०८२ | वास्तविक ०८२ आषाढ मसान्त | प्रस्तावित आ.व. ०८२/०८३ |
|---|---|---|---|
| शेयर | ८,३७,००,०००।०० | ८,१६,०६,१००।०० | ९,८२,५०,०००।०० |
| जगेडा कोष | ९,९०,००,०००।०० | ९,४२,४५,८३७।४३ | १०,२१,८०,०००।०० |
| ऋण सुरक्षण कोष | ४,००,००,०००।०० | ०।०० | ४,९१,२५,०००।०० |
| अन्य कोष | १,८०,००,०००।०० | १,२८,१७,२१०।५५ | २,८८,२०,०००।०० |
| बचत निक्षेप | ८९,००,००,०००।०० | ९७,२३,९२,२३३।२५ | १,०२,१८,००,०००।०० |
| बाह्य ऋण | ०।०० | ० | ०।०० |
| भुक्तानी दिनुपर्ने तथा अन्य दायित्व | ३०,००,०००।०० | ३३,००,४३७।२४ | ९८,२५,०००।०० |
| जम्मा | १,१३,३७,००,०००।०० | १,१६,४३,६१,८१८।४७ | १,३१,००,००,०००।०० |

## सम्पति तथा जायजेथा तर्फ

| विवरण | प्रस्तावित आ.व. ०८१/०८२ | वास्तविक ०८२ आषढ मसान्त | प्रस्तावित आ.व. ०८२/०८३ |
|---|---|---|---|
| नगद | ११,३३,७००।०० | १,३८,१७२।०० | १३,१०,०००।०० |
| बैंक | ११,४५,६६,३००।०० | १०,७४,४६,४१४।८६ | १९,५१,९०,०००।०० |
| आर्थिक लगानी | ७,००,००,०००।०० | २५,९७,६३,५००।०० | १०,४८,००,०००।०० |
| ऋण लगानी | ९०,००,००,०००।०० | ७३,३१,६८,८५९।६९ | ९४,३२,००,०००।०० |
| स्थिर सम्पत्ति | ३,७५,००,०००।०० | ३,८०,४२,६०६।२० | ३,९३,००,०००।०० |
| अन्य सम्पत्ति | १,०५,००,०००।०० | २,५८,०२,२६५।७२ | २,६२,००,०००।०० |
| जम्मा | १,१३,३७,००,०००।०० | १,१६,४३,६१,८१८।४७ | १,३१,००,००,०००।०० |

यसरी नै आ.व. २०८१/०८२ को अन्तसम्ममा यस संस्थाको कूल सम्पत्ति रू. १,१३,३७,००,०००.०० पुग्ने अनुमान गरिएकोमा अनुमानित रकममा १०२.७० प्रतिशतले उपलब्धी हासिल भई रू. १,१६,४३,६१,८१८.४७ पुगेको छ ।

## कारोबारलाई असर पार्ने मुख्य कुराहरु

- देशको राजनैतिक वातावरण र त्यसले असर पुऱ्याउने आर्थिक कारोवारको अवस्था,
- विगत केही समयदेखि वित्तीय क्षेत्रमा देखिएको अधिक तरलताको कारण मुलुकको आर्थिक सामाजिक क्रियाकलापमा पर्न सक्ने असरहरू,
- वित्तीय क्षेत्रमा देखिएको अधिक तरलताको कारण बचत तथा ऋण लगानीको ब्याजदरमा अस्वस्थ प्रतिस्पर्धाबाट पर्न सक्ने असरहरू,
- घरजग्गा तथा पुँजी बजारमा देखिएको मन्दिको कारण पर्न सक्ने असरहरू,
- नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी नियमन प्राधिकरण एवं सहकारी विभागले बैंक तथा वित्तीय संस्था एवं सहकारी सम्वन्धी नीति तथा निर्देशनमा परिवर्तन गर्दा पर्न सक्ने असरहरू,
- संस्थाबाट प्रदान गरेको ऋणहरू समयमा भुक्तानी नहुँदा पर्न सक्ने असरहरू,
- बजारमा हाल सञ्चालित तथा नयाँ प्रवेश हुने वित्तीय संस्थाहरू र यिनीहरूबाट हुने प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरू,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा हुने शिथिलता एवं मन्दीका कारण हुन सक्ने असरहरू,

यी कारणहरूबाट संस्थालाई पर्न सक्ने जोखिम तथा वित्तीय उपलब्धि प्राप्तिका लागि संस्थाबाट आवश्यक सम्भावित नोक्सानीको व्यवस्था गर्नका साथै सुरक्षित लगानीका विभिन्न अवसरहरूको पहिचान गर्न र सभ्भावित हानि-नोक्सानी हुन नदिन तथा जोखिम न्यून गर्न सजग रहने प्रतिवद्धता व्यक्त गर्दछौँ ।

आदरणीय शेयर सदस्यज्यूहरू, प्रस्तुत गरिएको वित्तीय विवरणलाई सारभूत रूपमा यथार्थताको नजिक ल्याउनको लागि तपाईँ सम्पूर्ण शेयर सदस्यज्यूहरूको अतुलनिय योगदान रहने कुरा अनुरोध गर्न चाहन्छु । तपाईँहरूको धेरैभन्दा धेरै यस संस्थासँग अर्थपूर्ण वित्तीय सहयात्रा भएमा मात्र यी आँकडाहरूको उपलब्धि हामीसामु आउने कुरामा दुई मत नहुन सक्छ तसर्थ प्रस्तुत गरिएको वित्तीय विवरण र मेरो अपेक्षा भनेको तपाईँ सबैको संस्थामा अर्थपूर्ण सहभागिता हो भन्ने मलाई लागेको छ ।

अन्त्यमा,

यस ग्रामीण वाल्मिकी साकोसलाई आजको अवस्थासम्म ल्याई पुऱ्याउन श्रम पसिना सिंचित गर्नुहुने पूर्व संचालक समिति पदाधिकारी एवं सदस्यज्यूहरू, संस्थाको दिगो विकास का लागी महत्पूर्ण भूमिका खेल्नुहुने सल्लाहकारज्यूहरू, संस्थाको वित्त व्यवस्थापनमा चुस्त दुरूस्त रहन मार्गनिर्देश गर्ने साथै आन्तरिक लेखापरिक्षणको भूमिका निर्वाह गर्ने लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, संस्थामा अहोरात्र खटिने मेहनती कर्मचारी मित्रहरू उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरूसवैमा विशेष धन्यवाद दिदै संस्थाको आर्थिक प्रतिवेदन यहिँ समाप्त गर्न चाहन्छु ।

धन्यवाद ! जयसहकारी ! जय ग्रामीण वाल्मिकी

कोषाध्यक्ष
**मुरलीकृष्ण खनाल**

# आ.व. २०८१/०८२ सालको लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन



प्रस्तुतकर्ता : **भानुभक्त ढकाल**, संयोजक

यस ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. को ३२ औं साधारण सभाका अध्यक्ष महोदय, सल्लाहकारज्यूहरू, सञ्चालक समिति, उप-समिति, शेयर सदस्यज्यूहरू, कर्मचारी मित्रहरू एवम् उपस्थित सम्पूर्ण महानुभावज्यूहरूमा हार्दिक सहकारी अभिवादन टक्याउन चाहन्छु ।

आदरणीय उपस्थित महानुभावहरू,

प्रथमत आज यस ग्रामीण वाल्मिकी साकोसको ३२ औं साधारण सभा सम्पन्न गर्न लागेको सुखद क्षणमा यहाँहरूले हामी प्रति सुम्पेको जिम्मेवारी बहन गर्ने क्रममा हामी यस संस्थाको वित्तीय पक्ष यस संस्थाले गरेका समग्र आर्थिक कारोवारहरू सुक्ष्म रूपमा अध्ययन गरेका छौं । यस संस्थाले सहकारीका सिद्धान्त, मूल्य र मान्यताका आधारमा संस्थामा आवद्ध सदस्यहरूको आर्थिक एवं सामाजिक विकास, संस्थाको हित र प्रगतिको लागि वित्तीय कारोवारमा पारदर्शीता ल्याई संस्थालाई सबल, सक्षम र सुदृढ बनाउन साधारण सभाबाट सुम्पिएको जिम्मेवारीलाई निष्ठापूर्वक सम्पन्न गरेको व्यहोरा सम्मानित हल समक्ष अनुरोध गर्दछौं ।

यस समितिलाई प्राप्त जिम्मेवारी सहकारी ऐन, नियमावली एवं संस्थाको विनियममा उल्लेख भए अनुसार र पछिल्लो समयमा नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी नियमन प्राधिकरण एवं सहकारी विभागद्धारा जारी मापदण्डमा तोकिएबमोजिम हामीले समय-समयमा नियमित तथा आवश्यकता अनुसार वित्तीय अभिलेख परीक्षण, नीति-नियमको कार्यान्वयन अनुगमन, नगदको भौतिक परीक्षण, सञ्चालक समितिका निर्णय र प्रभाव, वार्षिक कार्यक्रमको उपलब्धी, सम्पत्तिको गुणस्तर र संरक्षण, पर्ल्सको अनुसरण, पूँजीको प्रर्याप्तता र ऋण फाईलको अध्ययन जस्ता अति सरोकार क्षेत्रको अध्ययन गरी कार्यसम्पादनको चरणमा तत्काल सुझाव तथा सल्लाह दिँदै आएका छौँ ।

यस अवधिको समग्र संस्थाको अध्ययन र विश्लेषणका आधारमा लुम्बिनी प्रदेश सहकारी ऐनको परिच्छेद ६ दफा ४५ सँग सम्बन्धित रहेर यस प्रकारको प्रतिवेदन यस गरिमामय साधारण सभामा प्रस्तुत गरेका छौँ ।

## अघिल्लो साधारण सभाका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा

१. आर्थिक वर्षको सुरूवात श्रावणदेखि साधारण सभासम्मको खर्च पेश्की बजेटमार्फत् गरी साधारण सभाबाट स्वीकृत गर्ने प्रक्रियालाई निरन्तरता दिइएको ।

२. सञ्चालक समितिले अघिल्लो साधारण सभाले दिएको अधिकार प्रयोग गरी नियामक निकाय सहकारी विभागद्वारा जारी गरिएको सन्दर्भ ब्याजदर संस्थाको बचत नीति तथा ऋण व्यवस्थापन नीति र बजारको अवस्थालाई मध्यनजर

गर्दै ५ पटक ब्याजदर परिमार्जन गरिएको छ ।

## आर्थिक वर्ष २०८१/८२ मा बसेको बैठक सङ्ख्या तथा निर्णय कार्यान्वयन सम्बन्धमा

१. ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८१ साल आश्विन १३ गतेदेखि २१ गतेसम्म (अन्तिम निर्णय प्रमाणित आश्विन २९ गते) आयोजना गरिएको ३१ औँ वार्षिक साधारण सभा नियमपूर्वक सम्पन्न भएको र साधारणसभाहरूबाट पारित भएका निर्णयहरू यस अवधिसम्म आइपुग्दा कार्यान्वयन भएको देखिन्छ ।

२. यस आर्थिक वर्षमा सञ्चालक समितिको बैठक १५ पटक र लेखा सुपरिवेक्षण समितिको बैठक ५ पटक बसेको छ । बैठक सञ्चालक समितिको बैठक सञ्चालन कार्यविधि अनुसार बसी संस्थामा रहेका मौजुदा नीति, नियम, कार्यविधि तथा कार्ययोजना अनुसार नै निर्णय एवम् कार्यान्वयन गर्ने गरेको पाइयो । साथै अन्य विभिन्न विषयगत उप-समितिहरूको बैठक पनि कार्यविधि अनुसार बस्ने गरेको पाइयो ।

## बचत परिचालन, ऋण लगानी प्रक्रिया, ऋणबापतको सुरक्षण वा धितो सम्बन्धमा

१. संस्थाको विस्तार हुँदै गएको कारोवार र ऋण लगानीको क्षेत्रलाई अझ बढि सुरक्षित एवं प्रभावकारी बनाउन सञ्चालक समितिले महसुस गरी मौजुदा ऋण नीतिमा समयसापेक्ष संशोधन गरिएको र ऋण व्यवस्थापन नीति संशोधन गरी कार्यान्वयनमा ल्याएको, ऋण लगानी कार्यविधी कार्यान्वयनमा ल्याएको र ऋणीको ५ सि (5C) को मूल्याङ्कन गरी ऋण लगानी गरेको देखिन्छ ।

२. संस्थाले रू. १०,००,०००/- भन्दा माथिको ऋण लगानी गर्दा बाह्य परामर्शदाता इन्जिनियरबाट घरजग्गाको आधिकारिक मूल्याङ्कन गराई सोही मूल्याङ्कनको आधारमा ऋण लगानी गर्ने सुरक्षित उपायलाई निरन्तर अवलम्बन गरेको देखिन्छ ।

३. सहकारी विभाग, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट समय-समयमा जारी गरिएका निर्देशन तथा मापदण्ड अनुसार संस्थाले आफ्ना गतिविधीहरू सञ्चालन गरेको देखिन्छ ।

४. संस्थाको ऋण नीति अनुसार बिना धितो सदस्य तथा समूह जमानीमा एवं लघु व्यवसाय गर्न व्यवसायको वैधानिक कागजातको आधारमा रू. २ लाखसम्म ऋण प्रदान गर्ने नीतिको अवलम्बनबाट सदस्यहरूको पहुँच वृद्धि भएको पाइयो ।

५. धितो सुरक्षण ऋणमा धितोलाई दृष्टिबन्धक रोक्का गर्ने गरेको पाइयो ।

६. ऋण लगानीका नमुना फाइलहरु अध्ययन गर्दा ऋण लगानी प्रक्रिया, आवश्यक कागजात, ऋण सुरक्षण धितोको अवस्था, आम्दानीका प्रारम्भिक तथा दिगो स्रोतहरु र बजार मूल्याङ्कन आदिको आधारमा ऋण स्वीकृत गरी लगानी गर्ने गरेको पाइयो ।

७. ऋण लगानी प्रक्रिया संस्थाको व्यवस्थापनका साथै समितिको तर्फबाट छिटो छरितो र सर्वसुलभ तरिकाले गर्ने गरेको पाइयो ।

८. ऋण असुलीको अवस्था कमजोर देखिन्छ, कुल भाखा नाघेको ऋण ८.०४ प्रतिशत छ । मापनको हिसाबले आर्थिक वर्षको अन्त्यमा देखिएको असुलीको अवस्था अनुसार ऋणमा जोखिम बढेको देखिन्छ ।

## गैर-वित्तीय कार्यक्रम सम्बन्धमा

संस्थाले सञ्चालन गरेका गैर-वित्तीय सेवाहरु सुत्केरी भेटघाट कार्यक्रम, सदस्य मृत्यु राहत कोषको व्यवस्था, सदस्य दिर्घरोग राहत कार्यक्रम, सदस्य सर्वेक्षण कार्यक्रम, उत्कृष्ट सदस्यलाई पुरस्कृत कार्यक्रम, रक्तदान जस्ता कार्यक्रमहरू प्रभावकारी रुपमा निरन्तर सञ्चालनमा छन् । यो कार्यक्रमबाट संस्थाको सामाजिक उत्तरदायित्व वहन तथा सदस्यहरूसँगको भावनात्मक सम्बन्ध विकास र विस्तार तथा संस्थाको ख्यातिमा समेत वृद्धि भएको छ ।

## सूचना, प्रविधि र सुरक्षा सम्बन्धमा

१. संस्थाले २०८१ श्रावणबाट SynergyTech सफ्टवेयर कम्पनिको M-Fin Plus Software प्रयोग गरेको छ । उक्त सफ्टवेयर CORE BANKING SYSTEM को लागि भरपर्दो र आवश्यकता अनुसारको वित्तीय विवरणहरु प्रदान गर्ने सफ्टवेयर हो भन्ने लागेको छ । दैनिक रुपमा Cloud सिस्टममा डाटा ब्याकअप गर्ने गरिएको छ । नेटवर्क सुरक्षाका लागि फायरवेल प्रणाली छ । आवश्यकता अनुसार कर्मचारीहरूलाई OPERATIONAL ID प्रदान गरिएको छ ADMINISTRATIVE ID उच्च व्यवस्थापनसँग रहेको छ । पावर ब्याकअपको लागि युपीएस व्यवस्था गरिएको छ ।

२. संस्थाको केन्द्रिय कार्यालय तथा सबै सेवा केन्द्रमा आवश्यकता अनुसार सुरक्षा गार्ड तथा सी.सी. क्यामेराको व्यवस्था गरिएको छ ।

३. संस्थाका महत्वपूर्ण कागजातहरु, माइन्युट निर्णय, ऋण तमसुक लगायत वित्तीय विवरणहरूको इलेक्ट्रोनिक कपि मार्फत् सुरक्षित राख्ने गरेको पाईयो ।

४. संस्थाले सञ्चालन गरेको मोबाइल बैंकिङ्ग एप्स सरल, सहज तथा सुरक्षित रहेको देखिन्छ ।

५. संस्थाले डिजिटल पासबुकको शुरूवात गरेको छ ।

६. QR भुक्तानी र QR Withdraw प्रणाली निकै सरल, सहज तथा सुरक्षित रहेको देखिन्छ ।

७. संस्थागत जानकारी तथा कार्यक्रमहरूलाई सामाजिक सञ्जाल, वेबसाइट तथा एस.एम.एस. मार्फत् जानकारी गराउने गरिएको छ ।

८. मोबाइल बैंकिङ्ग एप्स र एस.एम.एस. प्रयोगकर्ता सदस्यहरूको सङ्ख्यामा वृद्धि भई प्रविधियुक्त सेवामा सदस्यको सहज पहुँचमा विस्तार हुंदै गएको देखिन्छ ।

## व्यवस्थापन तथा प्रशासन सम्बन्धमा

१. मानव संसाधन व्यवस्थापन नीतिलाई अद्यावधिक गर्दै पूर्ण रुपमा प्रयोगमा ल्याइएको छ ।

२. वार्षिक रुपमा कर्मचारीहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्ने परिपाटीलाई नियमित गरिएको छ ।

३. संस्थाको नीतिअनुसार नै कर्मचारीको भर्ना प्रक्रिया पारदर्शी एवम् प्रतिस्पर्धी रुपमा गर्ने गरिएको छ र संस्थाले कार्यक्रमको प्रकृति एवम् कार्यबोझको आधारमा यस वर्ष कर्मचारीहरु थप गरेको देखिन्छ ।

४. कर्मचारी नियुक्ति गर्दा नीतिमा उल्लेख भए अनुसार नियमित, कार्यगत, समयगत आकस्मिक र आशिंक रोजगारीको व्यवस्था अपनाउने गरिएको र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा तथा पुरस्कारको व्यवस्था गरिएको छ ।

५. संस्थाले हालसम्म प्राप्त गरेको ACCESS BRAND, PROBATION BRAND, समय समयमा प्राप्त विभिन्न पुरस्कारहरूको कारणले संस्थाको ख्याति अत्यन्त उच्च रहेको छ ।

६. सहकारी एकीकरणको प्रभाव समुदायमा राम्रो देखिएको छ एकीकरणमार्फत् बढ्दै गएको क्षेत्र विस्तार र सदस्य वृद्धि संस्थाको लागि सबल पक्ष रहेको छ भने यसले समुदायमा विश्वास पनि उत्तिकै बढेको छ । व्यवस्थापन गर्न सक्ने गरी संस्था एकीकरणको योजना गरेको देखिन्छ ।

७. संस्था सामाजिक सुरक्षा कोषमा आवद्ध भई योगदान गरिरहेको छ ।

## वित्तीय उपलब्धी विवरण

| | | |
|---|---|---|
| कुल सदस्य सङ्ख्या | : | १२,६३६ जना |
- स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिँदैन। स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ।

## २.१५ जारी गरिएको निक्षेप, ऋण धितोपत्र र अधीनस्थ दायित्वहरू

**निक्षेपः**

सदस्यहरूको निक्षेपहरू प्रारम्भमा कारोबारको लागत घटाई उचित मूल्यमा पहिचान गरिन्छ। कारोबारको लागत निकै कम हुने भएकाले यी खर्चहरुलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ निक्षेप मापनको लागि लेनदेन मूल्यलाई नै उचित मूल्य मानिन्छ।

## २.१६ व्यवस्थाहरू, अन्य दायित्वहरू, संयोगिक (सम्भाव्य)दायित्वहरू

- कुनै विगतको घटनाको परिणामस्वरूप सहकारी संस्थासँग वर्तमानमा कानूनी वा परोक्ष दायित्व उत्पन्न भएको छ, जसको भरपर्दो अनुमान गर्न सकिन्छ, र उक्त दायित्व चुक्ता गर्न आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना बढी छ भने, व्यवस्थाको (Provision) लेखाङ्कन गरिन्छ। लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ। व्यवस्थाहरू हरेक प्रतिवेदन मितिमा पुनरावलोकन गरिन्छ र वर्तमानमा सबैभन्दा उपयुक्त अनुमान अनुसार परिमार्जन गरिन्छ। यदि स्रोत बाहिरिन सक्ने सम्भावना नरहेमा त्यस्ता व्यवस्थाहरू उल्ट्याइन्छ।
- लेखाङ्कन गरिने रकम भनेको प्रतिवेदन मितिमा वर्तमान दायित्व चुक्ता गर्न आवश्यक अनुमानित सबैभन्दा उपयुक्त रकम हो, जसमा त्यस समयमा रहेको जोखिम र अनिश्चिततालाई समेत ध्यानमा राखिन्छ।
- संयोगिक (सम्भाव्य)दायित्वहरू ती दायित्वहरू हुन् जसको सृजना हुने वा नहुने भन्ने कुरा कुनै अनिश्चित घटनामा निर्भर गर्दछ। अनिश्चित भविष्यको घटना र यी रकमहरू वासलात बाहिरका (Off balance sheet items) शीर्षकहरु हुन् र आर्थिक स्रोत बाहिरिन सक्ने सम्भावना कम भएकाले खुलासा गरिन्छ।
- सम्झौताबाट प्राप्त गर्ने अपेक्षित लाभ सम्झौता अन्तर्गतको दायित्व पूरा गर्ने अपरिहार्य लागतभन्दा कम हुँदा कष्टसाध्य सम्झौताको लेखाङ्कन व्यवस्था गरिन्छ। २०८२ को आषाढको अन्त्यमा सहकारीसँग त्यस्तो संयोगिक दायित्व र कष्टसाध्य सम्झौताहरू छैनन्।

## २.१७ आयको पहिचान

सहकारी संस्थामा आर्थिक लाभ प्रवाहित हुने सम्भावना भएको हदसम्म र मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिने भएमा आम्दानी लेखाङ्कन गरिन्छ। आय बाध्नको लागि देहायका मापदण्डहरू पनि पूरा गर्नुपर्ने हुन्छ।

**ब्याज आम्दानी**

परिशोधित लागतमा मापन गरिएका सबै वित्तीय उपकरणहरू, बिक्रिको लागी राखिएको ब्याज आर्जन गर्ने वित्तीय उपरणहरु , नाफा वा नोक्सान मार्फत उचित मूल्यमा तोकिएका वित्तीय उपकरणहरूको ब्याज आम्दानी प्रभावकारी ब्याज दर (EIR) प्रयोग गरेर लेखाङ्कन गरिन्छ। EIR भनेको वित्तीय उपकरणको अपेक्षित जीवन अवधिमा वित्तीय सम्पत्तिको खुद वहन रकममा अनुमानित भविष्यको नगद भुक्तानी वा प्राप्तिहरूलाई ठ्याक्कै छुट

Ram Hari & Associates Chartered Accountants Siddharthanagar-8, Rupandehi

(discount) गर्ने दर हो । प्रभावकारी ब्याज दरको गणनामा प्राप्त गरिएको शुल्कहरू समावेश हुन्छ । ऋणको जीवनकालमा यसरी पहिचान गरिएको आय प्रभावकारी व्याज विधि अन्तर्गत प्राप्त हुने आम्दानीको लगभग बराबर हुने भएकाले र प्रत्यक्ष रूपमा नाफा र नोक्सानको विवरणमा पहिचान हुने भएकाले यस्ता शुल्कहरू परिशोधित हुँदैनन् ।

**नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको ब्याज आम्दानीमा निम्न तत्वहरु समावेश छन् :**

- क्षतिग्रस्त ऋण तथा सापट बाहेकका वित्तीय सम्पत्तिहरुको व्याज परिशोधित लागतमा प्रभावकारी ब्याजदर प्रयोग गरि मापन गरिएको ब्याज आम्दानी । यी वित्तीय सम्पत्तिहरूमा नेफ्स्कुन, राष्ट्रिय सहकारी बैंक र जिल्ला सहकारी संघ धितोपत्रहरूमा लगानीहरु समावेश छन् ।
- सहकारीले कुनै वित्तीय सम्पत्ति आंशिक वा पूर्ण रूपमा बदर नगरिएको अवस्थामा ती सम्पत्तिको कुल वहन मूल्यमा प्रभावकारी ब्याज दर प्रयोग गरेको छ ।
- उचित मूल्यमा मापन गरिएको लगानी धितोपत्रको ब्याज गणना प्रभावकारी ब्याजदरमा गरिन्छ ।
- सबै व्यापारिक सम्पत्तिहरूको ब्याज आम्दानीलाई खुद व्यापारिक आम्दानीमा व्यापारिक सम्पत्ति र दायित्वहरूको उचित मूल्यमा अन्य सबै परिवर्तनहरूसँग प्रस्तुत गरिन्छ ।
- हालसम्म सक्रिय ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानी बाधिएको छ ।

## शुल्क र कमिशनको आम्दानी

सेवा प्रदान गरिसकेपछि शुल्क र कमिसनहरू सामान्यतया प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

## लाभांश आम्दानी

इक्विटी शेयरबाट प्राप्त लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने अधिकार स्थापित भएपछि लेखाङ्कन गरिन्छ ।

## खुद व्यापारिक आम्दानी

'व्यापारको लागि राखिएको' सम्पत्तिबाट उचित मूल्यको परिवर्तनबाट हुने सबै लाभ र नोक्सान, सम्बन्धित पूँजीगत लाभ/नोक्सान र लाभांश व्यापारिक आयमा समावेश गरिन्छ । व्यापारिक आयबाट व्यापारिक खर्च घटाइन्छ र खुद रकम नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ ।

## अनुदान आय

सहकारी संस्थाले खर्च बेहोर्ने उद्देश्यले प्राप्त आयसँग सम्बन्धित अनुदान खर्च पहिचान गर्ने अवधिमा व्यवस्थित आधारमा नाफा वा नोक्सान विवरणमा पहिचान गर्दछ । सम्पत्तिसँग सम्बन्धित अनुदानहरूलाई स्थगित अनुदान आयको रूपमा लेखाङ्कन गरिन्छ । स्थगित अनुदान आयलाई सम्पत्तिको उपयोगी जीवनमा सम्बन्धित सम्पत्तिमा लगाइएको मूल्यह्रासको अनुपातमा नाफा वा नोक्सान विवरणमा परिशोधन गरिन्छ ।

Ram Hari & Associates Chartered Accountants Siddharthanagar-8, Rupandehi

## २.१८ ब्याज खर्च

- निक्षेप लगायत परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरि नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ।
- नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिएका सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई खर्च हुन साथ लेखाङ्कन गरिन्छ।

## २.१९ कर्मचारी लाभहरू

### अल्पकालीन कर्मचारी लाभ

सहकारी संस्थाको छोटो अवधिको कर्मचारी लाभहरूमा मुख्यतया प्रचलित कानून अन्तर्गत प्रदान गरिएको ज्याला, तलब, भत्ता, बोनस र अन्य कर्मचारी सम्बन्धित खर्चहरू समावेश छन्। छोटो अवधिको कर्मचारी लाभहरू छुट बिनाको आधारमा (undiscounted) मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गर्दा नाफा वा नोक्सानको विवरणमा देखाइन्छ।

### पारिश्रमिक सहितका अल्पकालीन बिदाहरू

सहकारी संस्थाले कर्मचारीहरूलाई देहाय अनुसारको बिदा सुविधा प्रदान गरेको छ।

**संचित हुने बिदाहरु :**

घर बिदा १८ दिन र बिरामी बिदा १२ दिन

**संचित नहुने बिदाहरु :**

भैपरि बिदा ६ दिन, बिवाह बिदा ७ दिन, सुत्केरी बिदा ६० दिन, सुत्केरी स्याहार बिदा ७ दिन र क्रिया बिदा १५ दिन

### रोजगारी पछिका कर्मचारी लाभहरू

### परिभाषित योगदान योजनाहरू (Defined contribution plans)

रोजगारी पछिको लाभ योजना भनेको परिभाषित योगदान योजना हो जस अन्तर्गत सहकारीले छुट्टै संस्थालाई निश्चित योगदान तिर्दछ र भविष्यमा रकम तिर्न कुनै कानुनी वा परोक्ष दायित्व राख्दैन। संस्थाले परिभाषित योगदान योजनाहरूमा तिरेको योगदानलाई खर्चको रुपमा नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गर्दछ।

### सामाजिक सुरक्षा कोष योगदान

सामाजिक सुरक्षा कोष भनेको सहकारी संस्थाले छनोट गरेको परिभाषित योगदान योजना हो। श्रम ऐन, २०७४ को अनुपालनमा, सहकारीले सबै कर्मचारीहरूको आधारभूत तलब र ग्रेड रकमको २०% कोषमा योगदान गर्दछ र ११% कर्मचारीहरूको तलबबाट कटौती गरि जम्मा ३१% सामाजिक सुरक्षा कोषमा जम्मा गरिन्छ जुन सरकारद्वारा सञ्चालित कोष हो। सहकारी संस्थाको यी योजनाहरू अन्तर्गत आवधिक योगदानको दायित्व बाहेक अरू कुनै दायित्व छैन।

Ram Hari & Associates Chartered Accountants Siddharthanagar-8, Rupandehi

## परिभाषित लाभ योजनाहरू (Defined benefit plans)

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेक रोजगारी पछिको लाभ योजना हो। परिभाषित लाभ योजनाहरूको सन्दर्भमा सहकारी संस्थाको खुद दायित्व प्रत्येक योजनाको लागि कर्मचारीहरूले हाल र अघिल्लो अवधिमा आफ्नो सेवाको बदलामा कमाएको भविष्यको लाभको रकम अनुमान गरेर छुट्टाछुट्टै गणना गरिन्छ। त्यो लाभलाई यसको वर्तमान मूल्यमा निर्धारण गरिन्छ। कुनै पनि विगतको पहिचान नगरिएको सेवा लागत र कुनै पनि योजना सम्पत्तिको उचित मूल्य कटौती गरिन्छ। वर्तमान मुल्यमा गणना गर्नको लागि छुट दर (discounting rate)को प्रयोग गरिन्छ र छुट दर भनेको कर्पोरेट बन्डहरूमा हुने व्याजको लाभ हो जसको परिपक्वता मिति सहकारी संस्थाको दायित्वको सर्तहरू सँग लगभग नजिक हुन्छन् र उक्त व्याज परिभाषित लाभ योजना भुक्तानी हुने मुद्रामा मूल्याङ्कन गरिन्छ। परिभाषित लाभ दायित्वलाई प्रक्षेपित एकाइ क्रेडिट (projected unit credit) विधि प्रयोग गरेर योग्य बीमांकीयको रिपोर्टको आधारमा पहिचान गरिन्छ। सहकारी संस्थाले Other Comprehensive Income (OCI) मा तुरुन्तै परिभाषित लाभ योजनाहरूबाट उत्पन्न हुने सबै बीमांकीय लाभ र नोक्सानलाई पहिचान गर्दछ र सम्बन्धित सबै खर्चहरू नाफा र नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ। जब गणनाले समूहको लागि सम्भावित सम्पत्तिमा परिणाम दिन्छ,पहिचान गरिएका सम्पत्तिहरू योजनाबाट भविष्यमा हुने कुनै पनि फिर्ता वा योजनामा भविष्यमा हुने योगदानमा कटौतीको रूपमा उपलब्ध आर्थिक लाभहरूको वर्तमान मूल्यमा सीमित हुन्छन्। आर्थिक लाभहरूको वर्तमान मूल्य गणना गर्दा लागू हुने न्यूनतम लगानी आवश्यकताहरूलाई विचार गरिन्छ।

खुद परिभाषित लाभ दायित्वको मापनमा बीमांकीय लाभ र नोक्सान समावेश भएको छ। योजना सम्पत्तिमा (Plan Assets) प्रतिफल (ब्याज आय बाहेक) र सम्पत्ति सीमाको प्रभाव (यदि ब्याज बाहेक कुनै छ भने) OCI मा तुरुन्तै पहिचान गरिन्छ। सहकारीले वार्षिक अवधिको सुरुमा परिभाषित लाभ दायित्व मापन गर्न प्रयोग गरिएको छुट दर तत्कालीन खुद परिभाषित लाभ दायित्व (सम्पत्ति) मा लागू गरेर अवधिको लागि खुद परिभाषित दायित्व ( सम्पत्ति) मा खुद ब्याज खर्च (आय) निर्धारण गर्दछ, योगदान र लाभ भुक्तानीको परिणामस्वरूप अवधिमा खुद परिभाषित लाभ दायित्व (सम्पत्ति) मा भएको कुनै पनि परिवर्तनलाई ध्यानमा राख्दै खुद ब्याज खर्च र परिभाषित लाभ योजनाहरूसँग सम्बन्धित अन्य खर्चहरूलाई नाफा र नोक्सान विवरणमा कर्मचारी खर्चको रूपमा पहिचान गरिन्छ।

## अन्य दीर्घकालीन कर्मचारी लाभहरू

अन्य दीर्घकालीन कर्मचारी लाभहरू भनेको छोटो अवधि, सेवानिवृत्ति पछि वा समाप्ति लाभको रूपमा वर्गीकृत गरिएका बाहेक कर्मचारी लाभहरू हुन्। यस्ता लाभहरूको सम्बन्धमा सहकारीले खुद दायित्व प्रत्येक योजनाको लागि छुट्टाछुट्टै गणना गर्दछ। चालू र अघिल्लो अवधिमा कर्मचारीहरूलाई उनीहरूको सेवाको बदलामा प्राप्त हुने भविष्यका लाभहरूको रकम अनुमान गरेर त्यो लाभलाई वर्तमान मूल्यमा निर्धारण गरिन्छ। कुनै पनि पहिचान नगरिएको विगतको सेवा लागत र कुनै पनि योजना सम्पत्तिको उचित मूल्य कटौती गरिन्छ। छुट दर भनेको कर्पोरेट बन्डहरूमा हुने व्याजको लाभ हो जसको परिपक्वता मिति सहकारीको दायित्वको शर्तहरूसँग लगभग नजिक हुन्छन् र उक्त व्याज परिभाषित लाभ योजना भुक्तानी हुने मुद्रामा मूल्याङ्कन गरिन्छ। प्रक्षेपित एकाइ क्रेडिट विधि प्रयोग गरी योग्य बीमांकीयको प्रतिवेदनको आधारमा दायित्वलाई मान्यता दिइन्छ। सहकारीले नाफा वा

Ram Hari & Associates
Chartered Accountants
Siddharthanagar-8, Rupandehi

नोक्सानको विवरणमा अन्य दीर्घकालीन कर्मचारी लाभहरूको पुनः मापनमा बीमांकीय लाभ/नोक्सान सहित सबै खर्चहरूलाई लेखाङ्कन गर्दछ।

### २.२० पट्टाहरू

कुनै करारले प्रतिफल प्राप्त हुने गरी निश्चित अवधिको लागि सम्पत्तिको प्रयोगमा नियन्त्रण गर्ने अधिकार प्रदान गरेमा त्यस्तो करार पट्टा हुन्छ। करार लागु हुने मितिमा सहकारीले सम्पत्तिको प्रयोगको अधिकार (Right-of-use asset) र पट्टा दायित्व (Lease liability) को पहिचान गर्दछ। त्यस्तो सम्पत्तिको प्रयोगको अधिकारको मापन लागतमा गरिन्छ भने बहाल दायित्वको मापन भविष्यमा हुने बहाल अन्तर्गतका भुक्तानीहरुलाई डिस्काउन्टिङ गरिन्छ।

श्रावण १, २०८० देखि NFRS 16 "Leases" अनुसार पट्टा दायित्व (Lease liability) लाई भविष्यमा हुने पट्टा अन्तर्गतका भुक्तानीहरुको डिस्काउन्टिङ गरी वर्तमान मूल्यमा लेखाङ्कन गरिएको छ। सो अनुरुप गत बर्षका मूल्यहरु पनि समायोजन गरिएको छ।

नाफा वा नोक्सानको विवरणमा गत बर्ष संचालन पट्टा खर्चलाई अन्य संचालन खर्चको रुपमा लेखाङ्कन गरिएकोमा यस बर्ष सम्पत्तिको प्रयोगको अधिकारको ह्रास खर्च र पट्टा दायित्वको ब्याज खर्चको रुपमा लेखाङ्कन गरिएको छ। पट्टा दायित्वको मूल्याङ्कन गर्न वृद्धिशील ऋण दरको निमित्त १० प्रतिशतको दर लिइएको छ।

पट्टा दायित्वको मापनमा समावेश गरिएको पट्टा भुक्तानीहरू समावेश छन् :

- निश्चित पट्टा भुक्तानीहरू (कागजतामा निश्चित भुक्तानीहरू सहित), प्राप्त गर्न सकिने कुनै पनि पट्टा प्रोत्साहनहरू बाहेक;
- सुरुवात मितिमा सूचकांक वा दर प्रयोग गरेर मापन गरिएको, सूचकांक वा दरमा निर्भर परिवर्तनशील पट्टा भुक्तानीहरू,
- अवशिष्ट (Residual) मूल्य ग्यारेन्टी अन्तर्गत पट्टा लिने व्यक्तिले भुक्तानी गर्नुपर्ने अपेक्षा गरिएको रकम,
- यदि भाडामा लिने व्यक्तिले विकल्प प्रयोग गर्ने कुरा वास्तविक रूपमा निश्चित छ भने, खरिद विकल्पहरूको मूल्य र
- यदि पट्टा अवधिले पट्टा समाप्त गर्ने विकल्पको अभ्यासलाई प्रतिबिम्बित गर्दछ भने, पट्टा समाप्त गरेबापत जरिवानाको भुक्तानी।
- पछि पट्टा दायित्व मा ब्याज प्रतिबिम्बित गर्ने रकम बढाएर (प्रभावकारी ब्याज विधि प्रयोग गरेर) र पट्टा भुक्तानी प्रतिबिम्बित गर्ने रकम घटाएर पट्टा दायित्व मापन गरिन्छ।
- सहकारी संस्थाले पट्टा दायित्वको पुनः मापन गर्छ (र सम्बन्धित प्रयोगको अधिकार सम्पत्तिमा सम्बन्धित समायोजन गर्छ) जबः
- भाडा अवधि परिवर्तन भएको छ वा खरिद विकल्पको अभ्यासको मूल्याङ्कनमा परिवर्तन भएको कुनै महत्वपूर्ण घटना वा परिस्थितिमा परिवर्तन भएको छ, यस्तो अवस्थामा संशोधित छुट दर प्रयोग गरेर संशोधित भाडा भुक्तानीहरूमा छुट दिएर भाडा दायित्व पुनः मापन गरिन्छ।
- सूचकांक वा दरमा परिवर्तन वा ग्यारेन्टी गरिएको अवशिष्ट मूल्य अन्तर्गत अपेक्षित भुक्तानीमा परिवर्तनको कारणले गर्दा पट्टा भुक्तानीहरू परिवर्तन हुन्छन्, जसमा अपरिवर्तित छुट दर प्रयोग गरेर संशोधित पट्टा

Ram Hari & Associates
Chartered Accountants
Siddharthanagar-8, Rupandehi

भुक्तानीहरूमा छुट दिएर पट्टा दायित्व पुनः मापन गरिन्छ (तर जब पट्टा भुक्तानी परिवर्तन फ्लोटिंग ब्याज दरमा परिवर्तनको कारणले हुन्छ, जुन अवस्थामा संशोधित छुट दर प्रयोग गरिन्छ) ।

- पट्टा सम्झौता परिमार्जन गरिन्छ र पट्टा परिमार्जनलाई छुट्टै पट्टाको रूपमा गणना गरिँदैन, यस्तो अवस्थामा पट्टा दायित्व परिमार्जनको प्रभावकारी मितिमा संशोधित छुट दर प्रयोग गरेर संशोधित पट्टा भुक्तानीहरूमा छुट दिएर परिमार्जित पट्टाको पट्टा अवधिको आधारमा पुनः मापन गरिन्छ।
- प्रयोगको अधिकार सम्पत्तिमा सम्बन्धित पट्टा दायित्वको प्रारम्भिक मापन, सुरु हुने दिनमा वा अगाडि गरिएको पट्टा भुक्तानी, प्राप्त कुनै पनि पट्टा प्रोत्साहन र कुनै पनि प्रारम्भिक प्रत्यक्ष लागतहरू समावेश छन् । तिनीहरूलाई पछि लागतमा संचित मूल्यह्रास र क्षयिकरण नोक्सानीमा घटाई मापन गरिन्छ।
- जब सहकारी संस्थाले भाडामा लिइएको सम्पत्ति भत्काउन र हटाउन, यो अवस्थित साइटलाई पुनर्स्थापित गर्न वा भाडाको सर्तहरू र नियमहरू द्वारा आवश्यक अवस्थामा अन्तर्निहित सम्पत्तिलाई पुनर्स्थापित गर्न लागतको लागि दायित्व वहन गर्दछ, NAS 37 अन्तर्गत एक प्रावधान पहिचान गरिन्छ र मापन गरिन्छ। लागतहरू प्रयोगको अधिकार सम्पत्तिसँग सम्बन्धित हदसम्म, लागतहरू सम्बन्धित प्रयोगको अधिकार सम्पत्तिमा समावेश गरिन्छ, जबसम्म ती लागतहरू वस्तु उत्पादन गर्न खर्च गरिएको हुँदैन।

## २.२१ शेयर पूँजी र कोषहरू

### शेयर पूँजी

नगद र अन्य वित्तीय सम्पत्तिहरू स्थानान्तरण गर्ने वा उपलब्ध संख्यामा आफ्नै इक्विटी उपकरणहरू जारी गर्ने कुनै सम्झौता दायित्व नभएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ । NAS 32 वित्तीय उपकरणहरू-प्रस्तुतिको (NAS-32-Financial Instrument Presentation) अनुच्छेद 16A र 16B द्वारा निर्दिष्ट मापदण्ड पूरा गर्ने puttable instrument उपकरणहरूलाई पनि इक्विटीको रूपमा वर्गीकृत गरिन्छ। नयाँ शेयर जारी गर्न प्रत्यक्ष रूपमा भएको लागतहरू इक्विटीमा कटौतीको रूपमा देखाइन्छ।

इक्विटीको रूपमा वर्गीकृत साधारण शेयरहरूमा घोषणा गरिएको लाभांशलाई सोहि अवधिमा इक्विटीमा पहिचान गरिन्छ।

### वैधानिक कोषहरू

यस कोषमा कानूनद्वारा कायम रकम समावेश हुन्छ।

### साधारण जगेडा कोष

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार, आर्थिक वर्षको खुद नाफाको कम्तीमा २५% साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ। स्थिर सम्पत्तिको बिक्रीबाट प्राप्त हुने नाफा र सम्पत्तिसँग सम्बन्धित अनुदानमा परिशोधित स्थगित आम्दानी पनि यस कोषमा स्थानान्तरण गरिन्छ।

### संरक्षित पूँजी फिर्ता कोष

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार, साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको २५% संरक्षित पूँजी फिर्ता कोषमा स्थानान्तरण गरिएको छ।

Ram Hari & Associates Chartered Accountants Siddharthanagar-8, Rupandehi

### सहकारी प्रवर्द्धन कोष

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार, साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको ०.५% सहकारी प्रवर्द्धन कोषमा स्थानान्तरण गरिएको छ। यो कोष भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागद्वारा व्यवस्थापन गरिएको छ।

### अन्य कोषहरू

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार, संस्थाको कानून, नियमावली र उपनियम बमोजिम सञ्चालक समितिको निर्णय अनुसार साधारण जगेडा कोष, संरक्षण पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा विनियोजन पछि बाँकी नाफाको रकम देहाय बमोजिम विनियोजन गरिएको छ।

| विवरण | बाँडफाड |
|---|---|
| शेयर लाभांश कोष | ७० % |
| सहकारी विकास कोष | ५ % |
| सहकारी शिक्षा कोष | ५ % |
| घाटा पुर्ति कोष | ५ % |
| सामुदायिक विकास कोष | ५ % |
| स्थिरीकरण कोष | ५ % |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ % |
| **जम्मा** | **१०० %** |

## २.२२ प्रति शेयर आम्दानी (EPS)

सहकारी संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत (BEPS) र diluted प्रति शेयर आम्दानी (DEPS) तथ्याङ्क प्रस्तुत गर्दछ। आधारभूत EPS सहकारीको साधारण इक्विटी होल्डरहरूलाई हुने नाफा र नोक्सानलाई अवधिभर बाँकी रहेको साधारण शेयरको भारित औसत संख्याले भाग गरेर गणना गरिन्छ। Diluted EPS सबै सम्भावित dilutive साधारण शेयरहरूको प्रभावको लागि साधारण इक्विटी होल्डरहरूलाई हुने नाफा र नोक्सान र बाँकी रहेको साधारण शेयरको भारित औसत संख्या दुवै समायोजन गरेर निर्धारण गरिन्छ।

## ५. खुलासा र थप जानकारी

### ५.१ जोखिम व्यवस्थापन

सहकारी संस्थाको व्यवसायीक क्रियाकलापमा जोखिम निहित रहेको हुन्छ। विशेष गरी, सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ। ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोबारमा लगनशीलता र हेरचाह आवश्यक पर्दछ। यस प्रकारको वित्तीय सेवा पनि बढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम बनाएर वित्तीय सेवाहरू प्रदान गर्नुपर्छ। त्यसैले, सहकारी संस्थाले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान

Ram Hari & Associates Chartered Accountants Siddharthanagar-8, Rupandehi

गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्बन्धित जोखिमहरू समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्, कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम र तरलता जोखिम पहिचान गर्ने, नियन्त्रण र व्यवस्थापन गर्न लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ । लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसमा उच्च व्यवस्थापन र संचालक समितिको ध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरू छलफल गरि उपयुक्त भएमा निर्देशन जारी गर्दछ ।

## लेखा सुपरिवेक्षण समितिः

वार्षिक साधारण सभाद्वारा नियुक्त लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति हो, जसले जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखापरीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ । समितिले सहकारी संस्थाले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा, र निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ । यसले अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय तथ्याङ्कको समय-समयमा समीक्षा गर्दछ । यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ । समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्दछ । लेखा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरू छन् ।

| स.न. | नाम | पद |
|---|---|---|
| १ | भानुभक्त ढकाल | लेखा समिति संयोजक |
| २ | राजकुमार बि.क. | लेखा समिति सदस्य |
| ३ | अमृता ढकाल | लेखा समिति सदस्य |

## जोखिम सम्बन्धी सुशासन प्रणाली

सहकारी संस्थाले उद्यम स्तरमा संस्थामा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागू गर्दछ र नेतृत्वको मानसिकता, क्षमता अभिवृद्धि कार्यक्रमहरू, परिभाषित कार्य जिम्मेवारीहरू र नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ । सञ्चालन जोखिम र कर्जा जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि सञ्चालक समिति जिम्मेवार छ ।

सहकारी संस्थाको जोखिम सुशासन संरचना सहकारीको जोखिम दायरा भित्र कायम राख्ने गरि स्थापित गरिएको छ र यसको जिम्मेवारी बोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा दिइएको छ । सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण, र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ । सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता संचालक समिति, यस अन्तर्गतका समितिहरू, उच्च व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ ।

## तरलता जोखिम

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो । यो सामान्यतया सुरक्षण वा सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले उत्पन्न हुन्छ । सामान्य र तनावपूर्ण दुवै

Ram Hari & Associates
Chartered Accountants
Siddharthanagar-8, Rupandehi

परिस्थितिहरूमा नगद प्रवाहको समयमा बेमेलको परिणामस्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ । भुक्तानीको लागी तरल सम्पत्तिहरुको सहकारीलाई स्वीकार्य सर्तहरूमा आवश्यक कोष उपलब्ध नभएको अवस्थामा यस्ता परिस्थितिहरू उत्पन्न हुन सक्छन् । तरलताको अभावका कारण, संस्थाहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैन र बचत र अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न सक्दैनन् । त्यसैले, सहकारी संस्थाले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

## ब्याजदर जोखिम

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले ऋणपत्र वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो । सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछः

- ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ।
- सम्पत्ति र दायित्वको भुक्तानीको अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र नतिरेको ब्याज रकम समावेश गरिएको छ।

## कर्जा जोखिम

कर्जा जोखिम भनेको कुनै पनि ऋणीले स्वीकार गरेको सर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हो । कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो । ऋणीले ऋण लिँदा सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ । त्यसैले, जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ। लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, मानक ऋण वितरण मापदण्ड प्रक्रिया पालना गरिन्छ। ऋण स्वीकृत गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले, सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण स्वीकृत गर्नुपर्छ। जोखिम-मूल्याङ्कनको लागी देहायका प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छ।

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्ने
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- ऋण लिएको पछिल्ला महिनाहरूमा ऋणको उपयोगिताको निगरानी गर्ने र आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- धितोमा ऋणमा सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्ने र सुरक्षण व्यवस्था मिलाउने,
- सहकारी संस्थाको उपनियम बमोजिमको सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

Ram Hari & Associates
Chartered Accountants
Siddharthanagar-8, Rupandehi

## सञ्चालन जोखिम

सहकारी संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ। यस कार्यक्रमअन्तर्गत साना तर ठूलो संख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ। एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ। संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ। सबै कर्मचारीहरूले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ। तर कहिलेकाहीं कर्मचारीहरूको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर जाँदा संस्था जोखिममा पर्छ। यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको प्रतिष्ठा जोखिम बढ्ने सम्भावना हुन्छ। सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ। सञ्चालन जोखिम कम गर्न संस्थाले आवश्यक कार्यहरु अगाडी बढाएको देखिन्छ।

## बजार जोखिम

बजार जोखिम भनेको बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संस्थाको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो।

बजारको अवस्था तथा माग बुझेर सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू आयोजना गर्दछन् र सोहि अनुरुप माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन्। यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ।

## बजार विश्लेषणमा निम्न कुराहरू विचार गरिएको छः

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरूको बारेमा जानकारी
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
- यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीति नियमहरूमा परिवर्तनबाट हुने उतारचढावहरू
- अन्य संस्थाहरूले आफ्ना ग्राहकहरूलाई आकर्षित गर्न अपनाएका रणनीतिहरू
- सदस्यले छोड्ने/रहने दर

## संस्थागत वा रणनीतिक जोखिम

सहकारी संस्थाको विकास र प्रगतिको क्रममा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि संस्थाले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ। संस्थागत जोखिम र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो। यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरू विचार गरिएको छः

Ram Hari & Associates Chartered Accountants Siddharthanagar-8, Rupandehi

- चारवर्षे रणनीतिक व्यवसायिक योजना तयार गरेको छ,
- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,
- आफ्ना ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

## आन्तरिक नियन्त्रण जोखिम

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुऱ्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागू हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिबद्ध छ । सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ।

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ। लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ। संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा स्वतन्त्रता कायम राख्न संस्थाले चार्टर्ड एकाउन्टेन्ट्स फर्मलाई आन्तरिक लेखा परीक्षकको रूपमा नियुक्त गरेको छ। आन्तरिक लेखा परीक्षण विभागले आफ्नो व्यवसाय/इकाई लेखा परीक्षकको कार्यक्रम मार्फत नीति/मानकहरूको अनुपालन र संस्थाभित्र आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको निगरानी गर्दछ। जोखिम-आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिए अनुसार सबैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा आन्तरिक लेखा परीक्षकको कार्य केन्द्रित छ। आन्तरिक लेखा परीक्षकको प्रतिवेदनहरू त्रैमासिक रूपमा सञ्चालक समितिलाई पठाइन्छ। सबै लेखा परीक्षकहरूको निष्कर्ष तत्काल सुधारात्मक उपायहरू सुरु गर्न प्रमुख कार्यकारी अधिकृत र व्यवसाय प्रमुखहरूलाई रिपोर्ट गरिन्छ।

## अनुपालन जोखिम

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागि संस्था प्रतिबद्ध छ। यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ। दैनिक सञ्चालनमा तीन पंक्तिको सुरक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ। रक्षाको पहिलो पंक्ति सम्बन्धित सहकारी विभागहरू र एकाइहरूसँग छ, जो अनुपालन जोखिमहरू पहिचान गरिएको, बुझिएको र व्यवस्थापन र अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको कुरा सुनिश्चित गर्न जिम्मेवार छन् । रक्षाको दोस्रो पंक्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय गर्दछ । अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ। रक्षा पंक्ति अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारी संस्थालाई सहयोग गर्दछ।

Ram Hari & Associates
Chartered Accountants
Siddharthanagar-8, Rupandehi

## ५.२ वित्तीय सम्पत्ति र दायित्वहरूको उचित मूल्य

उचित मूल्य भनेको बजार-आधारित मापन हो, कुनै संस्था-विशिष्ट मापन होइन । केही सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन वा बजार जानकारी उपलब्ध हुन सक्छ । अन्य सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन र बजार जानकारी उपलब्ध नहुन सक्छ । यद्यपि, दुवै अवस्थामा उचित मूल्य मापनको उद्देश्य एउटै हो - वर्तमान बजार अवस्थाहरू अन्तर्गत मापन मितिमा बजार सहभागीहरू बीच सम्पत्ति बेच्न वा दायित्व हस्तान्तरण गर्न व्यवस्थित लेनदेन हुने मूल्य अनुमान गर्नु हो । (अर्थात्, सम्पत्ति धारण गर्ने वा दायित्व तिर्नुपर्ने बजार सहभागीको दृष्टिकोणबाट मापन मितिमा निकास मूल्य) ।

तलको पदानुक्रम अनुसार उचित मूल्यहरू निर्धारण गरिन्छः

**स्तर १-**

स्तर १ इनपुटहरू सक्रिय बजारहरूमा सूचिकृत मूल्यहरू (समायोजित नगरिएका) हुन् जुन समान सम्पत्ति वा दायित्वहरूको लागि मापन मितिमा संस्थाले पहुँच गर्न सक्छ । व्यापारको लागि राखिएको र बिक्रीको लागि उपलब्ध लगानीहरू स्तर १ इनपुटहरू प्रयोग गरेर रेकर्ड गरिएको छ ।

**स्तर २-**

स्तर २ इनपुटहरू स्तर १ भित्र समावेश गरिएका सूचिकृत मूल्यहरू बाहेकका इनपुटहरू हुन् जुन सम्पत्ति वा दायित्वको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अवलोकन गर्न सकिन्छ ।

**स्तर ३-**

स्तर ३ इनपुटहरू सम्पत्ति वा दायित्वको लागि अवलोकन गर्न नसकिने इनपुटहरू हुन् ।

तलको तालिकाले उचित मूल्य पदानुक्रमको स्तर अनुसार उचित मूल्यमा रेकर्ड गरिएका वित्तीय उपकरणहरूको विश्लेषण देखाउँछः

| | ३२ आषाढ २०८२ | | | ३१ आषाढ २०८१ | | |
|---|---|---|---|---|---|---|
| **विवरण** | **स्तर १** | **स्तर २** | **स्तर ३** | **स्तर १** | **स्तर २** | **स्तर ३** |
| सम्पत्ति तथा उपकरण-जग्गा | | ३,८०,४२,६०६.२० | | | ३,४५,८८,९१६.५४ | |
| लगानी धितोपत्रहरू | | | ९७,६३,५००.०० | | | ९०,५३,६००.०० |
| कर्मचारीहरूलाई ऋण | | | १,०६,४२,०९०.०० | | | ८९,१२,८६३.०० |
| **जम्मा** | ०.०० | ३,८०,४२,६०६.२० | २,०४,०५,५९०.०० | ०.०० | ३,४५,८८,९१६.५४ | १,७९,६६,४६३.०० |

Ram Hari & Associates
Chartered Accountants
Siddharthanagar-8, Rupandehi

## ५.३ सम्बन्धित पक्षको खुलासा

### संचालक र प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापकीय कर्मचारीहरूको सूची

सञ्चालक समितिका सदस्यहरू, लेखा सुपरिवेक्षण समिति र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई संस्थाको सम्बद्ध पक्षको रूपमा पहिचान गरिएको छ।

नेपाल लेखामान (NAS 24) अनुसार निम्न पक्षहरूलाई सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ :

| क्र.स | नाम | पद | निर्वाचित/नियुक्तिको मिति | अवकाश मिति |
|---|---|---|---|---|
| १ | रविन्द्र विक्रम हमाल | अध्यक्ष | २०८०/०५/१० | २०८४/०५/०९ |
| २ | लक्ष्मण प्रसाद ज्ञवाली | उपाध्यक्ष | २०८०/०५/१० | २०८४/०५/०९ |
| ३ | राधा ढकाल | सचिव | २०८०/०५/१० | २०८४/०५/०९ |
| ४ | कृष्ण प्रसाद गौतम | सह सचिव | २०८०/०५/१० | २०८४/०५/०९ |
| ५ | मुरलीकृष्ण खनाल | कोषाध्यक्ष | २०८०/०५/१० | २०८४/०५/०९ |
| ६ | बोध प्रसाद पाण्डे | सदस्य | २०८०/०५/१० | २०८४/०५/०९ |
| ७ | छविलाल तिमिल्सिना | सदस्य | २०८०/०५/१० | २०८४/०५/०९ |
| ८ | मारकण्डे चौधरी | सदस्य | २०८०/०५/१० | २०८४/०५/०९ |
| ९ | सोवीर पुन | सदस्य | २०८०/०५/१० | २०८४/०५/०९ |
| १० | कमला कंण्डेल | सदस्य | २०८०/०५/१० | २०८४/०५/०९ |
| ११ | बिमला अधिकारी | सदस्य | २०८०/०५/१० | २०८४/०५/०९ |
| १२ | बसन्ती कुमारी थापा | सदस्य | २०८०/०५/१० | २०८४/०५/०९ |
| १३ | सीता कुमारी बस्याल | सदस्य | २०८०/०५/१० | २०८४/०५/०९ |
| १४ | भानुभक्त ढकाल | ले.सु.स.संयोजक | २०८०/०५/१० | २०८४/०५/०९ |
| १५ | राजकुमार बि.क. | ले.सु.स. सदस्य | २०८०/०५/१० | २०८४/०५/०९ |
| १६ | अमृता ढकाल | ले.सु.स.सदस्य | २०८०/०५/१० | २०८४/०५/०९ |
| १७ | अनन्त पाण्डे | व्यवस्थापन प्रमुख | २०८२/०३/२३ | २०८६/०३/२२ |

Ram Hari & Associates
Chartered Accountants
Siddharthanagar-8, Rupandehi

## संचालकहरु र व्यवस्थापन कर्मचारीहरूसँगको कारोबार र भुक्तानी

सञ्चालक समितिको भत्ता र सुविधा

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| बैठक भत्ता | १,२८,०००.०० | १,७२,०००.०० |
| सञ्चार र इन्धन सुविधाहरू | ०.०० | ०.०० |
| दुर्घटना बीमा प्रिमियम (बीमा गरिएको रकमः | १४,०००.०० | १४,०००.०० |
| **कुल** | **१,४२,०००.००** | **१,८६,०००.००** |
| ऋण, पेश्की र अन्य प्राप्त योग्य/भुक्तानीयोग्य रकमहरू | - | - |
| प्राप्तिहरू रद्द गरिएको | - | - |

## व्यवस्थापन प्रमुखको पारिश्रमिक र सुविधाहरू

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| आधारभूत तलब | ६,८४,०००.०० | ६,८४,०००.०० |
| ग्रेड | ६८,४००.०० | ४५,६००.०० |
| भत्ताहरू | ६०,०००.०० | ६०,०००.०० |
| सञ्चय कोष र सामाजिक सुरक्षा कोष योगदान | १,५०,४८०.०० | १,४५,९२०.०० |
| चाँडपर्व खर्च | ६७,७००.०० | ६५,८००.०० |
| उपचार खर्च | ०.०० | ०.०० |
| संचित बिदा भुक्तानीहरू | ४८,०७०.०० | ३४,५५९.०० |
| पोशाक भत्ता | १०,०००.०० | १०,०००.०० |
| जीवन बीमा प्रिमियम | नभएको। | नभएको। |
| सवारी साधन सुविधा | नभएको। | नभएको। |
| आवास सुविधा | नभएको। | नभएको। |
| **कुल** | **१०,८८,६५०.००** | **१०,४५,८७९.००** |

माथिका अतिरिक्त बाहेक, सहकारीले सहकारीको आर्थिक प्रशासन नीति अनुसार भ्रमण भत्ता जस्ता अन्य सुविधाहरू पनि प्रदान गर्दछ।

## ५.४ खण्ड विश्लेषण (Segment Analysis)

सहकारी संस्थाको सञ्चालन केन्द्रीय रूपमा प्रधान कार्यालयबाट नै हुने गर्दछ। सबै रणनीतिक, वित्तीय र सञ्चालन नीतिहरू र सञ्चालनहरू प्रधान कार्यालयबाट नियन्त्रित र निर्देशित हुन्छन्। यद्यपि यसको एकल क्षेत्राधिकार छ। सहकारीको व्यवस्थापनको लागि सहायक समर्थन सेवाहरू द्वारा समर्थित विभिन्न प्रकारका सञ्चालनहरूमा आधारित छ।

Ram Hari & Associates Chartered Accountants Siddharthanagar-8, Rupandehi

**सहकारीले निम्न खण्डहरूलाई प्रतिवेदन योग्य ठानेको छ :**

**क.** बचत र निक्षेप खण्डमा निक्षेप सङ्कलन र कर्जा सम्बन्धित गतिविधिहरू जस्ता कार्यहरू समावेश छन् ।

**ख.** कृषि खण्डमा रासायनिक मल, बाली र बिरुवाहरूको लागि बीउ वितरण सम्बन्धित गतिविधिहरू समावेश छैन् ।

**ग.** व्यापार खण्डमा खाना पकाउने ग्याँस र मौसमी कृषि उत्पादनहरू जस्ता सामानहरूको लागि उचित मूल्य पसलहरू सञ्चालन गर्ने समावेश छैन ।

**घ.** सहकारी संस्थाभित्र कुनै अन्तर-इकाई लागत हस्तान्तरण गर्ने प्रवधान छैन ।

**५.५ मर्जर र प्राप्ति**

सहकारी संस्थाले मर्जर वा प्राप्तिको लागि कुनै सम्झौता गरेको छैन ।

**५.६ गैर-समावेशित संस्थाहरूको थप खुलासा**

सहकारी संस्थाको कुनै सहायक र सहयोगी कम्पनीहरू छैनन् । त्यसैले, थप खुलासा आवश्यक छैन ।

**५.७ रिपोर्टिङ मिति पछिका घटनाहरू**

NAS10 “रिपोर्टिङ अवधि पछि हुने घटनाहरू“ अनुसार समायोजन आवश्यक पर्ने कुनै पनि घटनाहरू रिपोर्टिङ अवधि पछि घटेका छैनन् ।

Ram Hari & Associates
Chartered Accountants
Siddharthanagar-8, Rupandehi

## के तपाईले यस संस्थामा सदस्य भएकोमा गौरव मान्नु भएको छ ? त्यसो भए ........

- ➥ तपाईको मासिक बचत छुटिरहेको छ कि ?
- ➥ तपाईले लिनुभएको ऋणको किस्ता नाध्न आँट्यो कि ?
- ➥ तपाईले संस्थामा दिनुपर्ने कागजातहरू छुटिरहेको छ कि ?
- ➥ तपाईको सदस्यता पहिचान फारम भर्न छुटिरहेको छ कि ?
- ➥ तपाईले जमानी बस्नु भएको सदस्यको ऋणको भाखा र किस्ता नाध्न लागेको छ कि?
- ➥ तपाईले लिनुभएको ऋणको किस्ता र ब्याज बुझाउन छुटेको छ कि ?
- ➥ तपाईको बचत र शेयरको अनुपात मिलेको छैन कि ?
- ➥ तपाईलाई संस्थाले आमन्त्रण गरेको कार्यक्रममा उपस्थित हुन छुटिरहनु भएको छ कि?
- ➥ तपाई संस्थामा नियमित रूपमा आउन नभ्याई रहनु भएको छ कि ?
- ➥ कुनै सञ्चालक वा शेयर सदस्यज्यूहरूबाट संस्थालाई हानी नोक्सानी पुऱ्याउने काम भईरहेको छ कि ?
- ➥ तपाईले संस्थाको बुझ्नुपर्ने यथार्थ कुराहरू नबुझी कतै गलत आरोप लगाई रहनु भएको छ कि ?
- ➥ तपाई आफ्नो कर्तव्यलाई पछि पारेर अधिकारलाई अघि सारिरहनु भएको छ कि?
- ➥ संस्थाबाट तपाईको काममा ढिलासुस्ति भइरहेको छ कि ?
- ➥ संस्था कसरी चल्दैछ जानकारी राख्न बिर्सनु भएको छ कि ?
- ➥ तपाईले यस संस्थामा कतै राजनीति र विकृति भइरहेको देख्नु भएको छ कि ?
- ➥ तसर्थ संस्थालाई अझ व्यवस्थित रुपमा सञ्चालन गर्न लिखित वा मौखिक, गोप्य वा प्रत्यक्ष सुझाव दिन नभुल्नु होला !

## सुझाव दिने व्यवस्था

१) सुटुक्क वा प्रत्यक्ष कार्यालयमा राखिएको सुझाव पेटिका मार्फत सुझाव दिन सक्नुहुन्छ ।
२) उपयुक्त लागेको सुझाव कार्यालयमा राखिएको रजिष्टरमा लेखेर पनि दिन सक्नुहुन्छ ।
३) कार्यालयमा वा सञ्चालकहरूको फोन मा समेत सुझाव दिन सक्नुहुन्छ ।
४) वेवसाईटमा पनि सुझाव र गुनासो राख्न सक्नुहुन्छ ।

## संस्था सञ्चालनका मौजुदा आन्तरिक कार्यविधिहरु

| नीतिहरु | | |
|---|---|---|
| १. सदस्यता नीति | २. शेयर नीति | ३. बचत नीति |
| ४. ऋण व्यवस्थापन नीति | ५. निर्वाचन नीति | ६. मानव संसाधन व्यवस्थापन नीति |
| ७. आर्थिक प्रशासन नीति | ८. लेखा नीति | ९. सुशासन नीति |
| १०. सदस्य राहत कोष सञ्चालन नीति | ११. गल्ती व्यवस्थापन नीति | १२. जोखिम व्यवस्थापन नीति |
| १३. बाह्य ऋण नीति | १४. सेवा केन्द्र व्यवस्थापन नीति | १५. सूचना प्रविधि नीति |
| १६. संगठन तथा सामान्य नीति | १७. कोष व्यवस्थापन नीति | १८. लघुवित्त नीति |
| १९. सम्पत्ति शुद्धिकरण निवारण आन्तरिक कार्यविधि | | २०. सदस्य सेवा निर्देशिका |

# तुलनात्मक अध्ययन

## नाफा नोक्सान विविरण

| विवरण | आ.व.०७७ /७८ | आ.व.०७८ /७९ | आ.व.०७९ /८० | आ.व.०८० /८१ | आ.व.०८१ /८२ |
|---|---|---|---|---|---|
| आम्दानी | | | | | |
| ब्याज आम्दानी | ६५,७५९,८७१.९२ | ८२,९७६,२१७.७४ | १०९,६८२,११४.२० | १२५,८१८,२१३.०५ | ११०,७८५,८६७.६८ |
| अन्य आम्दानी | ५,३०५,६२१.५४ | ५,१३२,०३२.२० | ५,६१७,८७४.४५ | ५,५७९,१४६.१६ | ६,९९३,०३३.४२ |
| **जम्मा आम्दानी** | **७१,०६५,४९३.४६** | **८८,१०८,२४९.९४** | **११५,२९९,९८८.६५** | **१३१,३९७,३५९.२१** | **११७,७७८,९०१.१०** |
| खर्च | | | | | |
| ब्याज खर्च | ३७,२४०,१०६.०० | ४७,३८४,६०१.८४ | ६९,३९२,५०७.८७ | ८२,१०३,३१६.०० | ६४,३९८,४२८.३६ |
| सञ्चालन खर्च | १३,७१९,७६१.५० | १६,३१२,६४३.३० | २०,९३५,३२५.०१ | २२,३६८,६१३.९५ | २२,६५४,८९८.४२ |
| मूल्य ह्रासकट्टी | २,०६२,१४१.४६ | २,२८५,०६५.९८ | २,४७६,६२१.९३ | २,५१६,१५३.७३ | २,६२६,९३२.६४ |
| जोखिम कोष | – | १,४६१,७९३.०० | ६,३५४,६००.७७ | २०,९८२,९९६.७२ | २२,८६२,६२९.५६ |
| **जम्मा आम्दानी** | **५३,०२२,००८.९६** | **६७,४४४,१०४.१२** | **९९,१५९,०५५.५८** | **१२७,९७१,०८०.४०** | **११२,५४२,८८८.९८** |
| **खुद बचत** | **१८,०४३,४८४.५०** | **२०,६६४,१४५.८२** | **१६,१४०,९३३.०७** | **३,४२६,२७८.८१** | **५,२३६,०१२.१२** |

## वासलात

| दायित्व विवरण | आ.व.०७७ /७८ | आ.व.०७८ /७९ | आ.व.०७९ /८० | आ.व.०८० /८१ | आ.व.०८१ /८२ |
|---|---|---|---|---|---|
| शेयर पूँजी | ७१,०३९,६००.०० | ८०,९२०,८००.०० | १०५,०९७,५००.०० | १०३,४३९,९००.०० | ८१,६०६,१००.०० |
| कोष हिसाब | ८१,००८,३२३.०९ | ९०,९१४,२७९.७१ | १२१,३४९,५५१.७९ | १३४,९४०,३२२.४३ | १०७,०६३,०४७.९८ |
| बचत हिसाब | ५५०,७३७,०९६.९२ | ६०५,७५०,२७४.७८ | ८५०,८०८,१२०.९४ | ९८७,८२८,९१३.२६ | ९७२,३९२,२३३.२५ |
| बाह्य ऋण | – | २६,१७८,१३२.३७ | – | – | – |
| भुक्तानी दिनुपर्ने | ६,७२५,७०५.२० | ६,१८७,८१२.७५ | ४,५३४,२०२.३२ | २,११६,५२१.०४ | ३,३००,४३७.२४ |
| **जम्मा** | **७०९,५१०,७२५.२१** | **८०९,९५१,२९९.६१** | **१,०८१,७८९,३७५.०५** | **१,२२८,३२५,६५६.७३** | **१,१६४,३६१,८१८.४७** |

| सम्पति विवरण | आ.व.०७७ /७८ | आ.व.०७८ /७९ | आ.व.०७९ /८० | आ.व.०८० /८१ | आ.व.०८१ /८२ |
|---|---|---|---|---|---|
| नगद हिसाब | २६९,७९४.९७ | ७०,६३२.०० | ३१,३५२.०० | ३८७,३९२.०० | १३८,१७२.०० |
| बैंक हिसाब | १३८,६८०,९९२.६४ | ११५,६३७,५५०.१९ | १७९,५४३,९१८.०१ | १७४,३०६,९९५.५३ | १०७,४४६,४१४.८६ |
| लगानी हिसाब | ५९,१८२,१५९.८२ | २९,२८७,१३१.७० | १०,१२३,६८६.६६ | १५५,५८८,७९४.६३ | २५९,७६३,५००.०० |
| ऋण लगानी हिसाब | ४७६,१२१,०४६.३४ | ६२९,३०७,१३९.२७ | ८४८,५४२,८९०.०८ | ८५५,९२३,४८०.५० | ७३३,१६८,८५९.६९ |
| अन्य सम्पति | ७,६७७,१३५.६६ | ७,३८६,८९९.६५ | ७,६१४,८१९.९८ | ७,१५८,६३५.४८ | २५,८०२,२६५.७२ |
| स्थिर सम्पति | २७,५७९,५९५.७८ | २८,२६१,९४६.८० | ३५,९३२,७०८.३२ | ३४,९६०,३५८.५९ | ३८,०४२,६०६.२० |
| **जम्मा** | **७०९,५१०,७२५.२१** | **८०९,९५१,२९९.६१** | **,०८१,७८९,३७५.०५** | **१,२२८,३२५,६५६.७३** | **१,१६४,३६१,८१८.४७** |

## सदस्य संख्या


१४०००
१२०००
१००००
८०००
६०००
४०००
२०००
०
२०७७/७८
२०७८/७९
२०७९/८०
२०८०/८१
२०८१/८२
पुरुष
महिला
संस्थागत
जम्मा


शेयर
१२०,०००,०००.००
१००,०००,०००.००
८०,०००,०००.००
६०,०००,०००.००
४०,०००,०००.००
२०,०००,०००.००
-
71,039,600.00
80,920,800.00
105,097,500.00
103,439,900.00
81,606,100.00
२०७७/७८
२०७८/७९
२०७९/८०
२०८०/८१
२०८१/८२


बचत
१,२००,०००,०००.००
१,०००,०००,०००.००
८००,०००,०००.००
६००,०००,०००.००
४००,०००,०००.००
२००,०००,०००.००
-
550,737,096.92
605,750,274.78
850,808,120.94
987,828,913.26
972,392,233.25
२०७७/७८
२०७८/७९
२०७९/८०
२०८०/८१
२०८१/८२


बाह्य ऋण
३०,०००,०००.००
२५,०००,०००.००
२०,०००,०००.००
१५,०००,०००.००
१०,०००,०००.००
५,०००,०००.००
-
26,178,132.37
-
-
-
-
२०७७/७८
२०७८/७९
२०७९/८०
२०८०/८१
२०८१/८२


स्थिर सम्पत्ति हिसाब
४०,०००,०००.००
३५,०००,०००.००
३०,०००,०००.००
२५,०००,०००.००
२०,०००,०००.००
१५,०००,०००.००
१०,०००,०००.००
५,०००,०००.००
-
27,579,595.78
28,261,946.80
35,932,708.32
34,960,358.59
38,042,606.20
२०७७/७८
२०७८/७९
२०७९/८०
२०८०/८१
२०८१/८२


ऋण लगानी हिसाब
९००,०००,०००.००
८००,०००,०००.००
७००,०००,०००.००
६००,०००,०००.००
५००,०००,०००.००
४००,०००,०००.००
३००,०००,०००.००
२००,०००,०००.००
१००,०००,०००.००
-
476,121,046.34
629,307,139.27
848,542,890.08
855,923,480.50
789,329,021.96
२०७७/७८
२०७८/७९
२०७९/८०
२०८०/८१
२०८१/८२


कुल पूँजी
१,४००,०००,०००.००
१,२००,०००,०००.००
१,०००,०००,०००.००
८००,०००,०००.००
६००,०००,०००.००
४००,०००,०००.००
२००,०००,०००.००
-
709,510,725.21
809,951,299.61
1,081,789,375.05
1,228,325,656.73
1,164,361,818.47
२०७७/७८
२०७८/७९
२०७९/८०
२०८०/८१
२०८१/८२


जम्मा आम्दानी
१४०,०००,०००.००
१२०,०००,०००.००
१००,०००,०००.००
८०,०००,०००.००
६०,०००,०००.००
४०,०००,०००.००
२०,०००,०००.००
-
71,065,493.46
88,108,249.94
115,299,988.65
131,397,359.21
117,834,401.10
२०७७/७८
२०७८/७९
२०७९/८०
२०८०/८१
२०८१/८२


जम्मा खर्च
१४००००००००
१२००००००००
१०००००००००
८०००००००
६०००००००
४०००००००
२०००००००
०
53022008.96
67,444,104.12
99,159,055.58
127971080.4
112542889
२०७७/७८
२०७८/७९
२०७९/८०
२०८०/८१
२०८१/८२


खुद नाफा
२५000000
२0000000
१५000000
१0000000
५000000
0
18043484.5
20,664,145.82
16,140,933.07
3426278.81
5153599.94
२०७७/७८
२०७८/७९
२०७९/८०
२०८०/८१
२०८१/८२


कोष हिसाब
१६0000000
१४0000000
१२0000000
१00000000
८0000000
६0000000
४0000000
२0000000
0
81008323.09
90,914,279.71
121,349,551.79
134940322.4
107063048
२०७७/७८
२०७८/७९
२०७९/८०
२०८०/८१
२०८१/८२

## सचेत महिला समूहहरू

| बर्दघाट नगरपालिका | | | |
|---|---|---|---|
| **वडा नं. १** | | **वडा नं. २ र ३** | |
| संयोजक | कमला न्यौपाने | संयोजक | शारदा पौडेल |
| सह संयोजक | पवित्रा कुमारी थारू | सह संयोजक | रिता अधिकारी |
| सदस्य | मनिषा सुवेदी | सदस्य | पूर्णकला भट्टराई |
| सदस्य | कमला के.सी | | |
| | | | |
| **वडा नं. ४** | | | |
| **धौलागिरी, उपहार नगर, बाढीपिडीत टोल** | | **शान्तिनगर र दिव्यनगर टोल** | |
| संयोजक | सिता कामु | संयोजक | राधा अर्याल |
| सह संयोजक | शान्ती हमाल | सह संयोजक | राधा बस्याल |
| सदस्य | विष्णु ढुङ्गाना | सदस्य | मनु शर्मा |
| सदस्य | रेखा कुमारी वि.क. | सदस्य | रेणुका खत्री |
| सदस्य | कमला रोक्का क्षेत्री | सदस्य | पार्वती भट्टराई |
| | | सदस्य | बुद्धि कुमारी बस्नेत |
| **बर्मेली टोल** | | **लक्ष्मीनगर टोल** | |
| संयोजक | गंगा सुवेदी आचार्य | संयोजक | बिना खनाल |
| सह संयोजक | शोभा सुवेदी | सह संयोजक | गिता भण्डारी |
| सदस्य | कमला पुरी | सदस्य | सुनिता पाण्डे |
| सदस्य | गिता पुरी | सदस्य | शान्ती ढुङ्गाना |
| सदस्य | सरिता पाठक | सदस्य | |

| वडा नं. ५ | | वडा नं. ६ | | वडा नं. ७ | |
|---|---|---|---|---|---|
| संयोजक | पुन्यवती शर्मा | संयोजक | मिना सापकोटा | संयोजक | रेखा अधिकारी |
| सह संयोजक | सपना ढकाल | सह संयोजक | बिना कुमारी चौधरी | सह संयोजक | हरिमाया भण्डारी |
| सदस्य | अञ्जु भट्टराई | सदस्य | कोपिला दाहाल | सदस्य | पार्वती जोशी |
| सदस्य | निशा राना | सदस्य | जन कुमारी चोखाल | सदस्य | जमुना रेग्मी |
| | | सदस्य | अनुपा देवी चौधरी | सदस्य | अम्बिका देवी थरूनी |
| | | सदस्य | यमकली कर्डेल | सदस्य | माया रेग्मी |

| वडा नं. ८ | | वडा नं. ९ | | वडा नं. १० | |
|---|---|---|---|---|---|
| संयोजक | राधिका गौतम चौधरी | संयोजक | याट कुमारी सुनार | संयोजक | कमला सुवेदी |
| | | सह संयोजक | मनमाया गुरूङ | सह संयोजक | टिका देवी गैरे |
| सह संयोजक | चित्रा के.सी. | सदस्य | इन्दिरा पौडेल | सदस्य | गोमा बस्याल |
| सदस्य | कविता पुरी | सदस्य | मन कुमारी सुनार | सदस्य | गिता सुवेदी |
| | | सदस्य | सरस्वती अधिकारी | सदस्य | प्रतिमा भट्टराई |

| वडा नं. ११ | | वडा नं. १२ र १३ | | वडा नं. १४ | |
|---|---|---|---|---|---|
| संयोजक | कालिका गौतम | संयोजक | चिमकला गैरे | संयोजक | मञ्जु पाण्डेय |
| सह संयोजक | खुमा पाण्डे | सह संयोजक | उमा काफ्ले | सह संयोजक | मन कुमारी ठकुरी |
| सदस्य | जुना पौडेल | सदस्य | प्रभा भट्टराई पाण्डे | सदस्य | बालिका तिवारी |
| | | सदस्य | कमला श्रेष्ठ | सदस्य | रेनुका देवी बस्याल |
| | | सदस्य | नेत कुमारी चौधरी | सदस्य | खेम कुमारी चौधरी |
| | | सदस्य | मिना कुमारी सेन | सदस्य | ललिता पाण्डे |
| | | सदस्य | श्यामकला खनाल | | |

| वडा नं. १५ | | वडा नं. १६ | |
|---|---|---|---|
| संयोजक | तुल्सा अधिकारी | संयोजक | सरस्वती कण्डेल |
| सह संयोजक | खिमा गुरूङ | सह संयोजक | गौरी विश्वकर्मा |
| सदस्य | विष्णु अधिकारी | सदस्य | गुमीसरा थापा |
| | | सदस्य | कल्पना कार्की |
| | | सदस्य | बुनु देवी सापकोटा |
| | | सदस्य | रिता देवी पौडेल |

| प्रतापपुर गाउँपालिका | | | | सुस्ता गाउँपालिका | |
|---|---|---|---|---|---|
| वडा नं. १ | | वडा नं. २ | | | |
| संयोजक | लक्ष्मी पाण्डे | संयोजक | भगवती कुमारी कार्की | संयोजक | मञ्जु देवी चौधरी |
| सह संयोजक | मीना सापकोटा | सह संयोजक | कविता कुमारी चौधरी | सह संयोजक | पदमा देवी बस्याल |
| सदस्य | यम कुमारी चौधरी | सदस्य | लक्ष्मी डुम्रे | सदस्य | फुलमाया आले |
| सदस्य | कल्पना चापागाई | सदस्य | सरस्वती भण्डारी | सदस्य | सबिना भुर्तेल |
| सदस्य | चित्रकला पन्थ | सदस्य | हेमकला चौधरी | सदस्य | राधिका भट्टराई |
| | | सदस्य | गंगा देवी चौधरी | | |



# हार्दिक श्रद्धाञ्जली

हाम्रा यस **ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.** का तपसिल अनुसारका शेयर सदस्यज्यूहरूको यस अवधिमा असामयिक एवम् अकल्पनिय निधन हुन गएकोमा दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

| | | | |
|---|---|---|---|
| **घिसियावन कहांर**<br>प्रतापपुर-१, गोपीगञ्ज | **गंगा देवि चौधरी**<br>प्रतापपुर-२ | **शुशान्त न्यौपाने**<br>प्रतापपुर-९ | **ठानेश्वर पाण्डे**<br>प्रतापपुर-२ |
| **डेगराज गुरूङ**<br>बर्दघाट-९, सुनताँडी | **इन्द्र प्रसाद सुवेदी**<br>बर्दघाट-१०, अमरदिप | **पार्वती कुमारी चौधरी**<br>सरावल-१, कार्कीटोल | **पदम बहादुर सुनार**<br>बर्दघाट-१३, धनेवा |
| **पवित्रा देवी नेपाली**<br>बर्दघाट-१२ | **दामोदर चौधरी**<br>बर्दघाट-१३, लेवडा | **चिजमाया सुनार**<br>बर्दघाट-१३, खोलापारी | **जित बहादुर पाइजा**<br>बर्दघाट-१३, धनेवा |
| **सरस्वती तिवारी**<br>बर्दघाट-१६, सूर्यनगर | **होम कुमारी गुरूङ्**<br>बर्दघाट-१६, सूर्यनगर | **होमनाथ उपाध्याय**<br>बर्दघाट-१ | **चिनकन दमाई**<br>बर्दघाट-१ |
| **पबित्रा सापकोटा**<br>बर्दघाट-६ | **कर्ण बहादुर बुढा मगर**<br>बर्दघाट-१४ | **होम नारायण थारू**<br>बर्दघाट-१ | **बाटुली देवी कामी**<br>बर्दघाट-४, शान्तीनगर |
| **ओमकला शाही**<br>बर्दघाट-४, बर्दघाट | **सिता घर्ती**<br>बर्दघाट-४, मर्चाघोला | **मदन वि.क.**<br>बर्दघाट-४, नवकालीका | **शान्ती थरूनी**<br>बर्दघाट-४, थारूगाँउ |
| **धनन्जय ज्ञवाली**<br>बर्दघाट-४, शिवालयटोल | | **शान्ती देवी परियार**<br>बर्दघाट-४, बर्दघाट | |

ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.
Gramin Balmiki Savings & Credit Cooperative Limited
GBSCCL

नोटः

GBSCCL

ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.
Gramin Balmiki Savings & Credit Cooperative Limited

# उधमीको साथी

## Gramin Balmiki Smart APP







### सामान लिस्ट गर्ने तरिका

१. मोबाइल एप Login गरीसकेपछी Menu मा गई My Products अप्सन छान्नुहोस्।
२. My Products अप्सन भित्र + Add Products अप्सनमा गई Products Add गर्नुहोस्।
३. तपाँइले Add गरेको Product संस्थाले स्विकृत गरिसकेपछी एपमा देखिनेछ।
४. यसरी Add गरेको Product सबै मोबाइल एप प्रयोगकर्ताको एपमा देखिनेछ र उक्त एपमा राखिएको फोन नम्बर मार्फत तपाँइलाई सिधै सम्पर्क गर्नेछन् ।

# हाम्रा सफलताहरू




SCAN HERE

GBSCCL
ग्रामीण
वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.
Gramin Balmiki Savings & Credit Cooperative Limited


**केन्द्रीय कार्यालय,** बर्दघाट-७, नवलपरासी (बसुप), फोन : ०७८-४११२७१
ईमेल : info@gbsccl.coop.np, वेभसाईट : www.gbsccl.coop.np

| | |
|---|---|
| वाल्मिकी सेवा केन्द्र | प्रतापपुर-२, नवलपरासी (ब.सु.प.), फोनः ०७८-४०००३९ |
| बर्दघाट सेवा केन्द्र | बर्दघाट-४, नवलपरासी (ब.सु.प.),फोन : ०७८-५८०२७१ |
| स्वर्णिम सेवा केन्द्र | बर्दघाट-९, नवलपरासी (ब.सु.प.), फोनः ०७८-४१२०४३ |
| उदय मिरमिरे सेवा केन्द्र | बर्दघाट-१३, नवलपरासी (ब.सु.प.) |
| दाउन्नेदेवी सेवा केन्द्र | बर्दघाट-१६, नवलपरासी (ब.सु.प.), फोनः ०७८-५९१२७१ |